सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

१७ माघ २०८२, शनिबार (31 Jan 2026, Saturday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २८२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

१,१४३ स्वतन्त्र उम्मेदवारका ८३ चुनाव चिह्न

दैनिकीसँग जोडिएका र प्रतीकात्मक चिह्नहरूले मतपत्र विविधतापूर्ण त बनेकै छ, साथै स्वतन्त्र उम्मेदवारहरूको फरक-फरक सोच, पहिचान र राजनीतिक आकांक्षा पनि रोचक ढंगले प्रस्तुत गरेको छ

■ कुन चिह्न कति उम्मेदवारको रोजाइमा ?



» बाँकी चिह्न पृष्ठ २ मा

आयोगले स्वतन्त्र उम्मेदवारका लागि ८३ फरक-फरक चिह्न तयार पारेको थियो । तिनैमध्ये उम्मेदवारले आफूलाई मन परेका चिह्न छानेका हुन् ।

प्रत्यक्ष निर्वाचनका लागि दर्ता भएका ११४ दलमध्ये ६८ दल चुनावमा भाग लिँदै

कमलराज भट्ट/नयाँ पत्रिका

अनारदेखि ह्विलचेयरसम्म र कंगारुदेखि क्याल्कुलेटरसम्म । २१ फागुनको प्रतिनिधिसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारका चुनाव चिह्न आफैंमा एउटा प्रदर्शनीजस्तै बनेका छन् । कसैले आँप, कैंची र क्यामरा रोजेका छन्, कसैको नजर बँदेल, पान्डा र भँगेरो परेको छ ।

अनौठा एवं दैनिकीसँग जोडिएका र प्रतीकात्मक चिह्नहरूले मतपत्रलाई रंगीन मात्र बनाएको छैन, स्वतन्त्र उम्मेदवारको विविध सोच, पहिचान र राजनीतिक आकांक्षा पनि रोचक ढंगले प्रस्तुत गरेका छन् ।

» पृष्ठ २ मा क्रमशः



● **निवर्तमान शिक्षामन्त्री महावीर पुन (त्रिभुज) म्यान्दी, पत्रकार दिवाकर साह (आँप) धनुषा ३, पूर्वमहान्यायाधिवक्ता युवराज संग्रौला (पंखा) झापा २, माओवादीकी पूर्वसांसद उमरावतीदेवी साह (नरिवल) बारा ३ लगायत स्वतन्त्र रूपमा उम्मेदवार बनेका छन् ।**

● चिह्न प्रदान गरेर समानुपातिकतर्फका २ करोड ३० लाख मतपत्र छपाइ सकिएको छ भने प्रत्यक्षतर्फ मंगलबारदेखि सुरु भएको छ

नेता–कार्यकर्ता गाउँ पसेपछि सुनसान सिंहदरबार

गाउँ-गाउँ चुनावी 'हट स्पट' बन्दै जाँदा सिंहदरबारमा हरायो चहलपहल । विकास योजनादेखि सरुवा-बढुवासम्मका फाइल बोकेर मन्त्रालयपिच्छे कुदाकुद गरिरहने राजनीतिक कार्यकर्ता चुनावी मैदानमा



सुवास भट्ट/नयाँ पत्रिका

२१ फागुनमा निर्वाचन, अब मात्र ३३ दिन बाँकी । जनतामाझ परीक्षा दिन उम्मेदवारहरू तय भइसकेका छन् । परीक्षाको मिति नजिकिँदै गर्दा उनीहरू गाउँ-गाउँमा पुगिरहेका छन् । राजनीति छिरेपछि गाउँहरू गुलजार बनेका छन् । यता देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबार भने सुनसान बन्दै छ ।

देशभरका पालिकाबाट काम र गुनासा लिएर आउने जनप्रतिनिधिदेखि राजनीतिक दलका नेता-कार्यकर्ता र सर्वसाधारणसम्मको भिडभाड भइरहने मुकाम हो सिंहदरबार । सरकारदेखि संसद्सम्मका गतिविधि पनि सिंहदरबारको चौघेराभित्रै हुन्छन् । दलहरूका संसदीय दलको कार्यालयदेखि संसद् सचिवालय सिंहदरबारमै छन् । जेन-जी आन्दोलनपछि संसद् सिंहदरबारमै सरेको छ । मंगलबार मात्रै राष्ट्रिय सभाको बैठक सिंहदरबारमै बस्यो । जबैजसो मन्त्रालय सिंहदरबारभित्रै भएकाले उल्लेख्य कर्मचारी पनि यहीं छन् ।

तर, गाउँ-गाउँ चुनावी 'हट स्पट' बन्दै जाँदा सिंहदरबारमा

» पृष्ठ २ मा क्रमशः



बिहीबार दिउँसो सिंहदरबारपरिसर । तस्बिर : **अमुल थापा**/नयाँ पत्रिका

गैरदलीय सरकार हुँदा दलका नेता-कार्यकर्ताको सिंहदरबारसँगको साइनो कमजोर

२३ र २४ भदौको जेन-जी विद्रोहपछि उत्पन्न नयाँ राजनीतिक परिस्थिति र चुनावी सरकार गठनसँगै देशको प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा राजनीतिक दलका नेता-कार्यकर्ताको आवतजावत पातलो भएको थियो । दलीय सरकार नहुँदा र संसद्समेत विघटन भएको अवस्थामा दलका नेता-कार्यकर्ताको सिंहदरबारसँगको साइनो कमजोर देखिन्थ्यो । यस्तोमा २१ फागुनका लागि निर्वाचनको वातावरण बन्दै गएपछि सिंहदरबार जाने-आउने दलका नेता-कार्यकर्ता क्रमशः राजनीतिक कार्यक्रममा सहभागी हुन थाले र जिल्ला वा आफ्नो क्षेत्रतिर लागे । जिल्लाबाट पनि नेता-कार्यकर्ताको काठमाडौं आउनेक्रम पनि कम भयो । जब समानुपातिक हुँदै प्रत्यक्षतर्फ उम्मेदवारी दर्ता भएपछि त सम्पूर्ण नेता-कार्यकर्ता चुनावी काममा खट्न थाले, जसले सिंहदरबारभित्रको राजनीतिक चहलपहल ह्वात्तै घटायो । अहिले सिंहदरबारमा दलका संसदीय दलका कार्यालयदेखि क्यान्टिनसम्म सुनसान देखिन्छन् । बिहीबार नयाँ पत्रिकाकर्मी सिंहदरबार पस्दा नेता-कार्यकर्ता र सर्वसाधारणसम्मको भिडभाड देखिएन । चुनावी सरकारका कारण नयाँ योजना र काम केही नहुँदा कर्मचारी पनि फुर्सदिला बनेका छन् । कतिपय कर्मचारी चुनावी काममा छन् ।

■ दश वर्षपछि प्रबलीकरण हुँदै छ बागदरबार



तस्बिर : **सतिश पोखरेल**/नयाँ पत्रिका

०७२ को भूकम्पमा क्षतिग्रस्त सुन्धारास्थित ऐतिहासिक बागदरबारको प्रबलीकरण दश वर्षपछि सुरु भएको छ । १५ दिनअघि काठमाडौं महानगरले आफ्नै बजेटमा तीनतले दरबारको प्रबलीकरण सुरु गरेको हो । सार्वजनिक निर्माण विभाग प्रमुख सुरेश राईका अनुसार प्रबलीकरण कार्य ७५ करोड लागतमा दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यसहित अघि बढाइएको छ । भूकम्पले भवनमा व्यापक क्षति पुऱ्याएको र अधिकांश काठ प्रयोगयोग्य नभएको परीक्षणले देखाएको छ । पुरानो काठ हटाएर अग्राखको काठ राखिनेछ । भवनलाई बलियो बनाउन गारो र थामनजिकै कार्बन-फाइबरको दलिन राखिनेछ । हाल बाहिरी प्लास्टर उप्काएर काठ र दलिन राख्ने काम भइरहेको छ । त्यसपछि चुना-सुर्कीको मसला बनाएर भित्तामा पुनः प्लास्टर गरिनेछ । यसअघि स्थानीय तह र पुरातत्त्व विभागबिच मतभेदले भवन अलपत्र थियो । प्रबलीकरणबाटै भवन पुरानै अवस्थामा फर्कन सक्ने अध्ययनको निष्कर्ष थियो ।

झन् नयाँ


लोकतन्त्रमा लैंगिक यात्रा

महँगो चुनाव र सम्पत्तिमा महिलाको न्यून स्वामित्वका कारण ०४६ पछि साढे तीन दशक बित्दा पनि निर्वाचनमा प्रत्यक्षतर्फ महिला उम्मेदवार कम



● ०५६ मा एमालेबाट निर्वाचित कुन्ता शर्मा भन्छिन्-

गुटबन्दीका कारण अवसर पाइनँ



तत्कालीन पूर्वाञ्चल विकास क्षेत्रबाट मैले मात्र चुनाव जितें । तर, पार्टीभित्र गुटबन्दीका कारण कुनै अवसर पाइनँ । त्यतिवेलै स्नातकोत्तर गरे पनि मेरो क्षमताको कुनै कदर भएन । दिक्क लाग्यो । क्षमता, योग्यता, त्याग, तपस्याको कुनै मूल्यांकन छैन भन्ने लागेपछि लेखनतिरै लागें ।

● **शान्ति तामाङ**को रिपोर्ट

सारंगी : **जोगिँदै बाजा, हराउँदै कथा**



किरण नेपाली, सारंगीवादक

चर्चित 'कुटुम्ब' ब्यान्डका प्रमुख सारंगीवादक किरणले 'प्रोजेक्ट सारंगी'मार्फत नयाँ पुस्तालाई सारंगी सिकाउँदै आएका छन् । सारंगीलाई अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउन उनी निरन्तर लागिपरेका छन् ।

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

म्यानमारबाट थप चार नेपालीको उद्धार

नयाँ पत्रिका

म्यानमारमा सञ्चालनमा रहेका अनलाइन स्क्यामिङ केन्द्रमा संलग्न गराइएका थप चार नेपाली नागरिकलाई थाइल्यान्ड सरकारको सहयोग र नेपाली राजदूतावासको समन्वयमा शुक्रबार स्वदेश फर्काइएको छ । नेपाली राजदूतावासका अनुसार उनीहरूलाई म्यानमारको म्यावडी क्षेत्रबाट उद्धार गरी टाक इमिग्रेसन अफिस, मेसोट हुँदै बैंकक ल्याइएको थियो । त्यसपछि शुक्रबार नेपाल एयरलाइन्सको उडानमार्फत उनीहरू काठमाडौं आइपुगेका हुन् ।

स्वदेश फर्काइएका चारजनामध्ये एक महोत्तरी, एक नुवाकोट र दुईजना दाङका छन् । तीमध्ये एकजनाले थाइल्यान्डमै स्नातक तहको अध्ययन गरी होटेलमा रिसेप्सनिस्टको काम गर्दै आएका थिए । धेरै आम्दानीको प्रलोभनमा परी उनी म्यानमार पुगेको बताएका छन् । दाङका अर्का एकजनाले दाङ जिल्लाकै एक सरकारी कार्यालयमा केही वर्ष कम्प्युटर अपरेटरका रूपमा काम गरेको अनुभव रहेको जानकारी दिएका छन् ।


उनीहरू सबैलाई थाइल्यान्डमा 'डाटा इन्ट्री अफिसर'का रूपमा काम लगाइने आश्वासन दिएर नेपालबाट ल्याइए पनि थाइल्यान्ड पुगेपछि जबर्जस्ती म्यानमार पठाइएको

» पृष्ठ २ मा क्रमशः

चितुवा वनबाट बस्तीमा

बर्दियामा चितुवाको आक्रमणबाट ६ महिनामा ६ जनाको मृत्यु

■ चितुवाको डरले छोराछोरीलाई अटोमा पठाउँछन् विद्यालय



अटोमा विद्यालय जाँदै बारबर्दिया नगरपालिका- ११, नयाँबस्तीका बालबालिका । बारबर्दिया- १०, सिम्रहवास्थित बाल विद्या आधारभूत विद्यालयका प्रधानाध्यापक भूमिराज कँडेलले २५० मध्ये आधा विद्यार्थी नयाँबस्ती क्षेत्रका रहेको बताए । 'त्यहाँका विद्यार्थीले जंगलको बाटो आउनुपर्छ । तर, जंगलमा चितुवा देखिन थालेपछि अभिभावकले अटोमा पठाउन थालेका छन् । विद्यार्थीका लागि बसको व्यवस्था गर्न पाए हुन्थ्यो, तर विद्यालयसँग स्रोत छैन,' उनले भने ।

● **चितुवाको आक्रमणमा ३२ वर्षीय छोरा गुमाएका डफैयाका नापीराम थारूको बिलौना-**

गाउँघरमा चितुवा आउन थालेपछि सबैजना मिलेर सामुदायिक वनको झाडी कटान गर्ने काममा जुटेका थियौं । झाडी कटान भएको ठाउँबाट छोरा अलि भित्र गएको थियो, चितुवाले छोरा मारिदियो ।

बर्दियामा **प्रकाश पौडेल**

बर्दियामा ६ महिनामा चितुवाको आक्रमणबाट ६ जनाले ज्यान गुमाएका छन् । १० जना घाइते भएका छन् । चितुवा गाउँबस्तीमा पसेर मान्छे मार्ने, घाइते बनाउने, घरपालुवा वन्यजन्तु मार्ने क्रम बढेसँगै स्थानीयमा त्रास बढेको छ । डिभिजन वन कार्यालयका अनुसार घाँसपातका लागि वन गएकामाथि चितुवाको आक्रमण बढिरहेको छ ।

गुलरिया नगरपालिका- १२, भैसाहीका रामलखन थारू मजदुरी गर्छन् । जुम्लामा रहेका बेला गत ३१ साउनमा उनलाई घरबाट फोन आयो । उनकी श्रीमती ४० वर्षीया जगतरानी थारूलाई चितुवाले आक्रमण गरेर मारेको थियो । 'श्रीमतीलाई चितुवाले मारेको खबरले होस हरायो । हतारहतार प्लेन चढेर घर आएँ,' उनले भने, 'आर्थिक अवस्था कमजोर भएको हुँदा कमाउन बाहिर जानुपर्ने बाध्यता छ ।' जगतरानीको शव कृष्णजन्माष्टमीका दिन उखुबारीमा टाउको चुँडिएको अवस्थामा फेला परेको उनले बताए ।

गुलरिया नगरपालिका- १२, टडुवाकी कविता तामाङ रानालाई

» पृष्ठ २ मा क्रमशः

निष्पक्ष चुनाव भए नेकपा पहिलो हुन्छ : प्रचण्ड

काठमाडौं/ नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले निष्पक्ष निर्वाचन भए आफ्नो दल पहिलो ठुलो पार्टी बन्न सक्ने बताएका छन् । नेकपा रुकुम पूर्व-काठमाडौं सम्पर्क समन्वय समितिद्वारा शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा प्रचण्डले आफू चुनाव जित्नका लागि नभएर समाजवादको मोडेल निर्माण गर्न रुकुम पूर्व गएको जिकिर गरेका हुन् ।

'स्वच्छ, निष्पक्ष र धाँधलीरहित रूपमा चुनाव सम्पन्न भए नेकपा पहिलो पार्टी बन्ने सम्भावना छ । देश हामीले भनेतिरै गइरहेको छ,' प्रचण्डले भने, 'मैले के देखेको छु भने नेपाली कम्युनिस्ट पार्टी समानुपातिकमा त म भन्न सक्दिनँ, किनभने नयाँ भन्नेको हावा चलेकै छ, तर प्रत्यक्षमा हामी अगाडि हुन्छौं । प्रत्यक्ष र समानुपातिक जोड्दा हामी सबैले मिहिनेत गर्‍यौं भने एक नम्बर पार्टी नेकपा बन्ने सम्भावना छ ।'



उनले देश निर्वाचनको माहोलमा गइसके पनि नकारात्मक प्रचार भइरहेको टिप्पणी गरे । 'एकथरी मानिसले अनेक बहानामा निर्वाचन हुँदैन भन्ने गरेका छन् र अर्काथरिले निर्वाचनलाई नै कब्जा गर्न खोजिरहेका छन्,' उनले भने । प्रचण्डले जडीबुटी उत्पादन, पर्यटन प्रवर्द्धन, अर्गानिक कृषि र आधुनिक भेडा पालनमार्फत हजारौं युवालाई स्वदेशमै रोजगारी दिने बताए । 'उत्पादनमुखी अर्थतन्त्र नै समाजवादको वास्तविक आधार हुनेछ । समाजवादको आधार तयार गर्न म रुकुम पूर्व गएको हुँ,' प्रचण्डले भने । उनले रुकुम पूर्वबाट विकास, उत्पादन र रोजगारीको नयाँ मोडेल स्थापना गर्ने पनि प्रतिबद्धता जनाए ।

फागुन पहिलो साता घोषणापत्र : एमाले महासचिव

काठमाडौं/ एमाले महासचिव शंकर पोखरेलले प्रतिनिधि सदस्य निर्वाचनका लागि फागुन पहिलो साता एमालेको चुनावी घोषणापत्र सार्वजनिक गर्ने बताएका छन् । एमाले उम्मेदवारहरू चुनावी घोषणापत्रसहित चुनावी मैदानमा जानेसमेत उनले बताए ।

प्रेस चौतारीद्वारा शुक्रबार काठमाडौंमा आयोजित कार्यक्रममा पोखरेलले चुनावी घोषणापत्र लेखनको काम भइरहेको बताए । 'उम्मेदवारी दर्तापछि आयोगले प्रचारको समय पछाडि मात्रै दिएको छ, अहिले आचारसंहिताका कारण चुनावी प्रचारप्रसार सुरु भएको छैन । हाम्रा उम्मेदवारहरू घोषणापत्र लिएर चुनावी मैदानमा जानेछन्,' उनले भने ।

अर्को सन्दर्भमा पोखरेलले नेपाललाई भूराजनीतिक द्वन्द्वको क्रीडास्थल बनाउन खोजिएको आरोप लगाए । तर, कसले क्रीडास्थल बनाउन खोजेको भन्नेबारे उनले खुलाएनन् । 'संविधान घाइते भएको छ, लोकतन्त्र कमजोर भएको छ, नेपाललाई भूराजनीतिक द्वन्द्वको क्रीडास्थल बनाउने षड्यन्त्र हुँदै छ । अहिले विदेशीको कठपुतली सरकार निर्माण भएको छ,' पोखरेलले भने, 'भविष्यमा पनि त्यसलाई निरन्तरता दिनका लागि जेलेन्स्की जन्माउने योजनाको साथ अभियान सुरु भएको छ ।'

बागमती प्रदेशको प्रशासनिक भवन निर्माण अझै अन्योलमा

जग्गा प्राप्ति र रुख कटान प्रक्रिया ढिलाइ हुँदा योजना अलपत्र

मकवानपुरमा **पोष्टराज अधिकारी**

जग्गा प्राप्तिको प्रक्रियामा ढिलाइ हुँदा बागमती प्रदेशको आफ्नै प्रशासनिक भवन निर्माण गर्ने योजना अझै अगाडि बढ्न सकेको छैन । ०७६ देखि सुरु भएको जग्गा प्राप्तिसम्बन्धी प्रक्रिया टुंगोमा नपुग्दा प्रदेश राजधानीको स्थायी प्रशासनिक संरचना निर्माण योजना अलपत्रजस्तै बनेको छ ।

०७४ मा प्रदेश संरचना कार्यान्वयनमा आएयता बागमती प्रदेशले पाँच मुख्यमन्त्रीसहित ८० भन्दा बढी मन्त्री पाइसकेको छ । तर, प्रदेश सरकारले हरेक वर्ष बजेट विनियोजन गरे पनि आवश्यक जग्गा प्राप्ति नहुँदा प्रशासनिक भवन निर्माण अघि बढ्न नसकेको हो । बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँका निजी सचिव भक्तबहादुर भण्डारीका अनुसार जग्गा प्राप्ति र रुख कटानसम्बन्धी प्रक्रिया अहिले अन्तिम चरणमा पुगेको छ । भवन निर्माणका लागि आवश्यक जग्गाको भोगाधिकार प्राप्त गर्ने फाइल संघीय वन तथा वातावरण मन्त्रालयमा पुगेको उनले जानकारी दिए ।

भण्डारीका अनुसार संघीय मन्त्रिपरिषद्बाट स्वीकृति प्राप्त भएपछि थप प्रक्रिया अघि बढ्नेछ । 'संघीय सरकारले निर्णय गरेलगत्तै डिभिजन वन कार्यालयमार्फत रुखको गणना, छपान र कटान प्रक्रिया सुरु हुनेछ,' उनले भने । जग्गा प्राप्तिका क्रममा पर्ने वन क्षेत्रको क्षतिपूर्ति र वृक्षारोपणका लागि आवश्यक रकमको सुनिश्चितता प्रदेश सरकारले गरिसकेको भण्डारीले बताए । बागमती प्रदेश मन्त्रिपरिषद्को भदौमा बसेको बैठकले वातावरणीय प्रभाव मूल्यांकन (इआइए) प्रतिवेदनअनुसार आवश्यक रकम 'वन कोष'मा जम्मा गर्ने निर्णय गरेको थियो ।

मुख्यमन्त्री बानियाँले यस विषयमा विभागीय मन्त्रालयहरूलाई आवश्यक निर्देशन दिँदै संघीय सरकारसँग निरन्तर समन्वय गरिरहेको निजी सचिव भण्डारीको भनाइ छ । उनले संघीय वन तथा वातावरण मन्त्रालयले प्रदेश सरकारको प्रतिबद्धतापत्र प्राप्त गरिसकेकाले अब सो फाइल संघीय मन्त्रिपरिषद्मा प्रस्तावका रूपमा लैजाने तयारी भएको बताए ।

भण्डारीका अनुसार प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले संघीय मन्त्रालयले माग गरेका सबै प्रतिबद्धता र सुनिश्चिततासहितको पत्राचार गरिसकेको छ । 'पुस १४ गते र त्यसपछि मागिएअनुसार थप प्रतिबद्धतापत्र पुस २० गते पठाइसकिएको छ,' उनले भने, 'अब जग्गा प्राप्ति हुनेमा विश्वस्त छौं ।'

बागमती प्रदेशको एकीकृत प्रशासनिक संरचना निर्माणको अवधारणा पहिलोपटक तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले ०७५ मै अघि सारेका थिए । प्रदेश राजधानीका संरचना निर्माणका लागि जग्गा खोजी गरिए पनि त्यो प्रयास निष्कर्षमा पुग्न सकेको थिएन । त्यसपछि मुख्यमन्त्री बनेका राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको कार्यकालमा पनि जग्गा प्राप्तिको प्रयास भए पनि सफलता प्राप्त हुन सकेन ।

हेटौंडा उपमहानगरपालिका- १७ स्थित डिपोचौर क्षेत्रमा प्रशासनिक संरचना निर्माण गर्ने गरी पटक-पटक संघीय सरकारसँग पत्राचार भए पनि कानुनी र वातावरणीय प्रक्रियाका कारण योजना रोकिँदै आएको थियो । पछिल्लो समय संघीय सरकारको राष्ट्रिय योजना आयोगले सो आयोजनालाई 'राष्ट्रिय गौरवको आयोजना' घोषणा गरेसँगै जग्गा प्राप्तिको प्रक्रिया केही सहज बनेको हो । प्रदेशका निवर्तमान मुख्यमन्त्री बहादुरसिंह लामाको कार्यकालमा प्रधानमन्त्री कार्यालयसँग समन्वय र लबिङपछि ६ चैत ०८१ मा राष्ट्रिय योजना आयोगले आयोजना राष्ट्रिय गौरवको आयोजनाका रूपमा स्वीकृत गर्ने निर्णय गरेको थियो । आयोगको निर्णयपछि संघीय वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था मन्त्रालयमा पत्राचार गरिए पनि वन क्षेत्रको क्षतिपूर्ति रकम सुनिश्चित नहुँदा फाइल पुनः रोकिएको थियो । प्रदेश सरकारले रुख कटान र वृक्षारोपणका लागि आवश्यक रकम 'वन कोष'मा जम्मा गर्ने निर्णय गरेपछि प्रक्रिया फेरि अघि बढेको हो ।

प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना स्थापना गरी हेटौंडा-१७ डिपोचौरमा ३१.०२ हेक्टर क्षेत्रफलमा प्रशासनिक संरचना निर्माण गर्ने योजना बनाएको छ । इआइए अनुसार मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय, प्रदेश सभा भवन, सुरक्षा निकाय, लोकसेवा आयोग, नीति तथा योजना आयोग, बैंक, क्याफेटेरिया र शिशु स्याहार केन्द्रसहित २५ वटा आधुनिक संरचना निर्माण गरिनेछ ।

आयोजनाअन्तर्गत २७.५७ हेक्टर क्षेत्र घ्याम्पे र चुरेकाली सामुदायिक वनमा पर्छ भने ३.४५ हेक्टर क्षेत्र विद्यालय र सार्वजनिक जग्गा छ । वातावरणीय प्रभाव मूल्यांकनअनुसार संरचना निर्माणका क्रममा पाँच हजार २४४ वटा रुख काटिनुपर्नेछ । तीमध्ये सबैभन्दा बढी दुई हजार ३७२ सिसौ र एक हजार ९३७ खोटे सल्लाका रुख रहेका छन् । अब संघीय मन्त्रिपरिषद्को निर्णयपछि मात्रै बागमती प्रदेशको बहुप्रतीक्षित प्रशासनिक भवन निर्माणले गति लिने अपेक्षा गरिएको छ ।

राष्ट्रपति आइतबार जापान भ्रमणमा जाँदै

काठमाडौं/ राष्ट्रपति रामचन्द्र पौडेल आइतबार जापान भ्रमणमा जाने भएका छन् । जापान सरकारको निमन्त्रणामा उनी आइतबारदेखि बुधबारसम्म जापानको औपचारिक भ्रमणमा रहनेछन् ।

परराष्ट्रसचिव अमृतबहादुर राईले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जनाएअनुसार राष्ट्रपति पौडेलले जापानी साम्राट् नारुहितोसँग २० माघमा इम्पेरियल प्यालेसमा राजकीय भेटवार्ता गर्ने कार्यक्रम छ । राष्ट्रपति पौडेलसँग सोही दिन प्रानमन्त्री ताकाइची सानाईले शिष्टाचार भेट गर्ने कार्यक्रम छ । राष्ट्रपति पौडेल सोमबार जापान सरकारद्वारा दुई देशको कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्षगाँठका अवसरमा आयोजना हुने समारोहमा सहभागी हुनेछन् । जापानका परराष्ट्र राज्यमन्त्री होरी इवाओले आयोजना गरेको विशेष स्वागत समारोहमा राष्ट्रपति पौडेल सहभागी हुँदै छन् । राज्यमन्त्री होरीले राष्ट्रपति पौडेलसँग शिष्टाचार भेट गर्ने कार्यक्रम छ ।

'भ्रमणका क्रममा राष्ट्रपति जापानी व्यावसायिक समुदायसँगको बैठकमा सहभागी हुनुहुनेछ,' परराष्ट्रसचिव राईले भने, 'नेपाली राजदूतावासद्वारा आयोजित स्वागत समारोहमा पनि राष्ट्रपतिको सहभागिता हुनेछ ।' राष्ट्रपति पौडेलको भ्रमणमा कुनै दुईपक्षीय सन्धि, सम्झौता वा सहमतिले औपचारिक रूप नपाउने परराष्ट्रसचिव राईले बताए । 'यो भ्रमणले दुई देशबिचको सम्बन्ध थप सुदृढ हुनेछ र सम्बन्धमा नयाँ आयाम थपिनेछ ।' नेपाल र जापानबिच कूटनीतिक सम्बन्ध स्थापना भएको ७० वर्ष पुग्दै छ । दुई देशबिच सन् १९५६ सेप्टेम्बर १ मा कूटनीतिक सम्बन्ध स्थापना भएको थियो ।

उम्मेदवार खगेन्द्र सुनारलाई सचेत गरायो रास्वपाले

समावेशी समाज निर्माणको अभियानमा पार्टी अडिग रहने

काठमाडौं/ रास्वपाले धार्मिक तथा सामाजिक सद्भाव कायम राख्दै सर्वपक्षीय समावेशी समाज निर्माणको अभियानमा पार्टी अडिग रहने प्रस्ट पारेको छ । रास्वपाका उम्मेदवार रहेका खगेन्द्र सुनारले दिएको अभिव्यक्तिले पार्टीप्रति प्रश्न उठेपछि रास्वपाले यसमा पार्टीको धारणा सार्वजनिक गरेको हो । सुनारले सो विषयमा माफी मागिसकेको र पार्टीले पनि उनलाई सचेत गराएको महामन्त्री कवीन्द्र बुर्लाकोटीद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । 'खगेन्द्र सुनारले रास्वपामा जोडिनुअगाडि व्यक्त गर्नुभएका अभिव्यक्तिलाई लिएर समाजमा पर्न गएको अन्योल र धार्मिक-सांस्कृतिक भावनामा पुगेको चोटप्रति पूर्ण क्षमायाचना गरिसक्नुभएको छ र आत्मलोचनासमेत गर्नुभएको छ,' विज्ञप्तिमा भनिएको छ ।

रास्वपाले भविष्यमा आफ्ना अभिव्यक्ति र व्यवहारमा थप संयम, परिपक्वता र सार्वजनिक मर्यादा कायम राख्न ध्यानाकर्षण गराएको जनाएको छ । त्यस्तै, रास्वपा सधैँ विधिको शासन, सामाजिक न्याय, धार्मिक तथा सामाजिक सद्भाव कायम राख्दै सर्वपक्षीय समावेशी समाज निर्माणको अभियानमा अडिग रहने उल्लेख गरेको छ । 'रास्वपाको विधान र प्रस्तावनाले 'नेपालको इतिहास, सनातन सभ्यता, तथा धार्मिक-सांस्कृतिक विविधतामा आधारित सहअस्तित्व र पारस्परिक सम्मान'लाई आफ्नो मूल मर्म मानेको छ । हामी नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र 'राष्ट्रिय एकता'लाई अक्षुण्ण राख्न सधैँ कटिबद्ध छौं,' विज्ञप्तिमा भनिएको छ ।

१,१४३ स्वतन्त्र...

पृष्ठ १ बाट क्रमशः

निर्वाचन आयोगका अनुसार देशभर एक हजार १४३ स्वतन्त्र उम्मेदवार चुनावी मैदानमा उत्रिएका छन् । आयोगले उनीहरूका लागि ८४ फरक-फरक चिह्न उपलब्ध गराएको थियो । तिनैमध्ये उम्मेदवारले आफूलाई मन परेका चिह्न छानेका हुन् ।

आयोगका अनुसार त्यसमध्ये अनार चिह्न ६ जनाले लिएका छन् । आँखीझ्याल १५, आँप ६४, आरी १३, आसकोट १०, इस्त्री एक, उँट चार, कंगारु तीन, कप र प्लेट ३२, काउली १५, केबलकार १८, केराको काइँयो नौ, कैँची ६१, क्याप ३८, क्यामरा ५७, क्याल्कुलेटर २४, खसीको टाउको पाँच, खाम आठ, गमबुट चार, गुलेली चार, ग्यास चुलो आठ, चुलेसी चिह्न दुईजनाले लिएका छन् ।

यसैगरी, चेसगोटी ३५, जाली दुई, जिप ४५, जुवा चार, ज्याबेल दुई, झोला ३१, झ्याली तीन, टायर आठ, टी टेबुल १०, ट्रफी २७, ठेकी १०, डस्टबिन आठ, ड्रम सेट दुई, ढिकी ११, तिलहरी १४, त्रिभुज ४०, दूरबिन २८, नटबोल्ट चार, नरिवल १२, नेलकटर एक, पंखा २५, पन्चिङ मेसिन दुई, पान्डा ६, पानीको जार ११, पानीको फिल्टर तीन, पेट्रोलपम्प १२, पेन्चिस पाँच, प्रेसरकुकर २८, फर्सी सात, फिरफिरे ११, बकुल्लो दुई, बँदेल तीन, बाकस १२, बिरालो दुई, बेलना र चक्ला दुई, भँगेरा ३०, भ्यागुता एक, मसी चिह्न २२ जनाले लिएका छन् ।

त्यस्तै, मानापाथी पाँच, मुढा ५६, मुसो चार, रिक्सा २१, ब्याडमिन्टन कर्क २९, शंखेकिरा एक, सारंगी १२, सिरिन्ज ३८, सिलौटो एक, सेफ्टी पिन तीन, सेलरोटी सात, सोफा सात, स्टाप्लर तीन, स्टुल २०, स्प्रे ६, हजारी पाँच, हटकेस दुई, हातेपंखा तीन, हार्मोनियम सात, हेडफोन दुई, हेल्मेट २६, ह्यांगर एक र ह्विलचेयर चिह्न दुईजना स्वतन्त्र उम्मेदवारले लिएका छन् ।

निवर्तमान शिक्षामन्त्री महावीर पुन (त्रिभुज) म्याग्दी, पत्रकार दिवाकर साह (आँप) धनुषा ३, पूर्वमहान्यायाधिवक्ता युवराज संग्रौला (पंखा) झापा २, माओवादीकी पूर्वसांसद उमरावतीदेवी साह (नरिवल) बारा ३ लगायत स्वतन्त्र रूपमा उम्मेदवार बनेका छन् ।

प्रत्यक्षतर्फका मतपत्र छापिँदै

प्रतिनिधिसभा सदस्यको २१ फागुनमा हुने निर्वाचनका लागि दल र उम्मेदवारलाई चिह्न प्रदान गरिएको छ । चिह्न प्रदान गरेर समानुपातिकतर्फ दुई करोड मतपत्र छापिसकिएको छ भने प्रत्यक्षतर्फ मंगलबारदेखि छपाइ सुरु भएको छ । प्रत्यक्षतर्फ भने १६५ निर्वाचन क्षेत्रकै फरक-फरक डिजाइन बनाउँदै मतपत्र छापिने सूचना अधिकारी घिमिरे बताउँछन् । किनकि हरेक क्षेत्रमा उम्मेदवारको संख्या फरक-फरक छ । समानुपातिकतर्फ एउटै निर्वाचन क्षेत्र भएकाले दलहरूलाई प्रदान गरिएको चुनाव चिह्न राखेर एउटै डिजाइनमा मतपत्र छापिएको छ । समानुपातिक प्रणालीमा भाग लिन सयवटा दलले ९३ निर्वाचन चिह्नमा दल दर्ता गरेका थिए । तर, ३७ दलले बन्दसूची पेस गरेनन् । समानुपातिकतर्फ ६३ दलको ५७ निर्वाचन चिह्न छापिएको छ ।

नेपालको चुनावमा विगतदेखि नै दल र उम्मेदवारको चुनाव चिह्न मतपत्रमा राखिँदै आइएको छ । निर्वाचन आयोगका सूचना अधिकारी सुमन घिमिरेका अनुसार साक्षर तथा अशिक्षित सबै मतदातालाई सहजै मतदानमा सहभागी गराउन चिह्नमार्फत मतदान गराउँदै आइएको छ । कतिपय देशमा उम्मेदवारकै तस्बिर मतपत्रमा राख्ने अभ्यास भए पनि नेपालमा धेरै उम्मेदवार हुने हुँदा सम्भव नभएकाले चिह्नकै प्रचलन सुरु गरिएको घिमिरे बताउँछन् । 'मतदानका लागि सबै साक्षर हुँदैनन्, सबै अक्षर पढ्न सक्छ, अक्षर नचिन्न सक्छन् । त्यसैले अशिक्षितले पनि चिह्न बुझ्न सक्छ । कतिपय देशमा त उम्मेदवारकै फोटो राखिन्छ । यहाँ धेरै हुने भएकाले चिह्नको चलन हो । नपढेको मतदाताले पनि सहजै पत्ता लगाउन सक्छ,' उनी भन्छन् ।

कुन चिह्नमा कति...



दलहरूको चुनाव चिह्न

आगामी प्रतिनिधिसभा निर्वाचनमा कुल ६८ दलले ६४ चुनाव चिह्नमा उम्मेदवारी दिएका छन् । प्रत्यक्षतर्फ निर्वाचनमा भाग लिन १०७ चिह्नमा ११४ दल दर्ता भएकोमा ६८ दलले ६४ चिह्नमा उम्मेदवारी दिएका हुन् । जसमा आम जनता पार्टी मोबाइल, इतिहासिक जनता पार्टी, उज्यालो नेपाल पार्टी, गतिशील लोकतान्त्रिक पार्टी, गान्धीवादी पार्टी नेपाल, जनअधिकार पार्टी, जनता लोकतान्त्रिक पार्टी नेपाल, जनता समाजवादी पार्टी, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, जनादेश पार्टी नेपाल, जय मातृभूमि पार्टी, त्रिमूल नेपाल, नागरिक उन्मुक्ति पार्टी नेपाल, नागरिक सर्वोच्चता पार्टी नेपाल, एमाले, नेकपा मार्क्सवादी, नेकपा संयुक्त, नेकपा मार्क्सवादी पुष्पलाल, नेकपा माओवादी, नेपाल जनता पार्टी, नेपाल जनता संरक्षण पार्टी, नेपाल जनमुक्ति पार्टी, नेपाल जनसेवा पार्टी, नेमकिपा, नेपाल मातृभूमि पार्टी, नेपाल मानवतावादी पार्टी रहेका छन् ।

यसैगरी, नेपाल लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, नेपाल सद्भावना पार्टी, नेपालका लागि नेपाली पार्टी, नेपाली कम्युनिस्ट पार्टी, नेपाली कांग्रेस, नेपाली जनता दल, नेपाली जनश्रमदान संस्कृति पार्टी, नेसनल रिपब्लिक नेपाल, पिपुल फर्स्ट पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, प्रजातान्त्रिक पार्टी नेपाल, बहुजन एकता पार्टी नेपाल, बहुजन शक्ति पार्टी, मंगोल नेसनल अर्गनाइजेसन, मितेरी पार्टी नेपाल, युनाइटेड नेपाल डिमोक्र्याटिक पार्टी, राष्ट्र निर्माण दल नेपाल, राष्ट्रिय ऊर्जाशील पार्टी, नेपाल, राष्ट्रिय एकता दल, राष्ट्रिय जनता पार्टी नेपाल, राष्ट्रिय जनमत पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, राष्ट्रिय नागरिक पार्टी, राष्ट्रिय परिवर्तन पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी, राष्ट्रिय मुक्ति आन्दोलन, नेपाल, राष्ट्रिय मुक्ति पार्टी नेपाल, राष्ट्रिय साझा पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, श्रम संस्कृति पार्टी, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, संयुक्त नागरिक पार्टी, समावेशी समाजवादी पार्टी, सार्वभौम नागरिक पार्टी, स्वाभिमान पार्टी रहेका छन् ।

चिह्न पाउने प्रक्रिया

निर्वाचन आयोगका अनुसार नयाँ दल दर्ता गर्दा चिह्न, झन्डा र लोगो प्रस्ताव गरिन्छ । आयोगले संविधान, कानुनबमोजिम छ कि छैन भनेर हेर्छ । त्यसपछि स्वीकृत वा अस्वीकृत हुन्छ । 'दलको प्रमाणपत्र पाउन दर्ता गर्दा चिह्न, झन्डा, लोगो तय हुन्छ । त्यतिखेर लिएको चिह्न नै दलको चिह्न हुन्छ,' सूचना अधिकारी घिमिरे भन्छन्, 'संविधानमा लेखिएको, कानुनमा लेखिएको भावनाविपरीत हुने चिह्नहरू दलले माग्यो भने आयोगले रिजेक्ट गर्छ । अर्को ल्याउन पत्राचार गर्छ ।' घिमिरेका अनुसार समानुपातिक निर्वाचनतर्फ गत निर्वाचनमा ल्याएको मतपरिणामका आधारमा पहिलो, दोस्रो रोलक्रम निर्धारण गरिन्छ । स्वतन्त्र उम्मेदवारको हकमा १६५ वटै निर्वाचन क्षेत्रमा चिह्न रोज्न दिइन्छ । मनोनयनका प्राथमिकताका आधारमा जसले पहिला चिह्न रोज्छ, उसैले पाउँछ ।

नेता–कार्यकर्ता...

पृष्ठ १ बाट क्रमशः

चहलपहल घटेको छ । कांग्रेस, एमाले, नेकपा, रास्वपालगायत पार्टीको संसदीय दलको कार्यालयमा एक-दुई कर्मचारीबाहेक मान्छे भेट्नै मुस्किल छ । अन्य समयमा सिंहदरबारमा बढी चलहपहल हुने ठाउँ हुन् यी । कांग्रेस संसदीय दलको कार्यालयमा कार्यरत एक कर्मचारी देश निर्वाचनमा होमिएकाले अहिले नेता-कार्यकर्ताको उपस्थिति घटेको बताउँछन् । 'एकाधबाहेक नेता-कार्यकर्ता सिंहदरबारमा आएको देखिँदैन,' उनले भने, 'दिनपछि दिन घट्दै छ ।'

राजनीतिक चहलपहल घट्दाको असर कांग्रेस संसदीय दलको कार्यालय आडैमा रहेको फियोना चमेनागृहमा पनि देखिएको छ । सिंहदरबार आउने नेता-कार्यकर्ताको भेटघाट हुने मुकाम नै बनेको यो चमेनागृह अहिले सुनसानजस्तै बनेको चमेनागृहका कर्मचारी राजाराम श्रेष्ठ बताउँछन् । 'अहिले नेता-कार्यकर्ताको आवतजावत शून्यजस्तै छ,' उनले भने । श्रेष्ठका अनुसार आफ्नो चमेनागृहमा आउने अधिकांश ग्राहक काठमाडौंबाहिरबाट सिंहदरबार आउनेहरू नै हुन् । अहिले कारोबार घटेको उनले बताए ।

यस्तै अवस्था छ सिंहदरबारकै सबैभन्दा ठुलो चमेनागृह 'सेन्ट्रल क्यान्टिन'मा । सिंहदरबारभित्रै काम गर्ने अधिकांश कर्मचारी जाने भएकाले केही चहलपहल देखिए पनि पहिलाजस्तो छैन । बाहिरबाट आउने नेता-कार्यकर्ता नभएका कारण कारोबार स्वात्तै घटेको क्यान्टिनका एक कर्मचारीले बताए ।

अहिले निर्वाचन आचारसंहिताका कारण महत्त्वपूर्ण सरकारी निर्णय गर्न नपाइने अवस्था छ । महत्त्वपूर्ण निर्णय गर्न रोक भएकाले नियमित प्रशासनिक गतिविधि मात्रै हुन्छ सिंहदबारमा । त्यसैले जिल्ला-जिल्लाबाट आउने प्रशासनिक कामको चाप पनि ह्वात्तै घटेको छ ।

रिक्त प्रमुख प्रशासकीय अधिकृत माग्दै संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लाग्ने स्थानीय तहका अध्यक्ष-उपाध्यक्षहरूको भिडभाड पनि कम भएको छ । सरुवालगायतको गतिविधि रोकिएकाले त्यसका लागि पनि कर्मचारी मन्त्रालय आउन छाडेका छन् ।

अब झनै सुनसान हुनेछ सिंहदरबार । किनभने सरकारले निर्वाचनमा ठुलो संख्याका कर्मचारी खटाउँदै छ । निर्वाचन आयोगले चुनावका लागि दुई लाख १३ हजारभन्दा बढी कर्मचारी खटाउने तयारीअनुसार खटनपटन सुरु गरिसकेको छ । मन्त्रालयहरूमा कार्यरत र बरन्डामा रहेकालगायत कर्मचारीलाई निर्वाचनमा खटाइँदै छ । त्यसैले कर्मचारीको उपस्थिति पनि पातलिएको छ सिंहदरबारमा ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सूचना अधिकारी विवेक घिमिरे निर्वाचन आचारसंहिता लागेयता मन्त्रालयका कर्मचारीबाहेक राजनीतिक व्यक्ति र बाहिरी कर्मचारीहरूको आउजाउ कम भएको बताउँछन् । 'प्रमुख प्रशासकीय अधिकृत माग्दै आउने स्थानीय तहका अध्यक्ष-उपाध्यक्षहरू र अन्य राजनीतिक व्यक्तिहरू मन्त्रालयमा देखिनुभएको छैन,' उनले भने, 'निर्वाचन आचारसंहिताले नियमितबाहेकका निर्णय गर्न रोक लगाएको र स्थानीय तहका जनप्रतिनिधिहरूको चासो पनि सम्बन्धित क्षेत्रको चुनावी राजनीतिक गतिविधिमा केन्द्रित भएकाले उपस्थिति नभएको हो ।' सरुवाका लागि कर्मचारीहरू मन्त्रालय धाउने गरेकामा निर्वाचन आचारसंहिताले रोकेको र सरुवा गर्नैपरे निर्वाचन आयोगको सहमति लिएर गर्नुपर्ने अवस्थाका कारण कर्मचारीको आवागमन पनि पातलिएको सूचना अधिकारी घिमिरे बताउँछन् ।

सामान्य प्रशासन मन्त्रालयमा मात्र होइन, अन्य मन्त्रालयमा पनि राजनीतिक व्यक्तिहरूको आवतजावत कम छ । योजना, बजेट, विभिन्न खालका सहमति, स्वीकृति माग्न अर्थ मन्त्रालय, योजना आयोग, भौतिक पूर्वाधार, सहरी विकास, ऊर्जालगायत मन्त्रालयमा मानिसहरू आउने क्रम पनि घटेर गएको छ ।

चितुवा वनबाट...

पृष्ठ १ बाट क्रमशः

२९ भदौमा केदुवाई सामुदायिक वनमा घाँस काटिरहेको अवस्थामा चितुवाले आक्रमण गर्‍यो । त्यस दिन कवितासँगै उनका बाजेससुरा र देउरानी घाँस काट्न गएका थिए । त्यही वेला सामुदायिक वनमा उनलाई चितुवाले आक्रमण गर्दा मृत्यु भएको थियो ।

श्रीमती गोपी थरुनीको १२ मंसिरमा चितुवाको आक्रमणमा परी ज्यान गएपछि बारबर्दिया नगरपालिका- ११, विजयनगरका रुन्चे थारू एक्लोजस्तै भएका छन् । ६० वर्ष नाघेका रुन्चे७५ वर्षीया आमाको रेखदेख गरेर बसेका छन् । आर्थिक अवस्था कमजोर भएका उनले पाँच कट्ठा जग्गाले खान नपुग्ने गुनासो गरे । 'अहिलेसम्म कमाएको पैसाले परिवारको जेनतेन खर्च चल्दै आएको थियो । अब कमाउन जाऊँ भने आमालाई कसले हेरिदिन्छ । त्यही भएर घरमा बसेको छु,' उनले भने, 'श्रीमतीलाई चितुवाले मारेपछि डिभिजन वन कार्यालयले १० लाख दिने भनेको थियो । अहिलेसम्म एक लाख पाएँ । अरू पैसा पाइन्छ कि पाइँदैन, थाहा छैन ।'

बारबर्दिया- १०, डफैयाका नापीराम थारूका ३२ वर्षीय छोरा दिनेश थारूलाई गत २ पुसमा चितुवाले आक्रमण गरेर ज्यान लियो । छोराको मृत्युपछि नापीराम अचेल कसैसँग पनि बोल्न मन नलाग्ने गरेको बताउँछन् । 'गाउँघरमा चितुवा आउन थालेपछि सबैजना मिलेर सामुदायिक वनको झाडी कटान गर्ने काममा जुटेका थियौं । झाडी कटान भएको ठाउँबाट छोरा अलि भित्र गएको थियो, चितुवाले छोरा मारिदियो,'उनले भने । गाउँमा अहिले पनि चितुवा घुमिरहन्छ, तर कसैले समाउन नसकेको उनले बताए । डिभिजन वन कार्यालयले चितुवा समाउन भन्दै तीनवटा खोर ल्याए पनि पछि फिर्ता लगेको उनले सुनाए ।

बारबर्दिया नगरपालिका- १०, बैदीकी पार्वती डाँगीलाई ९ पुसमा चितुवाले आक्रमण गरेपछि छोरीहरू शोकमै छन् । पार्वतीकी जेठी छोरी रिता डाँगीले भनिन्, 'वेलावेला चितुवा ठुलो हो कि मान्छेको जीवन भनेर सोच्ने गर्छु । त्यस दिन ज्वाइँ, बहिनी र आमा भएर घाँस काट्न जानुभएको थियो । खोइ कहाँबाट आएर सामुदायिक वनमा चितुवा बसेको रै'छ । चितुवाले आक्रमण गरेर आमालाई मारिदियो । अहिले हामी सहाराविहीन भएका छौं ।' गत ७ माघमा चितुवाको आक्रमणबाट बारबर्दिया नगरपालिका- ११, बेलभारकी ५५ वर्षीया छिद्नी थरुनीको ज्यान गयो । खेतमा तोरी उखेल्न गएकी चौधरीलाई चितुवाले आक्रमण गरी मारेको जिल्ला प्रहरी कार्यालय बर्दियाका सूचना अधिकारी देवेन्द्र मल्लले बताए ।

चितुवाको गतिविधि बढेपछि छोराछोरीलाई अटोमा विद्यालय पठाउँछन् अभिभावक

बारबर्दिया नगरपालिकामा रहेको सामुदायिक वनमा चितुवाको गतिविधि बढेसँगै अभिभावकहरू त्रसित भएर आफ्ना छोराछोरीलाई अटोमा विद्यालय पठाउन थालेका छन् । बारबर्दिया नगरपालिका- १०, नयाँबस्ती डफैयाँकी भगमती थारूले गाउँसँग जोडिएको पेरहवा सामुदायिक वनमा चितुवा देखिएपछि त्यो बाटो भएर हिँडडुल गर्न डर लाग्ने गरेको बताइन् । उनले भनिन्, 'पहिला-पहिला साइकलमा छोरीलाई स्कुल छोड्न त्यही बाटो जाने गर्थें । तर, अहिले त्यो बाटो हिँड्न डर लाग्छ । धेरैले त्यो सामुदायिक वनमा चितुवा देख्नुभएको छ । त्यही भएर गाउँकै अटोमा सबैले आफ्ना छोराछोरीलाई विद्यालय पठाउँछौं ।' बारबर्दिया नगरपालिका- १० का वडाध्यक्ष रणबहादुर चौधरीले चितुवाले आक्रमण गरी ज्यान लिन थालेपछि स्थानीय त्रसित भएको बताए । 'गाउँमा चितुवाको जोखिम बढेपछि विद्यालयलाई न अतिरिक्त कक्षा सञ्चालन गर्दा ध्यान दिन भनेका छौं,' उनले भने, 'पार्वती डाँगीको मृत्यु भएपछि डिभिजन वन कार्यालय प्रमुख आएर बारबर्दिया, गुलरिया हुँदै खाता करिडोरसम्म सयजति चितुवा रहेको समुदायलाई जानकारीसमेत गराउनुभएको थियो । त्यही भएर सामुदायिक वनसँग जोडिएको बस्तीमा सचेत रहन जरुरी छ ।'

म्यानमारबाट...

पृष्ठ १ बाट क्रमशः

उनीहरूको भनाइ छ । 'यस घटनाले उच्च शैक्षिक योग्यता हासिल गरेका नेपाली नागरिकसमेत सामाजिक सञ्जाल, साथीभाइ, आफन्त तथा आकर्षक विज्ञापनको ललाइफकाइमा परी धेरै कमाउने लोभमा फस्ने वा फसाइने गरेको देखिएको छ,' नेपाली राजदूतावासले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । राजदूतावासका अनुसार अनलाइन स्क्यामिङसम्बन्धी यस्ता गैरकानुनी गतिविधिमा नेपाली नागरिकलाई संलग्न गराउने घटना कम्बोडियामा पनि बढ्दो क्रममा देखिएको छ । दैनिक रूपमा त्यस्ता स्थानमा फसेका नेपाली नागरिक वा उनीहरूका परिवारजन उद्धारको आग्रह गर्दै दूतावासमा सम्पर्कमा आउने गरेको जनाएको छ ।

दूतावासले उद्धारका लागि आवश्यक कन्सुलर सेवा प्रदान गरिरहेको भए पनि कम्बोडियाबाट फर्कने क्रममा त्यहाँको अध्यागमन कानुनअनुसार ठुलो रकम जरिवाना तिर्नुपर्ने र लामो समय जेल बस्नुपर्ने अवस्थासमेत आइरहेको चेतावनी दिएको छ । थाइल्यान्ड जाने नाममा म्यानमार, कम्बोडिया तथा लाओसको 'गोल्डेन ट्राइंगल' क्षेत्रमा सञ्चालनमा रहेका स्क्यामिङ केन्द्रमा पुर्‍याइने जोखिम उच्च रहेकाले आकर्षक प्रलोभनमा नपर्न राजदूतावासले नेपाली नागरिकलाई सचेत रहन आग्रह गरेको छ ।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्याँ
शनिबार १७ माघ ०८२
nayapatrikaofficial @nayapatrika

लोकतन्त्रमा लैंगिक यात्रा

महँगो निर्वाचन प्रणाली र सम्पत्तिमा महिलाको न्यून स्वामित्वका कारण ०४६ पछि साढे तीन दशक बित्दा पनि निर्वाचनमा प्रत्यक्षतर्फ महिला उम्मेदवारलाई उपेक्षा



> नीतिगत रूपमै पनि प्रत्यक्ष निर्वाचनमा महिला सहभागिता गराउन नेपालमा धेरै काम गरिएको छैन । त्यो भनेको महिलाले पनि सुरक्षाका हिसाबले, खर्चका हिसाबले निर्वाचन लड्ने वातावरण हुन नसक्नु हो ।

०४६ पछिका निर्वाचन र महिलाको उपस्थिति

साल	कुल उम्मेदवार	प्रत्यक्षतर्फ महिला उम्मेदवार	प्रतिशत	कुल महिला जनसंख्या प्रतिशत
०४८	१,३४५	८०	५.९४	४८.७७
०५१	१,४४२	८६	५.६९	५०.१३
०५६	२,२३८	१४३	६.३८	५०.१३
०६४	३,९४६	४४२	९.३२	५०.०५
०७०	६,१२५	६६७	१०.८८	५१.५०
०७४	१,९४४	१४६	७.५१	५१.५०
०७९	२,४१२	२२५	९.३३	५१.०२
०८२	३,४४८	३९६	११.३४	५१.०२

लैंगिकता



• शान्ति तामाङ

फागुन २१ मा हुने निर्वाचनले देशलाई छपक्कै छोपेको छ । उम्मेदवारहरू आफ्नो पोल्टामा मत बटुल्न दौडधुप गरिरहेका छन् । यही मेसोमा एउटा पाटोको भने खासै चर्चा हुन सकेको छैन । त्यो पाटो हो, निर्वाचनमा होमिएका प्रत्यक्षतर्फका महिला उम्मेदवारको ।

यसपटक देशभर प्रत्यक्षतर्फका उम्मेदवार तीन हजार ४८४ जना छन् । त्यसमध्ये ११.३४ अर्थात् ३९५ जना मात्र महिला उम्मेदवार छन् । प्रत्यक्षतर्फ ठुला दल कांग्रेसले ११, नेकपाले १२, नेकपा एमालेले ९, राष्ट्रिय स्वतन्त्र पार्टीले १६, राष्ट्रिय प्रजातन्त्र पार्टीले ९ जना महिला उम्मेदवार बनाएका छन् । बाँकी महिलाले स्वतन्त्र उम्मेदवारी दिएका छन् । २०४८ को निर्वाचनमा ८० जना महिलाले उम्मेदवारी दिएका थिए । तीन दशकबढी बित्दा प्रत्यक्षतर्फ महिला उम्मेदवारको उपस्थिति मात्र ६ प्रतिशतले वृद्धि भएको छ ।

यही तीन दशकको अवधिमै नेपालले महिला राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख पायो । सभामुखबाहेक अरू पदमा पुग्नेले प्रत्यक्ष निर्वाचन प्रक्रियामा भाग लिएनन् । २०४८ पछि देशमा महिलाको जनसंख्या पुरुषको तुलनामा बढिरहेको छ । देशका प्रमुख अंगमा पनि महिला पुगिरहेका छन् । तर पनि निर्वाचनमा प्रत्यक्ष भिड्ने महिलाको संख्यामा भने अझै उल्लेख्य वृद्धि हुन सकेको छैन ।

२०४८ वैशाख २९ गते आमनिर्वाचन भयो । उक्त निर्वाचनमा २० दलले भाग लिएका थिए । उक्त निर्वाचनमा प्रत्यक्षतर्फ एक हजार ३४५ मध्ये महिला उम्मेदवार ८० जना मात्रै थिए । यो संख्या कुल उम्मेदवारको ५.९४ प्रतिशत मात्र थियो ।

०५१ मा भएको निर्वाचनमा ८६ जना महिलाको सहभागिता रह्यो । झिनो अन्तरले वृद्धि भएको संख्यालाई प्रतिशतमा हेर्दा ५.६९ रह्यो । तर, निर्वाचनपछि भएको जनगणनामा महिलाको जनसंख्यामा वृद्धि भएर ५०.१३ प्रतिशत पुगिसकेको थियो । ०५६ मा भएको अर्को निर्वाचनमा करिब एक प्रतिशतले मात्र महिला उम्मेदवारको संख्यामा वृद्धि भयो । कुल उम्मेदवारमध्ये १४३ जना महिला उम्मेदवार निर्वाचनमा होमिएका थिए । यो संख्या भनेको ६.३८ प्रतिशत थियो ।

०६४ को संविधानसभा निर्वाचनमा कुल उम्मेदारमध्ये ४४२ जना महिला उम्मेदवारको सहभागिता थियो । यो संख्या कुल उम्मेदवारमध्ये ९.३२ प्रतिशत हो । त्यसपछि ०७० मा भएको निर्वाचनमा एक प्रतिशत मात्रै प्रत्यक्षतर्फ महिला उम्मेदवारको संख्या बढ्यो ।

०७२ मा नेपालको संविधान जारी भयो । संविधानमै निर्वाचनमा महिलाको ३३ प्रतिशत सहभागिता सुनिश्चित गरियो । संविधान लागू भएपछि ०७४ को भएको निर्वाचनमा महिला उम्मेदवारको संख्या झन्नै घट्यो । जम्मा उम्मेदवारमध्ये १४६ मात्र महिला उम्मेदवार निर्वाचनमा होमिए । उक्त संख्या भनेको कुल संख्याको ७.५१ प्रतिशत हो । यो संख्या करिब १८ वर्षपछाडि फर्किएर ०५६ को महिला उम्मेदवारको संख्या हाराहारीमा पुग्यो ।

त्यसपछि ०७९ भएको निर्वाचनमा कुल उम्मेदवारमा २२५ जना महिलाको सहभागिता थियो । यो संख्या भनेको ९.३३ प्रतिशत हो । ०७८ को जनगणनाअनुसार महिलाको संख्या ५१.०२ प्रतिशत छ । फागुनमा हुने निर्वाचनमा जम्मा उम्मेवारमध्ये ३९६ महिला छन् । यो संख्या भनेको ११.३४ प्रतिशत हो । तथ्यांक हेर्दा निर्वाचनमा प्रत्यक्ष महिला उम्मेदवारको संख्या उल्लेख्य वृद्धि भएको देखिन्न ।

तीन दशक बित्दा पनि प्रत्यक्ष उम्मेदवार भई संसद् पुग्ने महिलाको संख्या अन्त्यन्त न्यून देखिन्छ । यसको पछाडि राजनीतिक, सामाजिक, आर्थिक कारण जिम्मेवार रहेको विश्लेषकको भनाइ छ ।

■ प्रत्यक्षमा चुनाव जिते पनि अवसर पाइनँ



• **कुन्ता शर्मा**, पूर्वसांसद

भरसक महिलालाई घरभित्रै सीमित पार्न खोजिन्छ । महिलाले घरको समेत दोहोरो दायित्व बोकेका हुन्छन् । पहिलाभन्दा महिला आर्थिक रूपमा निर्भर हुन थालेका छन् । आफ्नै खुट्टामा उभिने भएकाले केही सजिलै छ । मलाई पनि टिकट पाउनै गाह्रो थियो । टिकट पाएपछि पनि धेरै दुख पाएँ । यही दुःखपछि मैले 'बिचरा नाक' शीर्षकमा निबन्ध नै लेखेँ । तत्कालीन पूर्वाञ्चल विकास क्षेत्रबाट मैले मात्र चुनाव जितेँ । तर, पार्टीभित्र गुटबन्दीका कारण मैले कुनै अवसर पाइनँ । त्यतिबेलै स्नातकोत्तर गरे पनि मेरो क्षमताको कुनै कदर भएन । दिक्क लाग्यो । क्षमता, योग्यता, त्याग, तपस्याको कुनै मुल्यांकन छैन भन्ने लागेपछि लेखनतिरै लागेँ ।

महिला सहभागिता ३३ प्रतिशत भने पनि समानुपातिकमा मात्र सीमित छ । प्रत्यक्षतर्फ खासै वृद्धि हुन सकेको छैन । क्षमता भएर पनि अवसर पाउन बुबा, श्रीमान् वा आफूलाई मन पराउने मान्छे हुनुपर्छ भन्ने बनाइयो । आफ्नै क्षमताले मात्र माथि पुग्न गाह्रै रहेछ । माथि पुग्न सकिन्न भने एउटै ठाउँमा किन बसिरहनु भनेर म लेखनतिर लागेँ ।

सबैले चुनावमा पैसा खर्च भयो भन्थे । तर, मैले एक कप चिया पनि नखुवाइ चुनाव जितेँ । तर, इमानदार मान्छेको काम छैन रहेछ । अहिले मलाई पार्टीले केन्द्रीय सल्लाहकारमा राखेको छ । त्योबाहेक मेरो पार्टीमा कुनै भूमिका छैन । सल्लाहकार भन्ने पद थन्क्याउने ठाउँ हो । त्यहाँ मैले भनेको कसैले सुन्ने पनि होइन ।

महिलाको क्षमतालाई गौण मानियो

प्रगतिवादी कवि तथा राजनीतिकर्मी कुन्ता शर्मा ०५६ सालमै निर्वाचित सांसद हुन् । नेकपा एमालेबाट उम्मेदवार भएकी शर्मा सुनसरी १ बाट निर्वाचित भइन् । त्यसवेला टिकट पाउन निकै मुस्किल परेको उनी सुनाउँछिन् । सांसद भएर पनि उनको राजनीतिक यात्रा सहज भएन । पञ्चायतविरुद्धको आन्दोलनमा अग्रपंक्तिमै रहेर काम गरेकी उनले ०६४ ताका सक्रिय राजनीतिको बाटो छोडिन् । 'भरसक महिलालाई घरभित्रै सीमित पार्न खोजिन्छ । घरको समेत दोहोरो दायित्व बोक्नुपर्ने भयो । पुरुषहरू महिलालाई अगाडि ल्याउन चाहँदैनन् । अहिले पनि महिलालाई गाह्रै देख्छु,' शर्माले भनिन् । राजनीतिमा महिलालाई आफ्नै क्षमताले मात्र माथि पुग्न गाह्रै हुने उनको अनुभव छ ।

लेखक अर्चना थापाका अनुसार लैंगिक समानताको जति कुरा गरे पनि हाम्रो सामाजिक व्यवस्था जस्ताको तस्तै छ । अहिले पनि महिलाप्रतिको समाजको सोचाइमा खासै फरक आउन सकेको छैन । 'जेन-जी आन्दोलनका कारण नियमित चुनावभन्दा फरक समयमा चुनाव हुन लागेको छ । तर, यसपालि पनि महिलालाई दलहरूले पत्याएकोजस्तो देखिँदैन,' उनी भन्छिन्, 'सबैभन्दा पहिले दलहरूले चुनाव जित्ने उद्देश्य राखेका हुन्छन् । कसले जित्छन् भनेर सोच्छन् । जोसँग पैसा छ, खट्न सक्छ, उसैले चुनाव जित्ने हो । यही गणितका आधारमा महिलालाई टिकट दिइन्छ ।'

अध्येता कैलाश राईका अनुसार हाम्रो संरचनाले अझै महिला सहभागितालाई स्वागत गर्दैन । त्यसैले, जुन व्यवस्था आए पनि निर्वाचनमा महिला उम्मेदवारको संख्यामा तात्विक भिन्नता आउन नसकेको हो । 'समावेशिताको नाममा कोटा प्रणालीबाट मात्र महिला सहभागिता गराइन्छ । प्रत्यक्षतर्फ खासै जोडबल गर्दैन,' उनी भन्छिन्, 'नीतिगत रूपमै पनि प्रत्यक्ष निर्वाचनमा महिला सहभागिता गराउन नेपालमा धेरै काम गरिएको छैन । त्यो भनेको महिलालाई घरभित्रै सीमित पार्न खोजिन्छ । घरको समेत दोहोरो दायित्व बोकेका हुन्छन् । पहिलाभन्दा महिला आर्थिक रूपमा निर्भर हुन थालेका छन् । आफ्नै खुट्टामा उभिने भएकाले केही सजिलै छ । मलाई पनि टिकट पाउनै गाह्रो थियो । टिकट पाएपछि पनि धेरै दुख पाएँ । यही दुःखपछि मैले 'बिचरा नाक' शीर्षकमा निबन्ध नै लेखेँ । तत्कालीन पूर्वाञ्चल विकास क्षेत्रबाट मैले मात्र चुनाव जितेँ । तर, पार्टीभित्र गुटबन्दीका कारण मैले कुनै अवसर पाइनँ । त्यतिबेलै स्नातकोत्तर गरे पनि मेरो क्षमताको कुनै कदर भएन । दिक्क लाग्यो । क्षमता, योग्यता, त्याग, तपस्याको कुनै मुल्यांकन छैन भन्ने लागेपछि लेखनतिरै लागेँ ।

> नेपालले महिला राष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश र सभामुख पायो । सभामुखबाहेक अरू पदमा पुग्नेले प्रत्यक्ष निर्वाचन प्रक्रियामा भाग लिएनन् । ०४८ पछि देशमा महिलाको जनसंख्या पुरुषको तुलनामा बढिरहेको छ । राज्यका प्रमुख अंगमा पनि महिला पुगिरहेका छन् । तैपनि निर्वाचनमा प्रत्यक्ष भिड्ने महिलाको संख्यामा भने अझै उल्लेख्य वृद्धि हुन सकेको छैन ।

महिलाले पनि सुरक्षाका हिसाबले, खर्चका हिसाबले निर्वाचन लड्ने वातावरण हुन नसक्नु हो ।'

राईका अनुसार दलहरूले आफूअनुकूलको केही महिला पात्र खडा गरेका कारण पनि प्रत्यक्षको आँकडामा वृद्धि नभएको हो । 'पितृसत्तात्मक संरचनालाई नै भरथेग गर्ने, सुधार गर्न खोज्ने महिलालाई मात्र अगाडि ल्याइन्छ । फरक मत राख्न सक्ने महिलालाई स्पेस छुट्याइन्न । यसले प्रत्यक्षको हाम्रो आँकडा बढ्दैन । चुनाव जितेर काम गर्न सक्ने महिला धेरै हुनुहुन्छ । तर, यस्ता विविध कारण रोकेका छन्,' उनले भनिन् ।

सम्पत्तिमा पहुँच नहुँदा पनि कमजोर

०७८ को जनगणनाअनुसार पुरुषको भन्दा महिलाको जनसंख्या ६ लाख ५७ हजार ४७६ जनाले धेरै छ । जनगणनाअनुसार ६६ लाख ६० हजार ८४१ परिवारमध्ये एक लाख ५५ हजार ३७६ घरपरिवारमा मात्र महिलाको नाममा घर छ । सम्पत्तिमा स्वामित्व हुने घरपरिवारका महिला ९.७ प्रतिशत छन् । घर र जग्गा दुवै महिलाको नाममा रहेका परिवारको संख्या ११.८ प्रतिशत छ ।

तथ्यांकअनुसार अझै पनि महिलाको सम्पत्तिमाथि स्वामित्व अत्यन्तै न्यून छ । यसले अहिलेकोजस्तो महँगो निर्वाचन प्रणालीमा महिलालाई उम्मेदवार बन्न आँट दिँदैन । निर्वाचन आयोगले यसपटकको निर्वाचनका लागि निर्वाचन क्षेत्र हेरी २२ लाखदेखि ३३ लाख रुपैयाँसम्म खर्च गर्न पाउने सीमा निर्धारण गरेको छ । तर, तोकिएको सीमाभन्दा धेरै खर्च उम्मेदवारले गर्ने गरेको विभिन्न अध्ययनले देखाएको छ । आयोगले खर्च सीमामा कडाइ नगर्दा यसको मारमा महिला उम्मेदवार नै पर्ने गरेको लेखक थापा बताउँछिन् । 'महिला उम्मेदवारको सवाललाई हेर्दा चुनावको आर्थिक पाटोलाई पनि हेर्नुपर्ने हुन्छ । पहिलेभन्दा चुनाव धेरै खर्चिलो भएको छ । ठाउँ-ठाउँमा गएर प्रचार गर्नुपर्ने, प्रचारमा पैसा लाग्ने, प्रचार गर्नका लागि घरपरिवार छाडेर हिँड्नुपर्ने त्यो सबै खर्चका कारण महिलालाई गाह्रो छ । धेरै महिलाको हातमा अझै पनि प्रचारप्रसारमा आफ्नो इच्छाअनुसार खर्च गर्न सक्न अर्थ व्यवस्था छैन,,' उनले भनिन् ।

उनले जस्तै अध्येता राईले पनि निर्वाचनका वेला उम्मेदवारले खर्च गर्न पाउने बजेट कडाइका साथ लागू नगर्दा पनि महिला उम्मेदवारलाई निर्वाचनमा सहभागिता हुन गाह्रो भएको बताइन् । 'अहिले पनि निर्वाचनमा उम्मेदवारले करोडौँ खर्चन्छन् । खर्चको सीमा कागजमा सीमित छ । यसमा आयोगले पनि खास भूमिका निभाउनुपर्थ्यो । तोकिएको खर्चको सीमा मात्र लागू भयो भने महिलाले पनि चुनाव लड्न सक्छन् ।'

कानुन पनि न्यायसंगत छैन

नेपालको संविधानको धारा ८४ को उपधारा ७ मा व्यवस्था भएअनुसार संघीय संसद्मा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तीमा एकतिहाइ महिला हुनुपर्नेछ । एकतिहाइ महिला निर्वाचित गर्नुपर्ने व्यवस्था संविधानमै उल्लेख भए पनि समानुपातिक वा प्रत्यक्ष कुन प्रणालीबाट महिलाको प्रतिनिधित्व गराउनुपर्ने भन्ने उल्लेख छैन ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा ६३ को उपधारा ५ मा व्यवस्था भएअनुसार महिलाको हकमा न्यूनतम एकतिहाइ उम्मेदवारी दिनुपर्नेछ ।

अध्येता राईले महिलाको सहभागिता सुनिश्चित गर्न भएका कानुन बाध्यकारी बनाउनुपर्ने र प्रत्यक्षतर्फको सिलिङसमेत तोक्नुपर्ने बताइन् । 'महिला सहभागिता मात्र भनेर हुन्न । कानुन नै बाध्यकारी बनाउने किसिमको हुनुपर्‍यो । किनभने, कानुनले बाध्यकारी नबनाउन्जेल हाम्रो दल वा निकाय कसैले पनि अवलम्बन गर्दैन भन्ने कुरा गएको २० वर्षमा पुष्टि भइसकेको छ,' उनी भन्छिन् ।

सीमान्त महिला सिमानामै

निर्वाचनमा प्रत्यक्ष प्रत्याशीको उम्मेदवार भई लड्ने महिला पनि प्रायः उच्च र मध्यम वर्गका देखिन्छन् । सीमान्त समुदायका पुरुष नै राजनीतिक यात्रामा सधैं अल्पमतमा परिरहेको अवस्थामा महिलाको पालो कहिले आउला ? यो प्रश्न आफैंमा गम्भीर देखिन्छ । कतिपयले यसलाई सीमान्त समुदायका महिला राजनीतिमा कम आउनु नै कारण देख्छन् । तर, अध्येता तथा लेखक इन्दु थारू यसमा विमति राख्छिन् । 'अहिलेको राजनीतिक संरचना सीमान्त महिलालाई अझै सीमान्त बनाउने गरी डिजाइन गरिएको छ । राजनीति एलिटकेन्द्रित छ । अत्यधिक खर्चिलो छ । र, पहुँचमा आधारित छ,' उनी भन्छिन्, 'निर्वाचन लोकतन्त्रको एक महत्त्वपूर्ण तत्त्वका रूपमा मानिए पनि नेपालको निर्वाचन प्रक्रिया समान लोकतान्त्रिक अभ्यासका रूपमा देखिँदैन । यहाँको चुनावले उच्च जाति, उच्च वर्ग, प्रभुत्वशाली व्यक्तिलाई मात्र फाइदा पुऱ्याउँछ ।'

सीमान्त समुदायका महिला प्रत्यक्ष निर्वाचनमा प्रत्यासी बन्न धेरै बाधा पार गरेर अगाडि बढ्नुपर्छ । अहिलेको निर्वाचनको पूर्वसन्ध्यासम्म आइपुग्दा समानुपातिक सूचीमा पर्नु नै सीमान्त महिलाका लागि ठुलो उपलब्धिजस्तो भइरहेको छ । अध्येता थारू भन्छिन्, 'हामीलाई आफ्नो शक्ति थाहा छैन । अर्काले उद्धार गरिदिन्छ भन्ने सोच छ ।'

कवि तथा शोधकर्ता प्रणिका कोयू भन्छिन्, 'राजनीतिक दलमा आबद्ध अधिकांश सीमान्तकृत पुरुष तथा महिला दुवैले आफू सीमान्तकृत हुनुको राजनीतिक अर्थलाई साँघुरो वृत्तमा राखेर बुझेको हुनाले पनि निर्वाचनमा उनीहरूको प्रत्यक्ष उम्मेदवारी देखिँदैन ।' निर्वाचनको उम्मेदवारी महँगो मात्र नभई अहिले प्रविधिको प्रयोगबाट मास परिचालन गर्न सक्ने दक्ष सहयोगीको पनि अभाव देखिन्छ । उनी भन्छिन्, 'त्यसैले पनि राजनीतिक दलहरूले बुनिदिएको समानुपातिक उम्मेदवारीको चाह बढेको देखिन्छ । त्यसमाथि सीमान्त समुदायका पुरुषमा समेत आफूले अवसर पाएपछि मात्र महिलाले अवसर पाउनुपर्छ भन्ने धारणा देखिन्छ ।' नेतृत्वमा आउन निरीहता र दास मानसिकताबाट बाहिर निस्कनुपर्ने उनको भनाइ छ ।

डिजिटल संसारको समाजशास्त्र

डिजिटल सोसियोलोजीले प्रविधि, समाज र शक्तिबिचको सम्बन्धलाई आलोचना गर्छ

समाज



● **प्रकाश राई,** समाजशास्त्री

डिजिटल सोसियोलोजीको प्रयोग विश्वमा सन् २०१० देखि नै व्यापक हुन थालेको हो । नेपालमा भने डिजिटल सोसियोलोजीको भर्खर विकास हुँदै छ । प्रविधि मुख्यतः औद्योगिक र पुँजीवादी समाजको उत्पादन हो । निश्चित किसिमको समाजमा निश्चित प्रविधिको विकास हुन्छ । यो स्वचालित रूपमा विकास हुँदै जाने होइन ।

अहिले सहरी क्षेत्रमा डिजिटल प्लाटफर्मको प्रयोग धेरै हुने गरेको छ । तर, केही गाउँमा अझै पनि मोबाइल, इन्टरनेटबाहेक अन्य डिजिटल प्लाटफर्मको प्रयोग हुनसकेको छैन । सहरमै तथ्यांक कसरी उत्पादन भइरहेको छ ? प्रयोग कसरी भइरहेको छ ? कसले प्रयोग गरिरहेको छ ? त्यो डिजिटल डिभाइस वा नेटवर्कले समाजमा कसरी सामाजिक सम्बन्ध निर्माण भइरहेको छ ? विनिर्माण गरिरहेको छ ? पुनर्निर्माण गरिरहेको छ ? यस्ता विषय अझै पनि अध्ययन, अध्यापन हुन सकिरहेको छैन ।

डिजिटल सोसियोलोजी कोर्समै राखेर अध्ययन, अध्यापन भएको धेरै भएको छैन । अनुसन्धान विधि, तथ्यांक संकलनको माध्यमको रूपमा प्रयोग अलि पहिलेदेखि नै हुँदै आएको हो । तर, अझै पनि डिजिटल सोसियोलोजीले सामाजिक सम्बन्धको निर्माण, विनिर्माण, पुनर्निर्माण कसरी गरिरहेको छ ?, सामाजिक आन्दोलनमा प्रविधिको प्रयोग कसरी भइरहेको छ ? भन्नेलगायत विषयमा भर्खर मात्र अध्ययन सुरु भएको देखिन्छ ।



> प्रविधि शासकहरूको, ठुला देशको वा प्रभावशालीको भाषा, संस्कृति र मान्यताको रक्षा गर्ने साधन हो । यसले डाटाको उपनिवेश मात्र बनाउँदैन, ज्ञानको पनि उपनिवेश गर्छ । यसले राज्य र व्यक्तिको निगरानी गर्छ । यस आयामबारे नेपालमा अध्ययन हुन सकेको छैन ।

यसपालि मात्र स्नातकोत्तर तहमा एआईको प्रयोग कसरी गर्ने ? भनेर अध्ययन सुरु गरियो । स्नातक तहमा अनुसन्धानमा हामीले प्रविधिको माध्यमबाट कसरी पठन सामग्री खोज्ने ?, कसरी त्यसलाई व्यवस्थापन गर्ने ? भनेर भर्खर मात्र पढाउन सुरु गरेका छौं ।

हाम्रो समाजमा भनाइ र गराइमा विरोधाभास देखिन्छ । हामी प्रविधिको दुनियाँमा गयौं । हामी २१औं शताब्दीमा गयौं भने पनि अभ्यासमा प्रयोग गर्न सकेका छैनौं । हाम्रो प्रविधि सीमित मान्छेको हातमा छ । इन्टरनेटसमेत सबैको पहुँचमा छैन ।

डिजिटल सोसियोलोजिस्टहरूले के भन्ने गरेका छन् भने डिजिटल सोसाइटीको चारवटा आयाम हुन्छन् । हामी अनलाइन माध्यमबाट पढाउँछौं । अनलाइनमै छलफल गर्छौं । कोरोनाको वेला जुम मिटिङ हामीले अभ्यास गर्‍यौं । पब्लिक सोसियोलोजिस्ट, अभियन्ताहरूले सामाजिक रूपमा बैठक बस्ने, फेसबुकको माध्यमबाट अभियान सञ्चालन गर्ने, भेला गर्ने, जेन-जी आन्दोलनको वेला भएको डिस्कर्डलगायत अभ्यासमा आउँछ । त्यो एउटा आयाम हो ।

अर्को हाँगा डिजिटल तथ्यांक, पद्धति हो । डिजिटल तथ्यांक पहिलेदेखि नै सरकार, निजी संस्थाले पनि उत्पादन गरिरहेकै थिए । त्यो वृहत् रूपमा पुगेको थिएन । सीमित तथ्यांक मात्र जनस्तरमा पुगेको थियो । राष्ट्रिय तथ्यांक विभागले उत्पादन गरेको तथ्यांक मात्र आममानिसमा पुग्थ्यो । हामीले त्यसमा के प्रश्न गर्दैनथ्यौं भने त्यो तथ्यांक कसको ज्ञानले उत्पादन भइरहेको छ ? त्यो तथ्यांक कसले, केका लागि प्रयोग गरिरहेका छन् ?, त्यो तथ्यांकले कसको ज्ञानलाई प्रवर्द्धन गरिरहेको छ ?, कसको ज्ञानलाई मेटाइरहेको छ ?, को बहिष्कारमा परिरहेको छ ?, को समावेश भइरहेको छ ?, तथ्यांक प्रयोजनको माध्यमबाट भएका यस्ता विषयबारे हामी प्रश्न गर्दैनथ्यौं । तथ्यांकको माध्यमबाट ज्ञान उत्पादन हुन्छ । ज्ञान उत्पादनले पनि कसलाई प्रवर्द्धन गरिरहेको छ ? कसलाई मेटाइरहेको छ ? भन्ने कुरा अध्ययन गरेकै थिएनौं । यो डिजिटल सोसियोलोजीको अध्ययनको ठुलो क्षेत्र हो ।

तेस्रो डिजिटल असमानता हो । त्यो भनेको सहर डिजिटल प्लाटफर्ममा प्रवेश गरेको छ । तर, दुर्गम क्षेत्रमा अझै त्यस्तो अवस्था छैन । यसले निश्चित मान्छेको निश्चित समूह, समुदाय, वर्ग डिजिटल पहुँचमा छन् । उनीहरूले तथ्यांक प्रयोग गरिरहेका छन् । उनीहरूले नै ज्ञान उत्पादन पनि गरेका छन् । यसले डिजिटल असमानतालाई प्रवर्द्धन गरेको छ ।

भर्खर-भर्खर मात्रै कुनै टेक्स्ट लेख्दा खस नेपाली भाषामा पनि लेखिन्छ । त्योबाहेक तामाङ, राई, नेवाः भाषा अझै डिजिटल प्लाटफर्ममा गएको छैन । यसको अर्थ निश्चित भाषालाई त्यो प्लाटफर्मले प्रवर्द्धन गर्छ । अरू भाषा मर्छ । यसरी सीमान्तकृतको कुरा जहाँको तहीं हुन्छ ।

चौथो कुरा, प्रविधि शासकहरूको, ठुला देशको वा प्रभावशालीको भाषा, संस्कृति र मान्यताको रक्षा गर्ने साधन हो । यसले डाटाको उपनिवेश मात्र बनाउँदैन, ज्ञानको पनि उपनिवेश गर्छ । राज्यको निगरानी गर्छ । व्यक्तिको निगरानी गर्छ । यो आयामको पनि अध्ययन भएको छैन । अध्ययन नहुनु, प्रयोग नहुनुको पछाडि नेपाली समाज त्योस्तरमा विकास भइरहेको छैन ।

हामीले भर्खरै मात्र सरकारी कार्यालयमा पेपरलेसको कुरा गरिरहेका छौं । तर, अहिलेसम्म पेपरलेसको कुरा पूर्ण रूपमा लागू भइसकेको छैन । किनभने, इन्टरनेट, सफ्टवयेर, डिभाइस केही पनि पहुँचमा छैन । त्यसैले पहुँच, प्रयोगका लागि जुन स्तरको अर्थतन्त्र चाहिने हो, जुन स्तरको जनशक्ति चाहिने हो, डिभाइस चाहिने हो हाम्रोजस्तो देशलाई त्यस्तो प्लाटफर्म प्रयोग गर्न त्यति सजिलो छैन ।

अनुसन्धानमा एआईको प्रयोग गर्न थालिएको छ । सूचना संकलनका लागि त्यो भर्खर सुरु भएको छ । त्यो सहयोगी माध्यम हुन सक्छ । किनभने एआईले धेरै सूचना एकै ठाउँमा ल्याइदिन्छ । तर, त्यो सूचना धेरै विश्वसनीय हुँदैन । तर, प्रयोग गर्न सकिन्छ । प्रविधिले मानवीय सम्बन्ध, असमानता सिर्जना गरिरहेको छ । यो कुरा बुझ्न डिजिटल प्लाटफर्म आफैंमा संरचना हो । यसले मान्छेलाई भौतिक सम्पर्कबाट विच्छेद गरिरहेको छ । भौतिक रूपमै भेट्नु नपर्ने, यसले भौतिक रूपमा सम्पर्कविच्छेद गरिरहेको छ । मान्छेहरूमा आफैंले सोच्ने रचनात्मक क्रम बिस्तारै हराउँदै छ । प्रविधिले सामाजिक सम्बन्धलाई डिजिटाइज्ड गरेको छ । जब भौतिक भेटघाट कमजोर हुन्छ, तब मानिसको भावानात्मक सम्बन्ध कमजोर हुन्छ ।

वेलावेला भेट हुने भनिए पनि मान्छेहरूको हिजोको जस्तो भावनात्मक सम्बन्ध छैन । त्यसको एउटा कारण डिजिटल प्लाटफर्मकै कारण हो । दोस्रो मान्छेहरूमा अब 'सबै इन्टरनेट, गुगलमा पाइहालिन्छ । एआईमा खोज्दा पाइहाल्छ नि' भन्ने भएको छ । रचनात्मक ढंगले सोच्न छाडेका छन् । लेख्न छाडेका छन् । अहिले मान्छेहरू एकप्रकारको रोबोटिकजस्तो भएको छ । यसले मानवीय सम्बन्ध कमजोर बनाउँदै छ ।

मानिसहरूको गोपनीयतालाई यसले जानिँदो-नजानिँदो तरिकाले सतहमा ल्याइरहेको छ । मान्छेले आफ्नो कुरालाई प्लाटफर्ममा व्यक्त गर्छ । फोटो हाल्छ । भिडियो हाल्छ । भावना व्यक्त गर्छ । यसले मान्छेहरूको व्यक्तिगत, सामुदायिक गोपनीयतालाई सार्वजनिक गरिरहेको हुन्छ । यो माध्यमबाट केही शक्तिशाली व्यक्ति, समूह, देशले तथ्यांक संकलन पनि गरिरहेको छ । डिजिटल प्लाटफर्म सामान्य मानिसका लागि एक्सप्रेसनको माध्यम भयो । तर, उनीहरूका लागि निगरानीको माध्यम भएको छ । त्यसकारण डिजिटल प्लाटफर्म, डिभाइस हामीले सोचेजस्तो सन्तुलित डिभाइस होइन । यो निश्चित समाजको उत्पादन, निश्चित मान्छेहरूको इन्टेरेस्ट सेभ गर्ने माध्यम हो । राजनीतिक इन्ट्रेस्ट सेभ गर्ने माध्यम हो । निगरानी गर्ने माध्यम हो । असमानता बनाउने माध्यम हो ।

असमानताको खाडल झनै व्यापक

डिजिटल संसारले असमानताको खाडललाई झनै व्यापक बनाउँछ । यसले सामाजिक सञ्जाल प्रयोग गर्नेलाई भन्दा यसको मालिकलाई धेरै फाइदा दिइरहेको छ । यसले वर्गीय खाडल त बढाउँछ नै । सांस्कृतिक, भाषिक खाडल पनि बढाउँछ । यसले संसारभरको आदिवासीको भाषा मेटाउँदै जान्छ । संसारभरको आदिवासीको ज्ञान प्रणालीलाई पछौटेको नाममा बिस्तारै पाखा लगाउँदै जान्छ । हाम्रा पुराना मिथ, अभ्यासलाई रूढीवादीको नाममा मेटाउँदै लैजान्छ ।

अन्ततः यसले पश्चिमा ज्ञान उत्पादन प्रणाली मात्र ठिक हो । भन्नेतिर लैजान्छ । पश्चिमाको कुरा ठिक भन्नका लागि डिजिटल एल्गोरिदमले बारम्बार प्रवर्द्धन गर्छ । तपाईंले हेर्न नचाहे पनि आइरहन्छ । उसले डिजिटल प्लाटफर्मबाट आफ्ना कुरा थोपरिरहन्छ । यसबाट असमानताको खाडल स्वाभाविक रूपमा बढाउँछ ।

डिजिटल सोसियोलोजीले प्रविधि, समाज र शक्तिबिचको सम्बन्धलाई आलोचना गर्छ । प्रविधि र शक्ति एकआपसमा अन्तरसम्बन्धित छ । जो शक्तिशाली छ, त्यो शक्तिशालीले प्रविधिको प्रयोगबाट आफ्नो शक्ति निर्माण गर्छ । शक्ति प्रयोग गरेर अरूमाथि प्रभुत्व पनि कायम गर्छ । प्रविधिको माध्यमबाट उसले आफ्नो कुरालाई मान्छेहरूबिचमा लैजाने काम गर्छ । प्रविधि र शक्ति एकआपसमा नछुट्टिने कुरा हो । कमजोरको पहुँचमा प्रविधि हुँदैन । कमजोरले त्यो प्रविधि प्रयोग गर्न पनि सक्दैन ।

(कुराकानीमा आधारित)



अनिता कार्की, जोन कुँवर र हिरा नेपाली





> सफाइकर्मी **शोभा बरुवाल** भन्छिन्- मैले काम सुरु गर्दा फोहोरमा काम गर्ने भनेर मान्छेले फरक व्यवहार गर्थे । तर, अहिले केही फरक आएको छ । हामीले गर्दा नै काठमाडौं सफा हुँदै गएको हो भन्ने मान्छेलाई पर्न थालेको छ ।

तस्बिर : दीपेन्द्र डुंगाना

श्रम

● शान्ति तामाङ

काठमाडौंका हामी हिँड्ने सफा र धुलोरहित सडकमा कसले पसिना बगाएका होलान् ? धेरैलाई जानकारी नहुन सक्छ । हामीलाई जानकारी नभए पनि सरसफाइकर्मी वर्षौंदेखि सडक सफा गर्नमा तल्लीन छन् ।

बनेपाकी रमिला देउलाले काठमाडौं महानगरपालिकामा कुचिकारका रूपमा ३० वर्षअघि नै सडक सफाइको काम सुरु गरिन् । २०५२ सालमा कामकै सिलसिलामा काठमाडौं पसेकी उनले महानगरको कर्मचारीका रूपमा काम सुरु गरिन् । तर, त्यसवेला उनलाई गरिने व्यवहार भने डरलाग्दो थियो । उनीजस्ता सरसफाइको काम गर्नेलाई घरको पेटीमा समेत बस्न दिँदैनथे । काम गरिरहँदा कोही आइपुगे, काम नै रोक्नुपर्थ्यो । घरको मंगाल सफा गर्नुपर्थ्यो ।

मान्छेलाई जस्तो व्यवहार पटक्कै गरिँदैनथ्यो । तर, अहिले ती दिनमा आकाश-जमिनको फरक छ । अहिले र पहिलामा आफ्नो कामको विषयलाई लिएर गरिने विभेद फरक भएको उनी बताउँछिन् । कामकै आधारमा उनले भोगेको एउटा विभेद यस्तो थियो- अलि पहिले नै एकजना सरले तिमीले राम्रो काम गर्दी रहेछौ । भित्र काम गर्ने मानिस भएन । त्यसैले अब बाहिर काम गर्नुपर्दैन । भित्र चिया बनाउने काम गर भन्नुभयो । त्यहीं अर्को हाकिम सरुवा भएर आउनुभयो । उहाँले फलानो यस्तो हो, यस्ताको हातबाट के चिया खानु भन्नुभयो । कार्यालयभित्रै यस्तो व्यवहार हुन्थ्यो ।'

करिब १३ वर्षदेखि उनी नाइकेका रूपमा काम गर्दै छिन् । उनको काम कहाँ सफा भयो, कहाँ बाँकी छ, कसलाई, कहाँ पठाउने भन्ने भएको छ । उनको भूमिकामा परिवर्तन भएसँगै कुचीकारलाई गर्ने व्यवहारमा परिवर्तन भएको उनलाई लागेको छ । 'पहिले सफाइको काम गर्नेबित्तिकै हाम्रो नजिक नबसोस्, वरपर नदेखियोस् भन्ने हुन्थ्यो । पानीसमेत खान दिँदैनथे । घरको पेटीमा समेत बस्न दिँदैनथे । उनले भनिन्, 'अहिले धेरैजसो मानिसमा परिवर्तन आएको छ । काम गर्ने, सफा गर्ने मानिस हो, बस्नुस् । पानी पिउनुस् भन्छन् । पानी किनेरै दिन्छन् । चिया खान दिन्छन् । अहिले धेरै परिवर्तन आएको छ ।'

उनले काम सुरु गर्दाताका बिहान ५ देखि ९ बजेसम्म र दिउँसो १ देखि ४ बजेसम्म गरी आठ घन्टा काम गर्नुपर्थ्यो । अहिले त्यो समयावधि फेरिएर बिहान ६ देखि दिउँसो २ बजेसम्म भएको छ । पहिला उनले काम गर्दा स्वास्थ्य सुरक्षाका सामान केही पाइँदैनथ्यो । सडक बढार्न कुचो मात्र दिइन्थ्यो । अहिले सुरक्षाका सामान मास्क, पन्जा, हेलमेटजस्ता धेरै सामान उपलब्ध हुन्छन् । कोभिडपछि दिनमा एक सिफ्ट मात्र काम गर्नुपर्ने भए पनि सरसफाइ क्षेत्रमा कर्मचारीको अभावका कारण कामको भार थपिएको उनी बताउँछिन् । 'पहिलेजस्तो मान्छे पनि धेरै छैनन् । कामको भार थपिएको छ । कसैले काम छाडे, मान्छे थपिएन । हामीले जनप्रतिनिधिलाई कुरा पनि राखेका छौं । अब आउने भाइबहिनीलाई हाम्रो भन्दा राम्रो होस् भन्ने लागेको छ,' उनले भनिन् ।

सफाइकर्मीलाई हेर्ने नजर

देउलाले भनेजस्तै सफाइकर्मीलाई हेर्ने नजरमा धेरै परिवर्तन आएको छ । त्यसैले, पछिल्लो समय यो पेसामा युवापुस्तासमेत देखिएका छन् । तीन वर्षअघि तीन सयजना सरसफाइकर्मी भर्ती गर्दा धेरै युवा आएका छन् ।

मकवानपुरकी अनिता कार्कीले महानगरमा सफाइको काम गरेको तीन वर्ष पुग्नै लाग्यो । पहिला सिलाइबुनाइको काम गर्ने उनी अहिले महानगरको सफाइकर्मी भएकी छिन् । बिहान ६ देखि २ बजेसम्म काम गर्छिन् । १ नम्बर वडाको धेरै क्षेत्रमा काम गर्ने भए पनि उनी आवश्यकताअनुसार विभिन्न वडामा पुग्छिन् । 'महानगरको सफाइकर्मी हुँ भन्न गाह्रो छैन । हामीले गर्दा नै पहिले धेरै फोहोर काठमाडौं अहिले सफा भएको छ । धेरै मान्छेलाई हामीले गर्दा

साप्ताहिक राशिफल

१७ माघ (शनिबार)
२३ माघ (शुक्रबार)



● **सुरेशचन्द्र रिजाल**
ज्योतिष तथा वास्तुविद् । मो. : ९८५१०६११२४

मेष

(चु, चे, चो, ला, लि, लु, ले, लो, अ)

फाइदाका लागि केही वस्तु त्यागुपर्ने हुन सक्छ । तत्काल खर्च लागे पनि पछिका लागि सञ्चय हुनेछ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्नुहोला । बिहीबारदेखि परिवारजनसँगको सम्पर्कले उत्साह जाग्नेछ । अनावश्यक जमघटले काममा बाधा पुऱ्याउला । पठनपाठनमा समय दिन नसकिए पनि व्यावसायिक काम सम्पादन हुनेछन् । सप्ताहान्तमा प्रतिस्पर्धीहरूबाट सजग रहनुहोला ।

वृष

(इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)

सुरुमा चिताएको काम बन्नाले मनग्ये लाभ हुनेछ । दिगो आम्दानीका स्रोत प्राप्त हुनेछन् । बुधबारदेखि आकस्मिक खर्च बढ्नाले समस्या उत्पन्न होला । पहिले गरेको काम दोहोऱ्याउनुपर्ने अवस्था आउन सक्छ । स्वास्थ्यमा ध्यान पुऱ्याउनुहोला । अवसरका लागि केही दौडधुप गर्नुपरे पनि शुक्रबारपछि मिहिनेतको प्रतिफल प्राप्त हुनेछ । रोकिएको काम बिस्तारै बन्नेछ ।

मिथुन

(का, कि, कु, घ, ङ, छ, के, को, ह)

आफ्नो क्षेत्रमा अरूले प्रभाव जमाउन सक्छन् । प्रतिष्ठित व्यक्तिहरूसँग प्रतिस्पर्धा बढ्नेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ । केही खर्च लागे पनि विशेष दायित्व वहन गर्दै यात्रा गर्ने अवसर जुट्न सक्छ । बिहीबार अर्थ अभावले ऋणकर्जा बढाउन सक्छ । सप्ताहान्तमा लामो समयदेखि प्रतीक्षा गरिएको काम बन्नेछ । रमाइलो भेटघाटले पारिवारिक आनन्द दिलाउनेछ ।

कर्कट

(हि, हु, हे, हो, डा, डि, डु, डे, डो)

अरूका काममा जुट्नुपरे पनि फाइदा आफैंलाई हुनेछ । इतिहास एवं संस्कृतिको जगेर्नामा रुचि जाग्नेछ । सुख-दुःखमा साथ दिनेहरू प्रशस्तै भेटिनेछन् । चुनौतीहरूलाई समेत पन्छाउन सकिनेछ । राजनीति र नोकरीमा पनि प्रसिद्धि बढ्नेछ । कीर्तिमानी काम गर्ने अवसर जुट्नुका साथै आम्दानीसमेत बढ्नेछ । दिगो आम्दानीको स्रोत फेला परे पनि सप्ताहान्तमा खर्च बढ्नेछ ।

सिंह

(मा, मि, मु, मे, मो, टा, टि, टु, टे)

प्रारम्भमा अवसरका लागि चुनौतीसँग लड्नुपर्ने देखिन्छ । शारीरिक अस्वस्थताको पनि योग छ । शुक्रबारदेखि स्थितिमा सुधार आउनेछ । शनिबार र आइतबार आफ्नै निर्णयले अप्ठ्यारो पर्न सक्छ, अरूको भावना बुझ्ने चेष्टा गर्नुहोला । चुनौती सामना गर्नुपरे पनि मिहिनेत गर्दा काम बन्नेछ । मित्रहरूको सञ्जाल फराकिलो हुनुका साथै प्रेमको बन्धनसमेत कसिने योग छ ।

कन्या

(टो, प, पि, पु, ष, ण, ठ, पे, पो)

प्रियजनसँगको भेटघाटले सुरुवात रमाइलो रहनेछ । यात्रा गर्ने अवसर जुट्नुका साथै आतिथ्यपूर्ण सम्मान पाइने समय छ । बुधबार परिस्थिति अलि प्रतिकूल रहन सक्छ । आँटेको काम रोकिन सक्छ । शुक्रबारदेखि मिहिनेत गर्दा विभिन्न अवसर जुट्न सक्छन् । दिगो फाइदाका लागि लगानी बढाउन सकिनेछ । प्रतिष्ठा बढ्नुका साथै पछिसम्म फाइदा हुने कामको जिम्मेवारी प्राप्त हुनेछ ।

तुला

(र, रि, रु, रे, रो, ता, ति, तु, ते)

परिबन्धले झमेला निम्त्याउने समय भएकाले मनको भाव व्यक्त गर्न उपयुक्त साइत पर्खनुहोला । विलासितामा धन खर्च हुनेछ । पतिपत्नीमा असमझदारी बढ्न सक्छ । आफ्ना योजना गोप्य राखी हिम्मत जुटाउनुहोला । रमाइलो क्षणमा अचानक समस्या देखापर्न सक्छ । खर्च भए पनि व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ ।

वृश्चिक

(तो, ना, नि, नु, ने, नो, या, यि, यु)

स्वास्थ्य कमजोर रहे पनि बौद्धिक जमातलाई आकर्षित गर्न सकिनेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । प्रतिस्पर्धीहरूलाई सजिलै पछि पार्न सकिनेछ । व्यवसायका लागि यात्रा गर्ने अवसर जुर्न सक्छ । अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला आइपर्ला । प्रेममा अविश्वास जाग्नेछ भने मनको डरले पनि सताउन सक्छ । सद्विचारले अभिप्रेरित हुनेहरूलाई भने फाइदै हुनेछ ।

धनु

(ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)

सामाजिक कार्यले सम्मानित स्थान दिलाउनेछ । तर्कशक्ति बढ्नेछ भने सहपाठीहरूलाई पछि पार्दै शैक्षिक गतिविधिमा फाइदा उठाउन सकिनेछ । बुधबारदेखि प्रतिस्पर्धीहरूले दुःख दिन सक्छन् । समयको गतिलाई पछ्याउन नसक्दा अलि दुःख पाइनेछ । महत्त्वाकांक्षी योजना सार्वजनिक गर्न केही समय पर्खनुहोला । सप्ताहान्तमा कामले धेरैलाई प्रभावित बनाउन सकिनेछ ।

मकर

(भो, ज, जि, खि, खु, खे, खो, गा, गि)

पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिनाले समस्या आउला । अरूको मात्र भर पर्दा महत्त्वाकांक्षा पूरा नहुन सक्छ । नाता गाँस्नेहरूसँग सजग रहनुहोला । लगनशीलताले विभिन्न अवसर दिलाउन सक्छ । समुदायको हितमा गरिएका कामको तारिफ हुनेछ । सप्ताहान्तमा भने मौका आए पनि नयाँ काममा हातहाल्नुअघि राम्ररी विचार पुऱ्याउनुहोला ।

कुम्भ

(गु, गे, गो, सा, सि, सु, से, सो, द)

प्रारम्भमा बोलीको भरमा काम बन्नेछ भने मिहिनेत गर्दा फाइदा उठाउन सकिनेछ । चिनजानले पनि अवसर दिलाउन सक्छ । प्रतिस्पर्धीहरूलाई सजिलै वशमा ल्याउन सकिनेछ । सहयोगीहरू जुट्नाले व्यवसायमा राम्रै फाइदा हुनेछ । शुभचिन्तकहरूको सुझाबलाई बेवास्ता गर्दा दुःख पाइनेछ । टाढिएका आफन्तहरू नजिकिनेछन् । रोकिएका काम बन्नेछन् भने प्रतिस्पर्धीहरूले हार खानेछन् ।

मीन

(दि, दु, थ, झ, ञ, दे, दो, च, चि)

लगनशीलताले प्रतिष्ठित काम गर्ने मौका दिलाउनेछ । रमाइलो जमघटका बिच विशेष उपहार र स्वादिष्ट खानपानको आनन्द पाइएला । बिहीबारदेखि अरूको भावनालाई बेवास्ता गर्दा समस्या देखापर्नेछ । आश्वासन दिएर झुक्याउनेहरूले सताउलान् । सप्ताहान्तमा स्थितिमा सुधार आउनेछ भने पुरानो समस्या सुल्झाउन पनि सफल भइनेछ ।

(नेपालमा वातावरणीय कानुन : एक मार्गचित्र' विनोदप्रसाद शर्मा र मुकेश डुंगानाद्वारा लेखिएको पुस्तक नेपालको वातावरणीय कानुनी संरचना, विकासक्रम, वर्तमान अवस्था र भावी दिशालाई समग्र रूपमा प्रस्तुत गर्ने महत्त्वपूर्ण कृति हो । यो पुस्तक नेपालमा वातावरणीय कानुनको विकास, संरचना, कार्यान्वयन र चुनौतीलाई समग्र रूपमा प्रस्तुत गर्ने उद्देश्यले तयार गरिएको छ ।

सात परिच्छेदमा विभाजित यस पुस्तकमा वातावरण र कानुनको अन्तरसम्बन्धलाई सैद्धान्तिक र व्यावहारिक दुवै दृष्टिकोणबाट विश्लेषण गरिएको छ । पुस्तकको पहिलो परिच्छेदमा वातावरण र वातावरणीय कानुनको आधारभूत परिचय दिइएको छ ।

पुस्तकमा पर्यावरणको प्रकृति, प्रदूषण, वातावरणीय समस्याको प्रकृति र कानुनी वातावरणजस्ता विषय समेटिएका छन् । वातावरण कानुनका स्रोत, न्यायिक निर्णय, प्रशासनिक निर्णय, अन्तर्राष्ट्रिय कानुन, न्यायिक पुनरावलोकनको चर्चा गरिएको छ । त्यस्तै, वातावरणीय कानुनका तत्त्वहरू, कानुनका कार्यहरू, बजारसंयन्त्रजस्ता विषयको व्याख्या गरिएको छ । नेपालमा वातावरण कानुनको विकासको विश्लेषण गरिएको छ ।

दोस्रो परिच्छेदमा नेपालमा वातावरण नीतिअन्तर्गत आवधिक योजना र क्षेत्रगत नीतिहरूको विश्लेषण गरिएको छ । तेस्रो परिच्छेदमा वातावरणसम्बन्धी संवैधानिक व्यवस्थाको विस्तृत अध्ययन गरिएको छ । नेपाल अधिराज्यको संविधान २०४७ पूर्वदेखि हालको संविधान ०७२ सम्मका



श्रमको सम्मान खोज्दै सहर सफाइकर्मी

भन्छन्- काम सानो-ठुलो हुँदैन । हामीलाई सम्मानजनक रूपमा हेरियोस् । हामीलाई पनि सुनियोस् ।

नै सफा भएको भन्ने भएको छ । त्यसैले, खुसी लाग्छ,' उनले भनिन् । कम्पनीमार्फत काम गरिरहेका उनीहरूले मासिक १८ हजार पारिश्रमिक पाउँछन् । कम्पनीमार्फत पाँच वर्षका लागि काम गरिरहेकी उनी महानगरले आफूहरूलाई करारमा राखिदिए सफाइकर्मीमाथि न्याय हुने बताउँछिन् ।

जुम्लाकी हिरा नेपाली काठमाडौं बस्न थालेको नै १५ वर्ष भयो । उनले १२ कक्षासम्म पढेकी छिन् । उनलाई पनि सफाइकर्मी भएर काम गर्दा खुसी नै लाग्छ । आफूनै देशमा बसेर काम गर्न पाउँदा उनलाई गर्व महसुस हुन्छ । 'सफाइकर्मी भएकै कारण कसैले नराम्रो व्यवहार गरेजस्तो लाग्दैन,' उनले भनिन्, 'मलाई मेरो जिल्लाका मान्छेले कहाँ, के काम गर्छौं ? भनेर प्रश्न गर्छन् । म महानगरमा सफाइको काम गर्छु भनेर गौरवसाथ भन्न सक्छु ।'

काठमाडौंका जोन कुँवरले १२ कक्षासम्म पढेका छन् । सात वर्ष दुबईमा बसेर सन् २०२१ मा नेपाल फर्किएका हुन् । नेपाल आएपछि महानरपालिकाले तीन सयजना सरसफाइकर्मी माग गऱ्यो । त्यसपछि उनी महानगरपालिकामा सफाइकर्मीको रूपमा गरिरहेका छन् । सुरुका दिनमा सडकमा कुचो लिएर निस्कनुपर्दा अप्ठ्यारो भए पनि अहिले कामकै कारण फरक अनुभव नभएको बताउँछन् । 'सुरुका दिन अप्ठ्यारो लाग्थ्यो । लाज पनि लाग्थ्यो । तर, अहिले काम गर्दै गएपछि महानगरमा काम गर्ने भनेपछि मान्छेले अहो ! भनेर सम्मान बढाइदिएका छन् । त्यसैले, अहिले यहाँ काम गर्छु भन्दा खुसी लाग्छ,' उनले भने ।

उनी मास्क, चस्मा लाएर हिँड्नुपर्ने अवस्थालाई आफूहरूले अहिलेको अवस्थामा ल्याउन सकेकोमा खुसी लाग्ने बताउँछन् । 'बाटोमा हिँड्न सकिने अवस्था भएको छ । नाक, मुख थुन्नुपर्ने अवस्थाको अन्त्य भएको छ,' उनले भने, 'हामीले आफ्नो तर्फबाट गर्नुपर्ने काम इमानदार भएर गरेका छौं । त्यसैले, महानगरले हाम्रो टोलीलाई करारमा राख्यो भने राम्रो हुन्थ्यो भन्ने लागेको छ । उमेर बढ्दै गएपछि हामीलाई लिने कोही पनि हुन्न । हाम्रो दुःख बुझिदिए हुन्थ्यो ।'

रञ्जु कार्की पनि महानगरमा सरसफाइकर्मी भएर काम गर्न थालेको तीन वर्ष लाग्न थाल्यो । दोलखाकी उनी सुरुवाती दिनमा घरेलु कामदारको रूपमा काम गर्थिन् । महानगरले सरसफाइकर्मीको माग गरेपछि उनी यो पेसामा छिरिन् । सरसफाइकर्मी भएर काम गरिरहँदा उनलाई सबैले गर्ने व्यवहार एकैनास हुँदैन । खोला, ढलसमेत काम गर्नुपर्ने भएकाले उनले कहिलेकाहीं अरूको हेलोहोचो पनि सहनुपर्ने हुन्छ । जे भए पनि उनी महानगरले सरसफाइकर्मीलाई महानगरले करारमा लिए हुन्थ्यो भन्ने लागेको छ । 'हाम्रो कामलाई सबैले सकारात्मक रूपमा लिँदैनन् । दैनिक आठ घन्टा काम गर्नुपर्ने हाम्रो पेसाको महत्त्व कम छैन । त्यसैले अहिले कम्पनीमार्फत काम गरिरहेका हामीलाई महानगरले नै लिए हुन्थ्यो भन्ने लागेको छ,' कार्कीले भनिन् ।

> हामीले गर्दा नै पहिले धेरै फोहोर काठमाडौं अहिले सफा भएको छ । धेरै मान्छेलाई हामीले गर्दा नै सफा भएको भन्ने भएको छ । त्यसैले खुसी लाग्छ ।

शोभा बरुवालले महानगरमा सरसफाइकर्मीको रूपमा काम थालेको पाँच वर्ष भयो । सफाइकर्मी भएकै कारण उनले सुरुवाती दिनमा केही फरक व्यवहार भोगिन् । तर, अहिले अवस्था फरक भएको उनी बताउँछिन् । 'मैले काम सुरु गर्दा फोहोरमा काम गर्ने भनेर मान्छेले फरक व्यवहार गर्थे । तर, अहिले केही फरक आएको छ । हामीले गर्दा नै काठमाडौं सफा हुँदै गएको हो भन्ने मान्छेलाई पर्न थालेको छ,' बरुवालले भनिन् । उनी आफ्नो काममा ठिकठाकै भएको बताउँछिन् । उनका अनुसार सबैले कामको आधारमा भेदभाव नभए हुन्थ्यो ।


सफाइकर्मीलाई पनि सुनियोस्

महानगरका सरसफाइकर्मीमध्ये श्याम पोडे स्थायी कर्मचारी हुन् । उनले महानगरमा सफाइकर्मीको रूपमा काम सुरु गरेका करिब १८ वर्ष भयो । हाल उनी वडा २७ मा नाइकेको रूपमा कार्यरत छन् । सफाइकर्मीको रूपमा काम गर्दाको दिन सम्झँदै उनले भने, 'हामीले गर्ने कामलाई लिएर गर्ने व्यवहारमा एक प्रतिशत मात्र फरक आयो होला । अझै पनि व्यवहार त्यस्तै छ ।' उनले काम गर्दाताका सफाइकर्मीलाई फोहोर काम गर्ने फोहोरीको रूपमा हेरिन्थ्यो । अहिले पनि खासै परिवर्तन नभएको उनी बताउँछन् ।

आफूले काम गरेका वर्ष थपिँदै गए पनि स्तर वृद्धि विकासदेखि दरबन्दीअनुसारको भर्नालगायत विभिन्न कुरामा महानगरले चासो नराखेकोमा दुःख लागेको बताउँछन् । 'कुनै वेला ३५ सयजना सरसफाइकर्मी थिए । अहिले छ सय जना जति होलान् । तैपनि, नयाँ भर्ना गरिएको छैन । हाम्रा स्तरवृद्धि पनि निकै समयदेखि रोकिएको छ । तैपनि, खोइ हाम्रो कुरा कसले सुन्ने ?' पोडेले भने । बिहानैदेखि फोहोरमै रहेर काठमाडौंलाई सफा, धुलोरहित बनाउन लागिपरेका उनीहरूको एउटै चाहना छ, 'काम सानोठुलो हुँदैन । हामीलाई सम्मानजनक रूपमा हेरियोस् । हामीलाई पनि सुनियोस् ।'

वातावरण कानुनसम्बन्धी उपयोगी पुस्तक

चर्चा



पुस्तकले नेपालको वातावरणीय कानुनको ऐतिहासिक पृष्ठभूमिबाट सुरु गर्दै क्रमशः संवैधानिक व्यवस्था, ऐन, नियमावली, नीति तथा अन्तर्राष्ट्रिय कानुनको समेत विश्लेषण गर्छ । नेपालको संविधानले स्वच्छ वातावरणलाई मौलिक हकका रूपमा स्थापित गरेको सन्दर्भलाई लेखकहरूले स्पष्ट रूपमा व्याख्या गरेका छन् ।

व्यवस्थाहरूको तुलनात्मक अध्ययन गर्दै मौलिक हक, राज्यका नीति-निर्देशक सिद्धान्त र संघीय संरचनामा वातावरण कानुनको अवस्थालाई समेटिएको छ ।

चौथो परिच्छेद वातावरण संरक्षणसम्बन्धी कानुनी व्यवस्थामा केन्द्रित छ । यसमा वातावरणीय अध्ययन, रणनीतिक वातावरणीय मूल्यांकन, प्रदूषण नियन्त्रण, जोखिमपूर्ण पदार्थको व्यवस्थापन, जलवायु परिवर्तन, कार्बनव्यापार, वातावरण संरक्षण कोष, कसुर र क्षतिपूर्तिसम्मका विषयहरूको विश्लेषण गरिएको छ । पाँचौं परिच्छेदमा अन्तर्राष्ट्रियस्तरमा स्थापित वातावरणीय मूल्यहरूको चर्चा गरिएको छ ।

छैटौं परिच्छेदमा न्यायिक उपचार र कार्यविधिअन्तर्गत वातावरण संरक्षण ऐन २०७६, रिट उपचार, सार्वजनिक सरोकारका विवाद, वातावरणीय सूचनामा पहुँचजस्ता विषय समेटिएका छन् ।

सातौं तथा अन्तिम परिच्छेदमा नेपालका प्रमुख वातावरणीय मुद्दाहरू जलवायु परिवर्तन, प्रदूषण नियन्त्रण, फोहोरमैला व्यवस्थापन, भूउपयोग, सहरी विकास, खानीलगायतका समसामयिक समस्याहरूलाई प्रस्तुत गरिएको छ ।

पुस्तकले नेपालको वातावरणीय कानुनको ऐतिहासिक पृष्ठभूमिबाट सुरु गर्दै क्रमशः संवैधानिक व्यवस्था, ऐन, नियमावली, नीति तथा अन्तर्राष्ट्रिय कानुनको समेत विश्लेषण गर्छ । नेपालको संविधानले स्वच्छ वातावरणलाई मौलिक हकको रूपमा स्थापित गरेको सन्दर्भलाई लेखकहरूले स्पष्ट रूपमा व्याख्या गरेका छन् । यसले वातावरणीय अधिकारलाई केवल नीतिगत प्रतिबद्धतामा सीमित नराखी नागरिकको अधिकार र राज्यको कर्तव्यका रूपमा बुझ्न सहयोग गर्छ ।

पुस्तकले वातावरणीय प्रभाव, प्राकृतिक स्रोतको दिगो उपयोग, प्रदूषण नियन्त्रण, वन, जल, भूमि, खनिज, जलवायु परिवर्तन र जैविक विविधता संरक्षणजस्ता विषयलाई कानुनी दृष्टिकोणबाट व्याख्या गरेको छ । 'लेक्स एन्ड जुरिस पब्लिकेसन'ले प्रकाशन गरेको यो पुस्तक वातावरण संरक्षण, कानुनका विद्यार्थी, कानुन व्यवसायी, नीति-निर्माता तथा वातावरण क्षेत्रमा चासो राख्ने सबैका लागि उपयोगी हुन सक्छ ।

बदलिन बदल्नुपर्ने मनको सामग्री

चिन्तन



● रामचन्द्र शर्मा

जेन-जी पुस्ताले गरेको आन्दोलनले २१ फागुनमा संघीय संसद्को निर्वाचन हुने सुनिश्चितता सँगै देशको अवस्था बदल्ने अवसर सिर्जना गरेको छ । आखिर देश व्यक्तिहरू मिलेर बनेको हुन्छ । व्यक्तिले जीवनलाई दुःख र संघर्ष ठान्ने हुँदा बदलिएर सुखी हुन चाहन्छ । चाहेर मात्रै बदलाव आउँदैन । सुखी हुने चाहना अधुरो रहँदा झनै दुःखी हुँदै बित्छ जीवन ।

चिनियाँ दार्शनिक लाओत्सुले जीवन बदल्ने सूत्र दिएका छन् । सूत्र हो बदलिन चाहने मानिसले पहिला आफ्नो मनको सामग्री (मनमा संग्रहित विषय) बदल्ने । हरेक मानिस उसकै मनको सामग्री हो भन्दै लाओत्सुले जबतक मनका विषय वा सामग्री तिनै छन् जो आज छन्, तबतक ऊ त्यस्तै रहन्छ जो आज छ भन्ने तर्क गर्छन् । हुन पनि मनमा जे-जस्ता विषय छन्, तिनले मानिसलाई त्यस्तै बनाइरहेको पाउँछौं हामी । कर्म मनबाट उत्पन्न हुने र मनबाटै कर्म गर्ने शक्ति मिल्ने हुँदा जहाँ मन त्यहाँ कर्म पनि साथै हुन्छ । कर्मको दुष्प्रयोजन गराउने उत्प्रेरक, अहंकार र स्वार्थ मनमै बसेका हुन्छन् । तसर्थ, मनका सामग्री नबदलेसम्म मानिस बदलिन सक्दैन भन्ने लाओत्सुको भनाइमा यथार्थता झल्किन्छ ।

मानिसभित्रको अहं झुटो हो । विषयहरूको सहाराले मात्र अस्तित्वमा छ अहं । विषयहरूलाई सहारा दिएर राखेको छ, स्मृतिले । स्मृतिमा तिनै विषय छन्, जो वर्षौंपहिले थिए । बदलिनका लागि ती स्मृतिमा रहेका विषयको याद हटाउने प्रयास गर्नुपर्छ । किनकि स्मृति पनि प्रयासबाट नै राखिएको हुन्छ । प्रयास दुई किसिमले हुन्छ । एक चेतन्यस्वरूप र अर्को कुनै अचेतन स्वार्थ ।

घरमा भएका सबै कुरा स्मृतिमा बसेका हुँदैनन् । मनले यादमा राख्ने प्रयास गर्दै स्मृति बनाएर मनमा राखेका विषय मात्र याद आउँछ । याद विषयको मात्र राखिँदैन, विषयहरूको सम्बन्धबारेसमेत धेरैखाले याद राखिन्छ, जसलाई ज्ञान भनिन्छ । ज्ञान पनि स्मृति मात्र हो । स्मृति गयो भने ज्ञान पनि रहँदैन । सबै कुरा याद राखिँदैनन्, राखेर साध्य पनि लाग्दैन । केवल अहंले आफूलाई चाहिने विषय मात्र स्मृतिमा राख्छ । यिनै स्मृतिका विषयको माध्यमबाट अहंको अस्तित्व रहेको हुन्छ । अहंले आश्रय लिएका विषय मनबाट हटाएपछि अहं स्वतः हट्छ । मानिसको स्वभाव आनन्द हो, अहंको बाक्लो पत्रले मानिसको वास्तविक स्वभाव आनन्दलाई ढाकेर दुःखी बनाएको अहं हटनासाथ स्वतस्फूर्त आनन्दानुभूति गर्छ मानिस ।

रेल गुडेको देखिन्छ, गुडाउने बाफ देखिँदैन । पंखा घुमेको देखिन्छ, घुमाउने विद्युत् देखिन्न । आगो बल्दैन, दाउरा बल्छ । त्यसैगरी, आत्माले कार्य गर्दैन, कार्य शरीर, मन र बुद्धिले गर्छ । कार्य गर्ने शक्ति आत्माले दिएको हुन्छ । आत्माको आडमा शरीर मन र बुद्धिले कार्य गरे भने दुःख र तनावबाट मुक्त हुन्छ जीवन । अहंको लहडमा मानिस चल्यो भने तिनै दुःख र तनावको बन्धनमा पर्छ । निःस्वार्थ भावले कर्म गरे आत्माको आड मिल्दै कर्ममा अकर्म र अकर्ममा कर्म देख्ने क्षमता विकसित हुन्छ । यो क्षमता विकसित हुन आफ्नै कर्महरूको साक्षी बन्दै कर्ता-भोक्ताको भाव मनबाट हटाउनुपर्छ ।



> मनको सामग्री फेरबदल गर्न मनमा खेलिरहने धर्म, अध्यात्म, भगवान्, ईश्वर, आत्मा, सत्य र ब्रह्मको भ्रम र यथार्थ बुझ्नुपर्छ । दुःख निवारणको उपायका रूपमा जन्माइएको धर्मको अवधारणाको सुरुवाती जग अन्धविश्वासमा आधारित छ ।

कर्ता-भोक्ता भाव हटाउन कामनारहित हुनुपर्छ । भविष्यमा विषयोपभोगद्वारा सुख पाउने बुद्धिको योजना हो कामना । कामनाले परिस्थितिलाई आफ्नो अनुकूल बनाउने आग्रह पाल्दै उपलब्ध परिस्थितिमा असन्तुष्ट राख्छ । भविष्यलाई अनुकूल बनाउने भ्रममा पार्छ । कहिल्यै नआउने भविष्य अनुकूल हुने कुरै आएन । उल्टै बिघ्नबाधा निम्तिएर जीवन आनन्दित र प्रेरणादायी बन्नबाट वञ्चित रहन्छ । तसर्थ, सुखी हुन मनबाट कामनाका विषय हटाएर निष्कामताको भाव राख्ने प्रयास गर्नुपर्छ । निष्कामताको अर्थ फल चाहिँदैन भन्ने होइन, भविष्यको फलको चिन्तामा अपव्यय हुने मनको शक्ति कर्म कुशल बनाउन सदुपयोग गरी फल सुनिश्चित गराउने जुक्ति हो । निष्कामताको भाव आत्मज्ञानबाट मात्र आउँछ । आत्मज्ञानी हुन पहिला शक्ति लगाउनुपर्छ । शक्ति हो प्रेम । प्रेम कोसँग गर्दिँदै छ चिन्नुपर्छ । चिनेर गरेको प्रेमले बदलाव ल्याउँदै आनन्द दिन्छ, भलै प्रेम गरेका कारणले दुःख व्यहोर्ने परे पनि । नचिनी प्रेम गरिएको छ भने प्रेम होइन माया हो र गरिएको वस्तु पनि झुटो छ र बदलाव ल्याउँदैन । हाम्रो मनले अहंलाई आत्मा मानेर माया गर्दै विषयको बन्धन खडा गरी बाँधेको छ । शक्ति लगाएर प्राप्त गरेको शक्तिले जीवन आवाद गर्छ, फ्रीमा मिलेको कुराले भएको शक्तिसमेत नष्ट गरेर जीवन बर्बाद पार्छ भन्छन्, भारतीय आध्यात्मिक गुरु आचार्य प्रशान्त । राग, द्वेष, मोह र आसक्ति मनमा आफैं आउँछन्, माया त्यत्तिकै लाग्छ र दुःखमा धकेल्छ । मन निर्मल बनाउन प्रयत्नपूर्वक शील, समाधि र प्रज्ञाको सिँढी चढ्नुपर्छ ।

मन सदा भूत र भविष्यका विषयले भरिएको हुन्छ । सफलता वर्तमानले मात्र दिन्छ । पूर्ण लगनसाथ वर्तमानमा कार्य गर्नु नै सफलता हो । बुद्धिमत्तापूर्वक बाँच्दै कुशलतापूर्वक कार्य गर्न जान्ने व्यक्ति कर्ममा आनन्द मानेर रमाउँछ । बुद्धिमत्तापूर्वक बाँच्नु भनेको मनलाई वर्तमानमा टिकाउनु हो । वर्तमान भनेको सत्य हो । सत्य नै आत्मा हो । मन सदा दिव्य चैतन्यस्वरूपमा राखेर कर्म गर्दा आनन्दको अनुभव हुन्छ । भूत र भविष्य कामनाको स्रोत हो । ज्ञानले सबै कर्म कामना र संकल्परहित भएर गराउँछ । ज्ञानीले कर्मफल त्यागेको हुँदैन, केवल फलप्रतिको मानसिक हठ तथा आसक्ति त्यागेको हुन्छ । किनकि, इच्छित फलको चिन्ता लिएमा कर्म कुशलतापूर्वक गर्न सकिँदैन । त्यसैले बदलिन चाहनेले पहिला मनमा भएका भूत र भविष्यका विषय हटाउनुपर्छ ।

मनका विषय हटाउने विधि आत्मानुभूति नै हो । मनलाई वर्तमानमा टिकाउनु आत्मोन्नतिको दिशामा अघि बढ्नु हो । आत्मोन्नति आत्मावलोकन हो । आत्मावलोकनले अहंकार नष्ट हुन्छ । अहंकार नष्ट भएपछि केवल शरीरद्वारा गरिएको कर्ममा अन्तस्करणमा नयाँ संस्कार उत्पन्न गर्न सक्ने सामर्थ्य हुँदैन । अन्तस्करण संयमित र शुद्ध हुन्छ । अन्तस्करणको पूर्ण संयमता नै अहंकाररहित अवस्था हो ।

समुद्रको बारेमा एकपटक जानेपछि समुद्री लहर स्वतः जानेजस्तै आत्मानुभूति भएपछि बाह्य विषय, भावना एवं विचारको सम्पूर्ण सृष्टि आत्मैमा देखिन्छ । आत्मनिरीक्षणद्वारा आफ्नै अध्ययन गरेर दुर्बलता चिन्दै हटाउने उपाय स्वाध्याय हो । स्वाध्याय साधकका लागि आत्मविकासको साधन हो भने सिद्ध पुरुषका लागि आत्मानुभवमा रमण गर्ने साधन । विचारणीय पक्ष के छ भने ज्ञानोपदेश दिने गुरुमा आध्यात्मिक शास्त्रको पूर्णज्ञान र सत्यको अनुभवमा दृढताको गुण हुनैपर्छ । पुस्तकीय ज्ञान धेरै भए पण्डित हुन सकिन्छ, गुरु हुन सकिँदैन । सच्चा गुरु हुन तत्त्वदर्शी पनि हुनु अनिवार्य छ ।

अहंलाई चिन्न सके मनको सामग्री बदलिन्छ । अहं असुरक्षाको भाव मात्र हो । भाव तथ्य होइन, कल्पना हो । तथ्य हुन्- विषयहरू । विषय दुईखाले हुन्छन् । एक- भएका र अर्को- चाहेका । यी दुईखाले विषय अन्तरसम्बन्धित छन् । विषय हुन्- व्यक्ति, वस्तु र विचार । तथ्य सत्यको द्वार हो ।

सत्य हो आत्मा । शरीर तथ्य हो, आत्मा सत्य हो, जो सर्वकालिक र सर्वत्र छ । त्यसैले, आत्मा त स्वतः छँदै छ । आत्मा नष्ट हुँदैन, अजर अमर छ । आत्मा सदा जेठो छ, तर पहिचान गर्न प्रेमको शक्ति लगाउनुपर्छ । प्रेम समर्पण हो, आफूलाई मेटाउन तयार भएर गरिन्छ । अहंभाव आफैं उत्पन्न हुन्छ । स्वतस्फूर्त आउने कुराले जीवनमा दुःख र अशान्ति ल्याउँछ भन्छन् आचार्य प्रशान्तले ।

अहं अस्तित्वमा आउन षड्यन्त्र गर्छ । जीवनको लक्ष्य के हो भन्ने प्रश्नमा नै अहंको षड्यन्त्र छ । षड्यन्त्र हो, अहंले आफूलाई लुकाएर राखेको छ र लक्ष्य अघि सारेर आफू स्वतः छु भन्ने आभास दिलाएको छ । अहंको वास्तविक अस्तित्व छैन, केवल दाबी मात्र हो अहं । लक्ष्यका विषय अघि सारेर विषयमार्फत अस्तित्व देखाउँछ अहंले । अहंले कहिल्यै पनि म को हुँ भन्ने प्रश्न गर्दैन, गर्न चाहन्नँ । यो प्रश्न गऱ्यो भने शरीरबाट उत्पन्न भएको असुरक्षाको भाव रूपी झुटो अहं स्वतः मेटिन्छ । शरीर र मन होइन जीवन । जीवन त साक्षी चेतन हो । मन र शरीर त साक्षी चेतनाको वाहन हो । चेतन साक्षी भाव आत्मा जो म को हुँ भन्ने प्रश्नमा नेतिनेति (म यो पनि होइन, ऊ पनि होइन भन्दै सत्य पत्ता लगाउने विधि) को सूत्र प्रयोग गर्दा स्वअनुभूति हुन्छ ।

मनको सामग्री फेरबदल गर्न मनमा खेलिरहने धर्म, अध्यात्म, भगवान्, ईश्वर, आत्मा, सत्य र ब्रह्मको भ्रम र यथार्थ बुझ्नुपर्छ । दुःख निवारणको उपायको रूपमा जन्माइएको धर्मको अवधारणाको सुरुवाती जग अन्धविश्वासमा आधारित छ । किनकि, सुरुमा यो सारा सृष्टि सातौं आसनमा बस्ने ईश्वरले रचेको र उसैद्वारा सञ्चालित छ, उसको इच्छाविना पात पनि हल्लिँदैन भनियो । पछि विज्ञानले सारा सृष्टि प्रकृति स्वयंले गरेको हो र प्रकृतिको नियमद्वारा नै सञ्चालित छ भन्ने प्रमाणित गऱ्यो । विज्ञानभन्दा पनि अघि बढेर अध्यात्मले प्रकृतिको आदि र अन्त्यमा सत्य छ । सत्य भनेको आत्मा हो । जसलाई ब्रह्म पनि भनिन्छ । त्यही आत्मा नै प्रकृतिको स्रोत हो । प्रकृति अलग होइन, छैन । आत्मा अनन्त र सर्वत्र छ । आत्माले नै सृष्टि र सञ्चालन गरेको छ । आत्मा घटघटमा छ । हृदय नै आत्मा हो । असली ईश्वर आत्मा हो भन्ने सत्य पत्ता लगायो ।

अन्त्यमा, नाजुक अवस्थामा रहेको देशको अवस्था बदल्न हिजोका स्मृतिले भरिएको नेता र जनताको मन खाली गरेर निर्मल राख्दै वर्तमानमा देशले खोजेको सुशासनको आधारशिला खडा गर्न फागुन एक्काइसको निर्वाचन सदुपयोग गर्ने कुरामा केन्द्रित गर्न जरुरी छ ।

भ्याप्पै !



रवि मिश्र
@rabimishra



सारंगी : जोगिँदै बाजा, हराउँदै कथा

सारंगीले सम्मान पाएको छ, तर सारंगी बजाउने गन्धर्वलाई हेर्ने दृष्टिकोण अझै उस्तै छ

नेपाली लोकसंगीतमा परम्परा र आधुनिकताका सेतुमध्ये एक हुन्, सारंगीवादक किरण नेपाली। चर्चित 'कुटुम्ब' ब्यान्डका प्रमुख सारंगीवादकसमेत रहेका उनले 'प्रोजेक्ट सारंगी'मार्फत नयाँ पुस्तालाई सारंगी सिकाउँदै आएका छन्। सारंगीलाई अन्तर्राष्ट्रिय मञ्चसम्म पुऱ्याउन उनी निरन्तर लागिपरेका छन्। सारंगीको संरक्षण र विकासबारे नेपालीले **पवन बराइली**लाई आफ्नो अनुभव सुनाएका छन् :



संगीत

● **किरण नेपाली**, सारंगीवादक

सारंगी मेरो पेसा मात्र होइन, मेरो इतिहास, पहिचान र समाजसँगको सम्बन्ध हो। मेरो हजुरबुबाले सारंगी बजाउनुहुन्थ्यो। बुबाले पनि केही समय बजाउनुभयो, तर पेसा बनाउनुभएन। म कीर्तिपुरमा जन्मिएँ, त्यहीँ हुर्किएँ। इतिहासले भन्छ, पृथ्वीनारायण शाहले गोर्खाबाट कीर्तिपुर विजय गर्दा गन्धर्वहरूलाई पनि सँगै ल्याएका थिए। त्यसवेला गन्धर्वहरू राज्यका 'सूचनावाहक' थिए। देश-विदेशका खबर, युद्धका सूचना, राजकीय सन्देश, सबै गाउँगाउँमा सारंगीको धुनसँगै पुऱ्याउँथे।

हजुरबुबाले दरबारमा गई सारंगी बजाउनुभयो। राजा महेन्द्रको पालामा पनि हजुरबुबा दरबारमा सारंगी बजाउन जानुहुन्थ्यो। तर, समय फेरियो। राजतन्त्र गयो, संरचना बदलियो। सारंगी बजाउने भनेपछि समाजको दृष्टिकोण एउटै थियो, सानो जातको बाजा, गन्धर्वले मात्रै बजाउने, यसबाट के हुन्छ र ? सारंगीसँगै गन्धर्व पेसा पनि ओझेलमा पर्न थाल्यो।

बाल्यकालदेखि नै सारंगी बजाउनेलाई हेपेको देख्थें। त्यसैले बुबाको चाहना थियो, 'छोरो पढोस्, जागिर खाओस्, सारंगी नबजाओस्।' बुबाको बुझाइ गलत थिएन। समाज नै त्यस्तो थियो। घरमा बुबाले अरूलाई सारंगी सिकाउनुहुन्थ्यो। झ्यालबाट लुकेर हेर्थें। भित्रभित्रै बजाउन आतुर थिएँ, तर भन्न सक्दिनथें। सारंगी मेरो रगतमा थियो, तर छुने आँट थिएन। त्यही कारण होला, म गितारतिर लागेँ। स्कुल, कलेज, ब्यान्ड, होटेल, सबैतिर गितार नै बजाएँ। गितारमा सम्मान थियो, पैसा थियो, अवसर थियो। १७ वर्षसम्म गितार मेरो मुख्य बाजा बन्यो। पेसागत रूपमा सफल पनि भएँ। तर, मभित्र कतै खालीपन थियो। असन्तुष्टि थियो। मलाई सारंगीको धुनले निरन्तर तानिरह्यो। किनभने त्यो धुन मेरो पुर्खाको थियो, मेरो इतिहासको थियो। मैले साहस गरेर सारंगी बजाएँ। सारंगी समातेको ६ महिनामै 'कुटुम्ब' ब्यान्डमा आबद्ध भएँ।

बजारमा पाइने सारंगीको गुणस्तरबाट सन्तुष्ट थिइनँ। कहाँ किन्ने ? बिग्रिएपछि के गर्ने ? पोस्ट-सर्भिस नै थिएन। लामो अध्ययनपछि कीर्तिपुरमै सारंगी कारखाना खोलेँ। त्यसपछि सुरु भयो, 'प्रोजेक्ट सारंगी'। अहिले विदेशीसमेत सिक्न आउँछन्। पछिल्लो समय सारंगीप्रतिको हेराइ परिवर्तन भएको छ।

सारंगीको बदलिँदो यात्रा

सारंगी गन्धर्व समुदायको पहिचान बोकेको बाजा हो। कुनै समय यो जीविकाको मुख्य आधार पनि थियो। पछिल्लो समय गैर-गन्धर्व युवाहरूको समेत यसप्रति आकर्षण बढ्दै गएको छ। यसलाई हामीले प्रतिस्पर्धाको रूपमा होइन, संरक्षण र विस्तारको अवसर हो भन्ने बुझ्नुपर्छ। हिजोआज गैरगन्धर्वले सारंगी बजाए भने गन्धर्वको पेसा खोसिन्छ भनेको सुनिन्छ। गैरगन्धर्व सारंगीवादक सक्रिय हुनु भनेको सारंगीको संरक्षणमा थप टेवा पुग्नु हो। यसलाई संकट होइन, संरक्षणको रूपमा हेर्नुपर्छ।

अहिले सारंगीको बजार विस्तार भएको छ। यसको गुणस्तर सुधारिएको छ, प्रस्तुति र प्रयोगको दायरा पनि फराकिलो भएको छ। जति धेरै मानिसको आकर्षण बढ्छ, त्यति नै नयाँ आइडिया जन्मिन्छन्। सारंगीलाई सबै समुदायले अँगाल्न थाल्यो भने त्यसको विस्तार व्यापक हुन्छ।

क्षणिक रूपमा गन्धर्व समुदायलाई केही अप्ठ्यारो पर्न सक्छ। तर, दीर्घकालीन रूपमा लाभदायक नै हुन्छ। गन्धर्व समुदायले कुनै समय छोड्दै गएको सारंगीलाई अहिले फेरि आत्मसात् गर्न थालेका छन्। परम्परागत रूपमा सीमित रहेका गन्धर्व परिवारका नयाँ पुस्ताले सारंगीलाई परिमार्जन गर्दै अघि बढेका छन्, जुन अत्यन्त सकारात्मक पक्ष हो। अहिले उनीहरू यस क्षेत्रमा व्यावसायिक रूपमा समेत सक्रिय हुन थालेका छन्। कुनै समय बाबुले छोरालाई मात्रै सारंगी सिकाउने चलन थियो। अहिले पाठ्यक्रम बनाएर विद्यालयमै समेत सारंगी सिकाउन थालिएको छ। सारंगीको सिकाइमा पनि परिवर्तन आएको छ।

सारंगी भन्नेबित्तिकै आफ्नोपनको अनुभूति हुन्छ। जुनसुकै जात, समुदायका मानिसलाई पनि सारंगीको धुनले तान्छ। यसले मानिसको मनसँग गहिरो सम्बन्ध जोड्छ। अहिले सारंगी केवल बजाउनेमा मात्र सीमित छैन, बनाउनेहरूको संख्या पनि बढ्दै गएको छ। पहिले धेरै गन्धर्वहरू जीविकोपार्जनका लागि बिदेसिन बाध्य थिए। अहिले भने सारंगी बनाएर नै जीवनयापन गर्न सक्ने अवस्था बन्दै गएको छ। यसले सीप अभिवृद्धि गरेको छ, र नयाँ सम्भावनाहरू सिर्जना गरेको छ।

सारंगी नेपालीको साझा बाजा भन्ने धारणा विस्तार हुँदै जानु सकारात्मक परिवर्तन हो। तर, यही बाजाबाट सदियौँदेखि जीविका चलाउँदै आएका गन्धर्व समुदायको सामाजिक-आर्थिक सुरक्षा कसरी सुनिश्चित हुन्छ भन्ने प्रश्न पनि सँगसँगै उठ्छ। संरक्षण र विस्तारको नाममा परम्परागत समुदायको अस्तित्व लोप हुन नदिनु हाम्रो दायित्व हो।

सारंगी धुनलाई बजाउँदा प्रशंसा गरिन्छ। तर, अझै पनि सारंगीलाई जातसँग जोडेर हेरिने दृष्टिकोण उस्तै छ। यही नै हाम्रो समाजको ठुलो विरोधाभास हो। यो सोच भत्किन समय लाग्छ। म आफैँ गाउँमा सारंगी बोकेर जाँदा हेर्ने नजर फरक भएको महसुस गर्छु। त्यही अरूका लागि कला बन्छ, गन्धर्वका लागि पहिचान र हीनतासँग जोडिन्छ।

तर, मैले आफूले बोकेको बाजालाई कति गर्वका साथ प्रस्तुत गर्छु ? मेरो आत्मविश्वास, प्रस्तुतिले पनि दृष्टिकोण बदल्न सक्छ। गाउँमा सारंगी बजाउने गन्धर्वको भोगाइ आज पनि उस्तै छ, उसलाई हेर्ने दृष्टिकोण पनि उस्तै छ। हामी अझै पुरानो सोचमै अड्किएका छौँ। त्यसैले, बाजालाई होइन, दृष्टिकोणलाई बदल्नुपर्छ।

मसँग सारंगी सिक्न आएका एक ब्राह्मण समुदायका विद्यार्थीको अनुभव यसैको उदाहरण हो। उनले भने, 'म सारंगी सिक्न आउँछु, तर घरमा चाहिँ सारंगी लान्नँ।' उनले आफ्नो घरमा बुबाआमालाई भन्न डराएका थिए। मैले भनेँ, 'सारंगी घरमै लैजाऊ, केही भयो भने म जिम्मा लिन्छु।' सुरुमा उनका बुबा रिसाएछन्। तर पछि, सारंगी बजाएर देश र आफूलाई चिनाउन सकिन्छ भन्ने बुझ्छन्। त्यसपछि दृष्टिकोण बदलियो। नेपालको कुनै पनि रैथाने बाजा जात विशेषको होइन। यी सबै लोकबाजा हुन्, सबैका साझा सम्पदा। सारंगी सबैले सिक्नुपर्ने बाजा हो।

मैथिली संगीत मिथिलाको मात्र होइन, मेरो पनि हो। सिक्ने र बजाउने दायित्व मेरो पनि हो। सुदूरपश्चिमको देउडा, पूर्वको साकेला त्यहाँको मात्रै संगीत होइन, यी सबै नेपालीले बुझ्नुपर्ने, सिक्नुपर्ने संगीत हुन्। बाजालाई टुक्र्याएर, जात र भूगोलमा बाँधेर हेर्नुहुँदैन। यी सबै हामी नेपालीका साझा संगीत हुन्, जब हामी देशको संगीतलाई 'मेरो संगीत' भन्न थाल्छौँ, तब मात्रै बाजाको वास्तविक संरक्षण र विस्तार सम्भव छ।

समयको दस्ताबेज र पीडाको आवाज

सारंगी हाम्रा पुर्खाले अनेकौँ प्रतिकूल समयसँग जुध्दै जोगाएको अमूल्य सम्पदा हो। यो केवल तारको बाजा होइन, यो समयको दस्ताबेज हो, पीडाको आवाज हो, प्रेमको भाषा हो र परिवर्तनको साक्षी हो। किनभने, सारंगीले नेपाली समाजमा ठुलो इतिहास बोकेको छ। सारंगीको धुनले मानिसका कथा बोकेर आएको छ। 'स्टोरी टेलिङ'को शक्तिशाली माध्यम हो सारंगी।

सारंगीको धुनसँगै राजा-महाराजाको जीवनी भनिन्थ्यो। घटनाको कुरा गरिन्थ्यो। त्यसैले, मान्छेहरू सारंगी बजेको सुन्दा झुम्मिन्थे। चौतारीमा सारंगी बजाउँदा मान्छेहरू जम्मा हुन्थे। सारंगीमा कथावाचनको शक्ति थियो। त्यसैले, म सारंगीलाई पीडाको आवाज, समयको दस्ताबेज भन्न रुचाउँछु।

गन्धर्वको 'कर्खा', इतिहास र पीडालाई आत्मसात् नगरी केवल धुन मात्र बजाउँदा सारंगीको आत्मा अधुरो हुँदैन ? यो आफैँमा महत्त्वपूर्ण प्रश्न हो। सारंगी केवल बाजा होइन, यो कथाको माध्यम थियो। गन्धर्वहरू औपचारिक विद्यालयमा पढ्न नपाए पनि कर्खामार्फत ज्ञान बोकेका हुन्थे। उनीहरूले रामायण, महाभारतको श्लोक गाउँथे। आज ती परम्परा हराउँदै गए। कर्खा हराउनु हाम्रो इतिहास हराउनु हो।

त्यसैले, केवल सीप सिकेर पुग्दैन, त्यसको सांस्कृतिक उत्तरदायित्व पनि बोक्नुपर्छ। सारंगी बजाउनु भनेको कथा भन्नु हो। सारंगीलाई सम्मान दिने समाजले गन्धर्वलाई घरभित्र छिर्न नदिएको यथार्थ अझै बदलिएको छैन। रोचक के छ भने, कुनै विदेशीले सारंगी बजायो भने विभेद क्षणभरमै हराउँछ। पुरानो मानसिकता अझै गएको छैन। अहिले सारंगी बजाउनेहरू बढेका छन्। धेरैले बजाउन थालेपछि समाजको दृष्टिकोण पक्कै बदलिन्छ।

> सारंगी मेरो रगतमा थियो, तर छुने आँट थिएन। म गितारतिर लागेँ। स्कुल, कलेज, ब्यान्ड, होटेल, सबैतिर गितार नै बजाएँ। गितारमा सम्मान थियो, पैसा थियो, अवसर थियो। १७ वर्षसम्म गितार बजाएँ। पेसागत रूपमा सफल पनि भएँ। तर, मभित्र कतै खालीपन थियो। असन्तुष्टि थियो। मलाई सारंगीको धुनले निरन्तर तानिरह्यो।

मैले गाउँघरको पिँढी, बाटो र चौतारीमा बज्ने सारंगीलाई मञ्चमा ल्याउने प्रयास गरेँ। प्रस्तुतिमा फरक ल्याएँ। सारंगी केवल दुःखको बाजा होइन, यो मनोरञ्जनको बाजा पनि हो भन्ने बुझाउने कोसिस गरेँ। सहरमा यो बुझाइ केही हदसम्म फैलिएको छ, तर गाउँसम्म पुग्न अझै बाँकी छ। सारंगीले सम्मान पाएको छ, तर सारंगी बजाउने गन्धर्वलाई हेर्ने दृष्टिकोण अझै उस्तै छ। राज्यले सारंगी र गन्धर्व समुदायलाई 'संस्कृति' भनेर सम्मानजनक शब्द प्रयोग गर्छ, तर व्यवहारमा देखिँदैन। यहाँ राज्य मात्र होइन, गन्धर्व समुदाय पनि जिम्मेवारी हुनुपर्छ। गन्धर्वको कर्खा के हो ? यसको महत्त्व के हो ? यसैको आधारमा नेपाललाई चिनाउनुपर्छ भनेर समुदाय आफैँ अगाडि आएको देखिँदैन। राज्यले पनि बुझेको छैन। ज्ञानको अभाव छ, जागरण छैन।

कर्खाको शक्ति : धुन सिक्यौँ, कथा बिर्सियौँ

समाजको कथा, इतिहास, सबै कर्खासँग जोडिएको थियो। पुरानो पुस्ताले कर्खाको नियमित अभ्यास गर्थे। आज त्यो परम्परा टुट्यो। बाजेपुस्ताको सारंगी नातिपुस्ताले बजाउन बिर्सिँदै गए। आज सारंगी मञ्च र स्टुडियोमा पुगेको छ, तर बाटो, चौतारो र गाउँको पिँढीबाट हराउँदै छ। हामी जराविनाका हाँगाजस्तै भयौँ। अहिले फेरि जरा खोज्दै छौँ।

नेपालीले आज गितारभन्दा सारंगी र मादल बजाउन खोजिरहेका छन्। गन्धर्व गाउँहरूमा नयाँ पुस्ताले फेरि सारंगी समात्न थालेका छन्। यो पुनर्जीवनको संकेत हो। अब सगरमाथा र बुद्धको फोटोले मात्र नेपाल चिनाउने जमना गयो। संगीतले देश चिनाउने समय आयो। विदेशमा म सारंगी बजाउँदा चिनिन्छु। ग्रामी अवार्ड विजेता संगीतकारसँग मञ्च सेयर गरेको छु। त्यो गितारले होइन, सारंगीले सम्भव भयो।

अहिले च्याप पनि लोकप्रिय छ, किनभने स्टोरीटेलिङ छ। सारंगीसँग गाइने कर्खा पनि स्टोरीटेलिङ नै हो। म आफ्ना प्रस्तुति अघि गन्धर्व र सारंगीको इतिहास सुनाउँछु। जब इतिहाससँग संगीत जोडिन्छ, तब त्यो गहिरो हुन्छ। नेपाललाई 'संगीतको देश' भनेर चिनाउन सक्ने शक्ति सारंगीसँग छ।

विश्व



● युर्डी यास्मी



दश अर्ब मानिसलाई कसरी खुवाउने ?

संसारमा लगभग ६७ करोड ३० लाख मानिस हरेक रात भोकै सुत्छन्, गत वर्ष मात्र विश्वले दुई अनिकाल देखेको छ

अहिले विश्व खाद्यान्नसँग सम्बन्धित विभिन्न समस्यासँग जुधिरहेको छ। आज संसार आठ अर्ब मानिसलाई खुवाउन निकै संघर्ष गरिरहेको छ। यस्तो परिस्थितिमा सन् २०५० सम्ममा हामी कसरी दश अर्ब मानिसलाई खुवाउँन सक्छौँ ? बढ्दो जनसंख्याको पोषण आवश्यकता पूरा गर्न खाद्य उत्पादनमा आमूल वृद्धि मात्र होइन, अझ समतामूलक वितरण पनि आवश्यक छ।

तर, यो एकदमै कठिन कुरा हो। हालको खाद्य प्रणाली पहिले नै कमजोर हुँदै गइरहेको छ। विश्वमा लगभग ६७ करोड ३० लाख मानिस हरेक रात भोकै सुत्छन् र २०२५ मा हामीले गाजा र सुडानमा दुई अनिकाल देखेका छौँ। द्वन्द्व, जलवायु परिवर्तन र बढ्दो खाद्यान्नको मूल्यका कारण अनिकाल भएको हो। साथै, १.६६ अर्ब हेक्टर भूभाग (जसमध्ये ६० प्रतिशत कृषि भूमि छ) हामीले संसारलाई खुवाउन भर परेका अभ्यासले गर्दा नै विनाश भएको हो।

विश्वव्यापी भोकमरी पर्याप्त खाद्य उत्पादन गर्ने क्षमताको अभावबाट उत्पन्न हुँदैन, बरु आंशिक रूपमा कुशलतापूर्वक उत्पादन र समान रूपमा वितरण नगर्ने हाम्रो असफलताबाट उत्पन्न हुन्छ। २० वटा देश तथा क्षेत्रमा भोकमरीको प्रमुख कारण द्वन्द्व र असुरक्षा हुन्, जसका कारण लगभग १४ करोड मानिसले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन्। विगत ३३ वर्षमा विपत्तिले विश्वव्यापी रूपमा अनुमानित ३.२६ ट्रिलियन डलर मूल्यबराबरको कृषि उत्पादनमा क्षति पुऱ्याएको छ। यो वार्षिक औसत ४९९ अर्ब वा विश्वव्यापी कृषि उत्पादनको लगभग चार प्रतिशत हो। हालैको आपूर्ति-सञ्चालित खाद्य-मूल्य वृद्धिले दसौँ लाख मानिसहरूलाई लगभग रातारात भोकमरीमा धकेलेको छ। अझ नराम्रो कुरा यी एकपटकको झट्का होइन, बारम्बार दोहोरिने नियति हो।

दशकौँदेखि कृषि क्षेत्रले बढ्दो मागलाई सम्बोधन गर्दै उच्च उत्पादन दिने बालीहरू विकास गरेर धेरैभन्दा धेरै मल, कीटनाशक औषधी र बढी पानी प्रयोग गर्दै आएको छ। तैपनि, यो प्रवृत्तिले अनावश्यक फोहोर उत्पादन गरेको छ, नदीनाला प्रदूषित गरेको छ, माटोलाई उर्वरशक्तिमा ह्रास ल्याएको र हरितगृह ग्यास बढाएको छ। हामीले राम्रो बाटो खोज्नु आवश्यक छ र विज्ञानले हामीलाई मार्ग देखाउन सक्छ। हामीले प्रयोग गर्ने कुरालाई अनुकूलन गर्ने र हामीले उब्जाउने खाद्यन्न विविधीकरण गर्ने ज्ञान र उपकरण हामीसँग पहिले नै छन्।

एउटा प्राथमिकता भनेको दक्षता सुधार गर्नु हो। सन् १९९० र २०२० को बिचमा मलको प्रयोग ४६ प्रतिशतले बढ्यो र कीटनाशक औषधीको प्रयोग दोब्बर भयो। तर, मलमा पाइने पोषक तत्त्वको ३०-६० प्रतिशत र कीटनाशक औषधीको २०-७ प्रतिशत मात्र प्रभावकारी रूपमा अवशोषित हुन्छन्। बाँकी नदीहरूमा बग्छ, माटोलाई बिगार्छ, वा हरितगृह ग्यासमा मिसिन्छ। सौभाग्यवश, अनुसन्धानले देखाउँछ कि नाइट्रोजनको प्रयोगलाई अनुकूलन गर्नाले उत्पादन १९ प्रतिशतसम्म बढाउन सकिन्छ र गोबर मलको प्रयोग १५-१९ प्रतिशतले घटाउन सकिन्छ। सटिक 'स्प्रेइङ', जैविक कीटनाशक र अवशेष अनुगमनमार्फत सुधारिएको कीटनाशक व्यवस्थापनले जैविक विविधताको सुरक्षा गर्दै रासायनिक फोहोर घटाउँछ। कृषि पारिस्थितिक अभ्यासहरू (जस्तै- अन्तरबाली र रुखलाई कृषि प्रणालीमा एकीकृत गर्ने) ले माटोको स्वास्थ्यलाई अझ बढाउँछ र दीर्घकालीन लचिलोपनलाई बलियो बनाउँछ।

अर्को प्राथमिकता खाद्य प्रणालीलाई विविधीकरण गर्नु हो। दशकौँको उत्पादकत्व वृद्धिले केवल तीन बालीमा खतरनाक निर्भरतालाई बढावा दिएको छ। गहुँ, धान र मकैले अब विश्वको अधिकांश क्यालोरी प्रदान गर्छ। एकल खेतीमा यस्तो निर्भरताले किरा, रोग र जलवायु परिवर्तनको गहिरो जोखिम सिर्जना गर्छ। समाधान हामीले सीमान्तकृत गरेका बालीहरूमा निहित छ। परम्परागत र कम प्रयोग गरिएका प्रजातिहरू कोदो, पोषक तत्त्वले भरिपूर्ण गेडागुडी, स्वदेशी फलफूल, तरुलले जलवायु लचिलोपनजस्ता अन्य फाइदाका साथै पर्याप्त पोषण प्रदान गर्छ। फ्युचर स्मार्ट फुड (एसियामा) र १०० क्रप फर अफ्रिकाजस्ता संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनका पहलले यी 'बिर्सिएका' बालीले कसरी एकै साथ आहार विस्तार गर्न, कृषि आम्दानी बढाउन र क्षय भएको माटोलाई पुनर्स्थापित गर्न सक्छन् भनेर देखाउँछन्।

अन्तमा, हामीले प्रभावकारी प्रविधि बढाउनुपर्छ। डेटा विश्लेषण र सटिक-कृषि उपकरणले पहिले नै कृषिलाई पुनः आकार दिइरहेका छन्। ड्रोनहरूले बिउ रोप्न सक्छन् र सटिकताका साथ त्यसबाट नतिजा ल्याउँछन्। एआई प्लेटफर्मले अनुकूलित 'इमेजरी प्रयोग' गर्न सक्छन्। डिजिटल माटो परीक्षण र मौसम स्टेसनहरूले बाली उत्पादनमा वृद्धि गर्न सक्छन्। ब्लकचेन प्रणालीले साना किसानलाई पारदर्शी र निश्चित बजारमा जोड्न सक्छन्।

> बारम्बारको द्वन्द्व, खडेरी र बजार अराजकताको सामना गर्दा पनि स्थिर उत्पादन र किफायती मूल्य सम्भव छन्। लचिलो माटो, विविध बालीनाली र सटीक व्यवस्थापनले मुख्य भूमिका खेल्छ।

यी उपकरणको विस्तार गर्न कृषि विस्तार सेवा (उत्तम अभ्यासलाई प्रवर्द्धन गर्न), विज्ञानमा आधारित प्रमुख नीति परिवर्तन र किसानलाई नतिजा अनुकूलनका लागि मद्दत गर्ने साझेदारी प्लेटफर्ममा पर्याप्त लगानी आवश्यक पर्छ। त्यसैगरी, चलिरहेको नवप्रवर्तनलाई स्थानीय अभ्यासमा समावेश गर्नुपर्छ, जसले सरकार, लगानीकर्ता, निजी क्षेत्र र किसानबिचको ठुलो सहकार्यको आवश्यकता पर्छ।

उद्देश्य स्पष्ट छ, कृषिले कम लगानीमा बढी उत्पादन गर्नुपर्छ। यसका लागि सबै औद्योगिक प्याकेजलाई स्थानीय माटो, पानी व्यवस्था, बाली र हावापानीसँग मिल्दोजुल्दो लचिलो, सन्दर्भ-विशिष्ट प्रणालीहरूले प्रतिस्थापन गर्न आवश्यक छ। सार्वजनिक रूपमा वित्त पोषित अनुसन्धानले बजारहरू कम भएका ठाउँहरूमा नेतृत्व गर्नुपर्छ, जहाँ परिशुद्धता कृषिमा समान पहुँच सुनिश्चित गर्न सकिन्छ भने निजी नवप्रवर्तनले काम गर्ने कुरालाई बढावा दिन जारी राख्छ।

बारम्बारको द्वन्द्व, खडेरी र बजार अराजकताको सामना गर्दा पनि स्थिर उत्पादन र किफायती मूल्य सम्भव छन्। लचिलो माटो, विविध बालीनाली र सटिक व्यवस्थापनले मुख्य भूमिका खेल्छ। किसान समृद्ध हुने, माटो पुनरुत्थान हुने, पानी सफा हुने, जैविक विविधता पुनः प्राप्त हुने र कृषि खाद्य प्रणालीले न्यूनतम हरितगृह ग्यास उत्सर्जन गर्ने संसार काल्पनिक होइन। पुरानो मोडेल ध्वस्त हुनुअघि फरक कृषि मोडेललाई अँगाल्नु वास्तविक क्षतिपूर्ति हो।

एउटै मात्र प्रश्न यो हो कि हामी पहिले नै हातमा भएको ज्ञान, विज्ञान र प्रमाणित उपकरण प्रयोग गर्छौँ कि गर्दैनौँ ? भावी पुस्ताले समाधानका तरिका अस्तित्वमा थिए कि थिएनन् भनेर सोध्नेछैनन्। उनीहरूले त्यसलाई कार्यान्वयन गर्न हामीलाई यति लामो समय किन लाग्यो भनेर सोध्नेछन्। छनोट हाम्रो हो, र यो विज्ञानलाई वास्तविक अभ्यासमा परिणत गर्नबाट सुरु हुन्छ।

(संयुक्त राष्ट्रसंघको खाद्य तथा कृषि संगठनमा वृक्ष उत्पादन तथा संरक्षण विभागका निर्देशक यास्मीको आलेखलाई प्रोजेक्ट सिन्डिकेटबाट **सुभाष शर्मा**ले अनुवाद गरेका हुन्।)

बढ्दै बैंकहरूको खराब कर्जा

ऋण असुली प्रभावित हुँदा निष्क्रिय कर्जाको औसत अनुपात ५.०७ प्रतिशत



पवन तिमिल्सिना/नयाँ पत्रिका

वाणिज्य बैंकहरूले प्रवाह गरेमध्ये फिर्ता नआउने वा समयमै असुली हुन नसक्ने निष्क्रिय कर्जा पछिल्लो समय बढ्दै गएको छ। गत आर्थिक वर्ष ०८१/८२ को ६ महिनाको निष्क्रिय कर्जा अनुपात ४.४८ प्रतिशतको तुलनामा चालू आव ०८२/८३ को सोही अवधिमा अधिकांश वाणिज्य बैंकहरूको कुल कर्जामा निष्क्रिय कर्जाको अनुपात बढेर ५.०७ प्रतिशत पुगेको हो।

यो तथ्यांकले बैंकहरूले दिएको सय रुपैयाँ कर्जामध्ये पाँच रुपैयाँभन्दा बढी रकम जोखिममा रहेको देखाउँछ। सबैभन्दा कम निष्क्रिय कर्जा एभरेष्ट बैंकको ०.६८ प्रतिशत छ। अघिल्लो वर्ष पनि एभरेष्टको ०.६६ प्रतिशत मात्रै थियो। यसले एभरेष्ट बैंकको कर्जा व्यवस्थापन तुलनात्मक रूपमा बलियो रहेको पुष्टि गर्छ।

तर, केही बैंकमा निष्क्रिय कर्जा उच्च देखिएको छ। हिमालयन बैंकको ७.९६ प्रतिशत, प्रभु बैंकको ७.९४ प्रतिशत, एनआइसी एसियाको ७.४७ प्रतिशत, इन्भेष्टमेन्ट मेगा बैंकको ७.९ प्रतिशत र सिटिजन्स इन्टरनेसनल बैंकको ६.८६ प्रतिशतमा खराब कर्जाको दबाब छ। यी बैंकमा कर्जा असुली चुनौतीपूर्ण बन्दै गएको हो।

खराब कर्जा बढे पनि बैंकहरूले त्यसको जोखिम थेग्न कति रकम छुट्याएका छन् भन्ने विषयलाई कर्जा नोक्सानी व्यवस्थाको अनुपातले देखाउँछ। एभरेष्ट बैंकले आफ्नो निष्क्रिय कर्जाको तुलनामा दुई सय २९ प्रतिशतभन्दा बढी रकम जोखिम व्यवस्थापनका लागि छुट्याएको छ। कुमारी बैंकले एक सय ३६ प्रतिशत, स्ट्यान्डर्ड चार्टर्डले एक सय ३५ प्रतिशत र एसबिआई बैंकले एक सय ५४ प्रतिशत कर्जा नोक्सानी व्यवस्थाबापत छुट्याएका छन्। तर, केही बैंकमा भने कर्जा नोक्सानी व्यवस्थाको अनुपात १०० प्रतिशतभन्दा तल छ। सिटिजन्स इन्टरनेसनल बैंक, एनएमबि, एनआइसी एसिया, माछापुच्छ्रेलगायतका बैंकमा जोखिम थेग्ने क्षमता तुलनात्मक रूपमा कमजोर छ। यदि खराब कर्जा थप बढेमा यस्ता बैंकलाई थप दबाब पर्न सक्छ।

विस्तारित हुँदै गएको शिथिल अर्थतन्त्रका कारण बैंकहरूमा खराब कर्जा बढेको हो। उद्योग-व्यवसायले अपेक्षित रूपमा आम्दानी गर्न नसक्दा ऋणीलाई कर्जा तिर्न कठिनाइ हुन्छ। यद्यपि, बैंकहरूले समयमै पर्याप्त रकम छुट्याएर जोखिम व्यवस्थापन गर्न सकेमा सर्वसाधारणको निक्षेप तत्काल जोखिममा पर्दैन। तर, खराब कर्जा लगातार बढिरहेमा बैंकलाई नयाँ कर्जा दिन भने समस्या हुन्छ।

बैंकर्स संघका पूर्वअध्यक्ष सुनील केसीले ऋण तिर्ने अवस्था नहुँदा खराब कर्जा बढिरहेको बताए। 'अहिले ऋणीले तिर्न चाहेर पनि साँवा-ब्याज तिर्न नसकेको देखिन्छ। अर्थतन्त्र चलायमान भयो भने समाधान हुँदै जाने विषय हो,' उनले भने, 'हामीले सुरुवातदेखि नै ऋणमा लचकता देखाउँदै नतिर्ने परिपाटी देखाएर पनि यस्तो भएको हो।'

बैंकले ऋण असुलीमा लचकता देखाउँदा पनि नतिर्ने परिपाटी बढेको हो



● **सुनील केसी**
पूर्वअध्यक्ष, नेपाल बैंकर्स संघ

अहिले ऋणीले तिर्न चाहेर पनि साँवा-ब्याज तिर्न नसकेको देखिन्छ। अर्थतन्त्र चलायमान भयो भने समाधान हुँदै जाने विषय हो। हामीले सुरुवातदेखि नै ऋणमा लचकता देखाउँदा नतिर्ने परिपाटी बढेर पनि यस्तो भएको हो। अहिले त उत्पादनमूलक लगानीका क्षेत्रमा विश्वास नभएर होला, सुनचाँदीमा पैसा गइरहेको छ। बैंकहरू पनि आफ्नो मुख्य व्यवसाय छाडेर खराब कर्जा व्यवस्थापनमै अल्झनुपरेको छ। यसका लागि एसेट म्यानेजमेन्ट कम्पनी खालेर गैरबैंकिङ सम्पत्ति व्यवस्थापन गर्नुपर्ने हुन्छ। अहिले ब्याजदर र तरलताको समस्या छैन। तर, भविष्यमा ब्याजदर बढ्दै गयो भने अवस्था झन् जटिल बन्ने देखिन्छ। उद्योगी-व्यवसायीको मनोबल बढाउनुपर्ने आवश्यकता छ।

बैंकहरूको निष्क्रिय कर्जाको अवस्था

२० वाणिज्य बैंकको नाम	चालू आवको निष्क्रिय कर्जा (%)	गत आवको निष्क्रिय कर्जा (%)
स्ट्यान्डर्ड चार्टर्ड	१.८८	१.७१
ग्लोबल आइएमई	४.९१	४.८६
हिमालयन	७.९६	४.९८
सानिमा	३.६३	३.२२
नेपाल एसबिआई	२.६४	३.५५
प्राइम कमर्सियल	६.३८	४.९६
सिद्धार्थ	३.४५	४.५०
सिटिजन्स	६.८६	४.८५
एभरेष्ट	०.६८	०.६६
राष्ट्रिय वाणिज्य	४.३६	४.९६
नबिल	४.२५	४.९३
नेपाल बैंक	५.३४	४.९९
प्रभु	७.९४	५.०६
एनएमबि	४.५६	३.९६
एनआइसी एसिया	७.४७	४.६१
इन्भेष्टमेन्ट मेगा	७.९०	५.८६
माछापुच्छ्रे	४.२५	४.५४
लक्ष्मी सन्राइज	५.५०	५.६७
कुमारी	६.९२	६.९६
कृषि विकास	४.६५	४.९०

स्रोत : सम्बन्धित बैंकको अर्धवार्षिक वासलात



उदयपुरका लागि आएको अनुदानको मल सिन्धुलीका व्यापारीको गोदाममा

उदयपुरको कटारीका किसानका लागि कृषि सामग्री कम्पनी विराटनगर कार्यालयबाट आएको २१६ बोरा युरिया सिन्धुलीका व्यापारीको गोदामबाट बरामद, सहकारीको दर्ता प्रमाणपत्र खारेज गर्न कटारी नगरपालिकाको सिफारिस





कटारी नगरपालिका- १४ का किसानलाई वितरण गर्न जारी गरिए पनि सिन्धुलीको दुधौलीस्थित व्यापारीको गोदामबाट बरामद गरिएको युरिया मल।

मल अपचलनमा संलग्न सहकारीलाई कारबाही सिफारिस भइसकेको छ

● **गीता खड्का,** उपप्रमुख, कटारी नगरपालिका



कटारीको दुर्गा भवानी कृषि सहकारी संस्थाबाटै तस्करी भई सरकारी अनुदानको मल दुधौली पुगेको पुष्टि भएको छ। त्यसपछि उक्त सहकारीको प्रमाणपत्र खारेजीका लागि सिफारिस गरेका छौं। जफत गरिएको सबै मल प्रहरीलाई जिम्मा दिएका छौं। स्थानीय प्रहरीले आवश्यक छानबिन अघि बढाएको छ।

किसानको अनुदानको मल व्यापारीलाई बिक्री गर्न दिनु गम्भीर अपराध हो

● **गणेश थापा,** संयोजक, किसान संघर्ष समिति



कटारीका किसान मल नपाएर हैरान भइरहेका वेला सहकारी संस्थाबाटै अनुदानको मल व्यापारीलाई बिक्री गर्न दिनु गम्भीर अपराध हो। मल वितरण प्रक्रियामा कमिसन, मिलेमतो तथा कृत्रिम अभाव सिर्जना गर्ने गिरोह सक्रिय रहेको छ। यस्ता किसानमारा प्रवृत्तिविरुद्ध सडक संघर्षमा उत्रन्छौं। आइतबारदेखि आन्दोलनसमेत घोषण गरेका छौं।

उदयपुरमा **विदुर कटुवाल**

उदयपुरको कटारी क्षेत्रका किसानलाई वितरण गर्नुपर्ने सरकारी अनुदानको रासायनिक मल सिन्धुलीको दुधौली बजारस्थित एक व्यापारीको गोदामबाट बरामत गरिएको छ। कटारी नगरपालिका- १४ का किसानलाई वितरण गर्न स्थानीय दुर्गा भवानी कृषि सहकारी संस्थाले ल्याएको अनुदानको युरिया मल अन्यत्र बिक्री गरेको सूचनापछि स्थानीय किसान संघर्ष समिति अनुगमनमा निस्किएको थियो।

अनुगमनका क्रममा दुधौली बजारमा ५० किलो तौलका दुई सय १६ बोरा मल व्यापारीको गोदाममा भेटिएपछि स्थानीय प्रहरीलाई जिम्मा लगाएको किसान संघर्ष समितिका संयोजक गणेश थापाले जानकारी दिए। कटारी नगरपालिकाकी उपप्रमुख गीता खड्काका अनुसार दुधौली बजारमा भेटिएको युरिया मल प्रहरीले जफत गरेको छ। साथै, कटारीका स्थानीय पेशल भट्टराई र हिरा बाँस्तोलाले सञ्चालन गर्दै आएको दुर्गा भवानी कृषि सहकारी संस्थाको सहकारी प्रमाणपत्र खारेज गर्न सम्बन्धित निकायमा सिफारिस गरिएको छ।

'कटारीको दुर्गा भवानी कृषि सहकारी संस्थाबाटै तस्करी भई सरकारी अनुदानको मल दुधौली पुगेको पुष्टि भएको छ। त्यसपछि उक्त सहकारीको प्रमाणपत्र खारेजीका लागि सिफारिस गरेका छौं,' उपप्रमुख खड्काले भनिन्। प्रहरीले घटनाबारे विस्तृत छानबिन पनि थालेको उनले जानकारी दिइन्। कटारीका किसान मल नपाएर हैरान भइरहेका वेला सहकारी संस्थाबाटै अनुदानको मल अन्यत्र बिक्रीका लागि पठाइनु गम्भीर र रहस्यमय भएको संघर्ष समितिका संयोजक थापाले बताए। 'मल वितरण प्रक्रियामा कमिसन, मिलेमतो तथा कृत्रिम अभाव सिर्जना गर्ने गिरोह सक्रिय रहेको छ,' उनले भने।

यसअघि पनि लुकाइएको थियो मल

गत १२ भदौमा पनि कटारी बजारमा अवैध रूपमा सरकारी अनुदानको युरिया मल लुकाएर बिक्री-वितरण गरिरहेको अवस्थामा स्थानीय व्यापारी दिलीप चौधरी पक्राउ परेका थिए। त्यतिवेला उदयपुरका सहायक प्रमुख जिल्ला अधिकारी विक्रमप्रसाद पाण्डेयको नेतृत्वमा गएको अनुगमन टोलीले चौधरीको आशुतोष सप्लायर्स एन्ड ट्रेडर्स तथा जयमाँ काली प्रालिबाट दुई सय बोरा अवैध युरिया मल बरामद गरेको थियो।

बरामद गरिएको मल कटारी नगरपालिकामार्फत किसानलाई वितरण गरिएको थियो भने कालोबजारी गरेको आरोपमा चौधरीविरुद्ध जिल्ला अदालतमा मुद्दा दायर भएको थियो। उक्त मुद्दा टुंगिसकेको छैन।

सेयर बजारमा उच्च कारोबार

काठमाडौं/ साताभरमा नेपाल स्टक एक्सचेन्ज (नेप्से)मा उच्च कारोबार भएको छ। २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको माहोल बढ्दै गएकाले लगानीकर्ताको मनोबल बढेको हो। गत साताको बिहीबार २७१४.६१ विन्दुमा बन्द भएको नेप्से साताको पहिलो दिन आइतबार खुल्नेबित्तिकै ५७.५५ अंकले बढेर २७७२.१७ विन्दुमा पुगेको थियो। तर, सोमबारपछि नेप्से ओरालो लाग्यो। निर्वाचन हुने र त्यसपछि मुलुकमा राजनीतिक तथा आर्थिक स्थायित्व हुने अपेक्षामा लगानीकर्ता सेयर बजारमा झुम्मिने गर्छन्। तर, संसद् पुनर्स्थापनाको बहस पनि पेचिलो बन्दै गर्दा लगानीकर्ता अतालिएका छन्। त्यसको असर सेयर बजारमा पनि परेको छ।



बुधबार बजार परिसूचक सामान्य बढे पनि अन्तिम दिन बिहीबार परिसूचक घटेको थियो। परिसूचक उतारचढाव भए पनि उच्च कारोबार भएको छ। यो साता सबैभन्दा बढी सोमबार १६ अर्ब १९ करोड रुपैयाँको कारोबार भएको थियो। अन्तिम दिन बिहीबार पनि कारोबार १४ अर्ब ३३ करोड पुगेको थियो।

साताभरमा सुनको मूल्यमा तीव्र उतारचढाव

काठमाडौं/ यो साता नेपाली बजारमा सुनचाँदीको मूल्यमा तीव्र उतारचढाव देखिएको छ। ठुलो अन्तरले बढ्दा ऐतिहासिक रेकर्डसमेत कायम भएको छ। चीनलगायतका केन्द्रीय बैंकहरूले सुनको खरिद बढाउनु, अन्तर्राष्ट्रिय विनिमयका रूपमा सुन स्थापित हुनु, अमेरिका-इरानबिच थप तनाव बढ्नुले सुरक्षित लगानीका रूपमा सुनतर्फ लगानीकर्ता आकर्षित हुँदा सुनको मूल्य अन्तर्राष्ट्रिय बजारमै उच्च रहन पुगेको विश्लेषकको भनाइ छ। त्यस्तै, बढ्दो औद्योगिक माग र चिनियाँ निर्यात नियन्त्रणलगायतका कारणले चाँदीको भाउ अकासिएको छ।

नेपाली बजारमा सुनको मूल्य गत आइतबार प्रतितोला तीन लाख तीन हजार आठ सय रुपैयाँ रहेकोमा सोमबार, मंगलबार, बुधबार र बिहीबार एकपछि अर्को उच्च मूल्य कायम गर्दै हालसम्मकै उच्च प्रतितोला तीन लाख ३९ हजार तीन सय रुपैयाँ पुग्यो। शुक्रबार भने ठुलो अन्तरले मूल्य घटेर प्रतितोला तीन लाख १८ हजार आठ सय कायम भयो। समग्रमा शुक्रबार आइपुग्दा आइतबारको तुलनामा प्रतितोला १५ हजार रुपैयाँ मूल्यवृद्धि भयो।

त्यस्तै, चाँदीको मूल्यले पनि यो साता ऐतिहासिक रेकर्ड कायम गरेको छ। साताको पहिलो दिन आइतबार प्रतितोला ६ हजार चार सय ८० कायम रहेकोमा चाँदी सोमबार, मंगलबार र बुधबार निरन्तर बढेर बिहीबार आइपुग्दा प्रतितोला सात हजार पाँच सय पाँच रुपैयाँ रह्यो।

निर्वाचनकेन्द्रित बन्यो सरकारी खर्च

चुनावका लागि १९ अर्ब सात करोड स्रोत सहमति, राष्ट्रिय सभा निर्वाचनमा चार करोड ३१ लाख निकासा

विनियोजितमध्ये गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा कुल खर्च १०.७५ प्रतिशतले वृद्धि

नयाँ पत्रिका

चालू आर्थिक वर्ष ०८२/८३ को दोस्रो त्रैमास (कात्तिकदेखि पुससम्म)को सरकारी खर्च निर्वाचनकेन्द्रित बनेको छ। हालसम्म निर्वाचन आयोग, गृह मन्त्रालय र रक्षा मन्त्रालयका लागि १९ अर्ब सात करोड रुपैयाँबराबर स्रोत सहमति दिइएको अर्थ मन्त्रालयले जानकारी दिएको छ।

निर्वाचन आयोगले २१ फागुनमा हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि ६ अर्ब ७३ करोड ६६ लाख ९० हजार स्रोत सहमति पाएको छ भने राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि चार करोड ३१ लाख ७९ हजार निकासा भइसकेको छ। त्यस्तै, प्रतिनिधिसभा निर्वाचनका लागि ६ अर्ब ३१ करोड निकासासमेत भइसकेको अर्थले जनाएको छ। १८ कात्तिकमा प्रतिनिधिसभा सदस्यको निर्वाचनका लागि निर्वाचन आयोगलाई चार अर्ब ९६ करोड ६६ लाख सहमति दिइएको थियो। २० मंसिरमा एक अर्ब ७७ करोड ९० हजार गरी कुल ६ अर्ब ७३ करोड ६६ लाख ९० हजारको स्रोत सहमति प्रदान गरिएको मन्त्रालयले जानकारी दिएको छ। राष्ट्रिय सभाका लागि निर्वाचन आयोगलाई १२ मंसिरमा चार करोड ३१ लाख ७९ हजार स्रोत सहमति प्रदान गरिएकोमा सो रकम निकासासमेत भइसकेको अर्थले जनाएको छ।



निर्वाचन सुरक्षा प्रयोजनका लागि अर्थ मन्त्रालयले सुरक्षा संयन्त्रलाई स्रोत सहमति दिइसकेको छ। गृह मन्त्रालय र यसअन्तर्गतका निकायका लागि प्रतिनिधिसभा सदस्य पदको निर्वाचनका लागि १० अर्ब ३९ करोड ३४ लाख ८० हजार स्रोत सहमति प्रदान गरिएको अर्थले जानकारी दिएको छ। त्यस्तै, नेपाली सेनालाई प्रतिनिधिसभा सदस्य पदको निर्वाचनका लागि २० पुसमा चालू खर्चतर्फ एक अर्ब ९४ करोड ६८ लाख ५५ हजार स्रोत सहमति प्रदान गरिएको मन्त्रालयको तथ्यांक छ। १३ कात्तिकमा राष्ट्रिय अनुसन्धान विभागलाई दुई करोड ८० लाख स्रोत सहमति प्रदान गरिएको र नेपाली सेनालाई सुरक्षा उपकरण खरिदका लागि २४ मंसिरमा चार करोड ४२ लाख ५० हजार स्रोत सहमति प्रदान गरिएको थियो।

पुँजीगत खर्च घट्यो

चालूतर्फ गत आर्थिक वर्ष ०८१/०८२ को तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ३.३५ प्रतिशतले बढी खर्च भएको अर्थ मन्त्रालयको तथ्यांक।

पुँजीगततर्फ गत आर्थिक वर्षको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ४.८६ प्रतिशतले खर्च घटेको छ।

वित्तीय व्यवस्थातर्फ गत आर्थिक वर्षको साउन महिनादेखि असोज मसान्तसम्मको तुलनामा यस आर्थिक वर्षको सोही अवधिसम्ममा ५३.२९ प्रतिशतले खर्च वृद्धि भएको छ।

सरकार निर्वाचनकेन्द्रित हुँदा विकास निर्माणकेन्द्रित पुँजीगत खर्च भने खस्किएको छ। गत आवको पहिलो ६ महिनाको तुलनामा यसपालि पुँजीगत खर्च घटेको हो। चालू आवको ६ महिनामा ४७ अर्ब ५४ करोड मात्रै पुँजीगत खर्च भएको छ। जबकि, गत आवको सोही अवधिमा ५८ अर्ब १८ करोड पुँजीगत खर्च थियो।

समग्रमा चालू आवको पुससम्ममा सरकारी खर्च नौ खर्ब चार अर्ब ६४ करोड ४३ लाख रुपैयाँ छ। यो गत आवको खर्च हालको तुलनामा १०.७५ प्रतिशतले बढी हो। चालूतर्फ चार खर्ब ८२ अर्ब १० करोड खर्च भएको छ। यो गत आवको सोही अवधिको तुलनामा ३.३५ प्रतिशतले बढी हो। गत वर्ष पुससम्ममा चार खर्ब २७ अर्ब ४२ करोड मात्रै थियो।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम वित्तीय काम कारोवार गर्न ईजाजतपत्र प्राप्त

नारायणी डेभलपमेन्ट बैंक लि.
Narayani Development Bank Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतप्राप्त संस्था"
(१-५ जिल्लास्तर कार्यक्षेत्र) को इजाजतपत्र प्राप्त संस्था
रजिष्टर्ड (केन्द्रीय) कार्यालय, भरतपुर-१०, चितवन, नेपाल, फोन: ०५६-५२००११/५२००१२
ईमेल: info@ndbl.com.np वेवसाइट: http//www.ndbl.com.np

संस्थापक समूहको
अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको सूचना

नारायणी डेभलपमेन्ट बैंक लिमिटेडको हकप्रद शेयर मिति २०८२/०६/०२ गतेका दिनदेखि मिति २०८२/०७/०९ गतेसम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा संस्थापक समूहतर्फ ६,०३,१६२ कित्ता शेयरको लागि आवेदन नपरेकाले नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन, २०८१ तथा धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न यस कम्पनीको सञ्चालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरिद गर्न ईच्छुक जो कोही व्यक्ति, संस्था वा कम्पनीहरुले मिति २०८२/०८/१८ गते देखि मिति २०८२/०८/२५ गतेभित्र शिलबन्दी बोलपत्र आव्हान गरिएकोमा उक्त अवधिमा संस्थापक समूहतर्फ २,९६,५६५ कित्ता शेयरको लागि मात्र बोत्रपत्रहरु प्राप्त भएको हुँदा बाँकी रहेको **३,०६,५५७ कित्ता** शेयरको लागि आवेदन नपरेकाले नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन, २०८१ तथा धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरु लिलाम बढाबढ गरी बिक्री गर्न यस कम्पनीको सञ्चालक समितिको निर्णयानुसार उक्त शेयरहरु खरिद गर्न ईच्छुक जो कोही व्यक्ति, संस्था वा कम्पनीहरुले **मिति २०८२ साल फागुन ४ गतेभित्र** देहाय बमोजिमको स्थानहरुमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो सो समेत खुलाई गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन अनुरोध गरिन्छ।

सि.नं.	बोलपत्र आवेदन फाराम पाइने र बुझाउने स्थान (संकलन केन्द्र) हरु:
१.	श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।
२.	श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरू क्रमशः (१) विराटनगर (२) आर्दशनगर, वीरगंज (३) हेटौडा (४) नारायणगढ (५) न्यूरोड, पोखरा (६) बुटवल-मिलनचोक।

तपसील

बोलपत्रद्वारा बिक्री गरिने संस्थापक शेयर संख्या : ३,०६,५५७ कित्ता

शिलबन्दी बोलपत्र पेशगर्ने शुरु मिति	: २०८२/१०/१८ गते	न्यूनतम मूल्य प्रति शेयर रु.१००/-
शिलबन्दी बोलपत्र पेशगर्ने अन्तिम मिति	: २०८२/११/०४ गते बैंकिङ्ग समयसम्म	

यस सम्बन्धी विस्तृत जानकारीको लागि **मिति २०८२/१०/०८** गतेको "**नागरिक**" दैनिक तथा "**नेपाल समाचारपत्र**" दैनिकमा सूचना प्रकाशित गरिएको हुँदा उक्त सूचना हेर्न हुन समेत अनुरोध गरिन्छ।

नोट: बोलपत्रहरु सम्पूर्ण संकलन केन्द्रहरुबाट बिक्री प्रवन्धकको कार्यालयमा प्राप्त भए पश्चात् शिलबन्दी बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् शिलबन्दी बोलपत्र खोलिने छ ।

बिक्री प्रवन्धक:
Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US
ग्लोबल आइएमई क्यापिटल लि.
पोष्ट बक्स नं. २१५९९, पहिलो तल्ला, लक्ष्मण बाबु भवन, नक्साल
फोन नं. ९७७-०१-५९७०१३८, फयाक्स नं. ९७७-०१-४५४५७०२
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

का.नि.इ.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.इ.न. १७/०६९/०७७

पुरुष टी-२० विश्वकप २०२६

यस्ता छन् नेपालका प्रतिद्वन्द्वी



नेपाल (तीनपटक सहभागी)

आइसिसी मान्यता : सन् १९८८, **वरीयता** : १७
टी-२० आई खेल : ११२, **जित** : ६५, **हार** : ४१

श्रीलोचन राजोपाध्याय/नयाँ पत्रिका

भारत र श्रीलंकाले अर्को सातादेखि आइसिसी पुरुष टी-२० विश्वकप क्रिकेट २०२६ आयोजना गर्दै छन्। अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आइसिसी)ले विश्वकपलाई रोमाञ्चक बनाउन पहिलोपटक सहभागी संख्या बढाएको यसै संस्करणमा हो। यसपटक उपाधिका लागि २० राष्ट्रले चुनौती प्रस्तुत गर्नेछन्। सहभागी नेपाल भने समग्रमा तेस्रो तथा लगातार दोस्रोपटक विश्वकप खेल्दै छ।

आइसिसीले सहभागी राष्ट्रलाई चारवटा समूहमा विभाजन गरी प्रत्येक एक समूहमा पाँच टोली समावेश गरेको छ। प्रत्येक समूहका दुई शीर्ष टोली सुपर आठ चरणमा पुग्नेछन्। प्रतियोगिताको 'ड्र' निकालिँदा नेपाल समूह 'सी'मा रह्यो। यो समूहलाई सबैभन्दा कठिन मानिएको छ। समूह 'सी'मा दुई राष्ट्र यस्ता छन्, जसले समान दुईपटक टी-२० विश्वकप जितेका छन्। इंग्ल्यान्ड र वेस्ट इन्डिजले दुई-दुईपटक विश्वकप हात पारेका छन्। नेपालले एसोसिएट राष्ट्र स्कटल्यान्ड र इटालीविरुद्ध खेल्नेछ। नेपालको टी-२० आई इतिहासमा इंग्ल्यान्ड र इटाली नयाँ प्रतिद्वन्द्वी हुन्। नेपालले वेस्ट इन्डिजविरुद्ध गत असोजमा युएईमा टी-२० आई सिरिज खेलेको थियो। आइसिसी विश्वकप लिग १ मा रहेको स्कटल्यान्डसँग नेपालले यसअघि पनि प्रतिस्पर्धा गरिसकेको छ।

नेपालले सन् २०१४ मा बंगलादेशले आयोजना गरेको विश्वकपमा पहिलोपटक स्थान पक्का गरेको थियो। नेपालले दोस्रोपटक विश्वकप खेल्न १० वर्ष लगायो। सन् २०२४ को विश्वकपमा नेपालले दक्षिण अफ्रिका र बंगलादेशविरुद्ध उत्कृष्ट प्रदर्शन गरी विश्व क्रिकेटमा आफूलाई केन्द्रित बनाएको थियो। दक्षिण अफ्रिकासँग नेपाल एक रनले पराजित भएको थियो। यसअघि दुईपटक विश्वकप खेलेको नेपाल समूह चरणभन्दा माथि जान सकेन। नेपाल लगातार रोहितकुमार पौडेलको कप्तानीमा विश्वकप खेल्दै छ। सोमपाल कामी तीनपटक विश्वकप खेल्ने पहिलो नेपाली खेलाडी हुन्। अर्को सातादेखि हुने विश्वकपमा नेपालका सबै खेल मुम्बईको वानखडे रंगशालामा हुनेछन्।

इंग्ल्यान्ड (दुईपटकको विजेता)

आइसिसी मान्यता : सन् १९०९, **वरीयता** : ३
टी-२० आई खेल : २१५, **जित** : १११, **हार** : ९०



इंग्ल्यान्ड विश्व क्रिकेटकै पुरानो टोली हो। टी-२० फर्म्याट सुरु भएको नै इंग्ल्यान्डबाट हो। त्यहाँको काउन्टी क्रिकेट खुबै प्रसिद्ध छ। इन्डियन प्रिमियर लिग (आइपिएल)ले विश्व क्रिकेटमा मार्केट लिनुअघि काउन्टी नै प्रख्यात थियो। यद्यपि, अहिले पनि काउन्टी क्रिकेट प्रतिष्ठित फ्रेन्चाइज लिगमै पर्छ। क्रिकेटको छोटो फर्म्याट टी-२० मा इंग्ल्यान्डको प्रदर्शन जबरजस्त छ। नेपालको प्रतिद्वन्द्वी इंग्ल्यान्डले आइसिसी टी-२० विश्वकप दुईपटक जितेको छ। सन् २०१० मा इंग्ल्यान्डले पहिलोपटक टी-२० विश्वकप जित्यो। पाउल कालिउडको कप्तानीमा इंग्ल्यान्डले फाइनलमा अस्ट्रेलियालाई सात विकेटले हराएको थियो। इंग्ल्यान्डले दोस्रोपटक विश्वकप ट्रफी उचाल्न ठ्याक्कै १० वर्ष प्रतीक्षा गऱ्यो। सन् २०२२ को संस्करणमा इंग्ल्यान्डले फाइनलमा पाकिस्तानमाथि पाँच विकेटको जित निकालेको थियो। इंग्ल्यान्डलाई दोस्रोपटक विश्वकप च्याम्पियन बनाउन जोस बटलरले कप्तानी गरेका थिए। इंग्ल्यान्ड अब तीनपटक उपाधि जित्ने अभियानमा छ। अहिले इंग्ल्यान्डको कप्तानी युवा खेलाडी ह्यारी ब्रुकले गरिरहेका छन्।

टोलीमा विश्वकपका पूर्वकप्तान जोस बटलर, फिल साल्ट, बेन डकेट र विल ज्याक्सजस्ता खेलाडी छन्। फास्ट बलर जोफ्रा आर्चर उत्कृष्ट फर्ममा छन्। स्पिन बलिङमा इंग्ल्यान्ड आदिल राशिदमाथि निर्भर छ। नेपालले इंग्ल्यान्डविरुद्ध ८ फेब्रुअरीमा वानखडे रंगशालामा प्रतिस्पर्धा गर्नेछ। नेपालले अन्तर्राष्ट्रिय क्रिकेटमा पहिलोपटक इंग्ल्यान्डविरुद्ध टी-२० आई खेल्न लागेको हो।



वेस्ट इन्डिज (दुईपटकको विजेता)

आइसिसी मान्यता : सन् १९२६, **वरीयता** : ७
टी-२० आई खेल : २४४, **जित** : १०१, **हार** : १२८



कुनै समयमा वेस्ट इन्डिजले लामो समय क्रिकेटमा राज गरेको थियो। सन् १९७० देखि ८० सम्म वेस्ट इन्डिजले क्रिकेटमा कब्जा जमाएको थियो। यो अवधिमा वेस्ट इन्डिज दुईपटक एकदिवसीय विश्वकप तथा एकपटक उपविजेता बनेको थियो। क्रिकेटको माथिल्लो उचाइमा पुगेको वेस्ट इन्डिज बिस्तारै खस्किँदै गयो। तर, वेस्ट इन्डिजले टी-२० फर्म्याटमा भने आफ्नो प्रभुत्व जमाउन सफल भएको देखिन्छ। वेस्ट इन्डिजको विशेषता नै पहिलोदेखि ११ नम्बरका ब्याट्समन्यानहरू लामो सर्ट प्रहार गर्न सक्छन्। अझ भनौं, वेस्ट इन्डिज टोलीमा अलराउन्डले भरिएको हुन्छ। वेस्ट इन्डिजले सन् २०१२ मा पहिलोपटक टी-२० विश्वकप जितेको थियो। वेस्ट इन्डिजले फाइनलमा श्रीलंकामाथि ३८ रनको जित निकालेको थियो। डेरेन सामीको कप्तानीमा वेस्ट इन्डिजले आफ्नो पुरानो साख फर्काएको थियो। दोस्रोपटक विश्वकप उचाल्न वेस्ट इन्डिजले चार वर्ष मात्र लगायो। सन् २०१६ मा दोस्रोपटक उपाधि जित्दा वेस्ट इन्डिजले भारतलाई सात विकेटले हराएको थियो। तर, घरमै आयोजना भएको गत संस्करणमा भने वेस्ट इन्डिज समूह चरणबाटै बाहिरियो।

नेपालका लागि वेस्ट इन्डिज नौलो प्रतिद्वन्द्वी भने होइन। गत असोजमा नेपालले ऐतिहासिक रूपमा वेस्ट इन्डिजविरुद्ध युएईमा टी-२० आई सिरिज खेलेको थियो। जसमा नेपालले पहिलोपटक पूर्वविश्व च्याम्पियनविरुद्ध सिरिज २-१ ले हात पारेको थियो। यसपटक विश्वकपको मैदानमा भने वेस्ट इन्डिज फरक छ। यस किसिमको प्रतियोगितामा उनीहरूसँग अनुभव भरपूर छ। फेरि वेस्ट इन्डिज सधैं ब्याटिङमा पावर हिटिङ मानिन्छ। यसपटक वेस्ट इन्डिजको कप्तानी साई होपले गरिरहेका छन्। उनी अलराउन्डर भूमिकामा छन्। सिमरन हेटमायर, रोभमन पावेल र पूर्वकप्तान जेसन होल्डरजस्ता पावर हिटर खेलाडी रहँदा वेस्ट इन्डिज बलियो नै छ। नेपालले वेस्ट इन्डिजविरुद्ध १५ फेब्रुअरीमा प्रतिस्पर्धा गर्नेछ। वेस्ट इन्डिजका खेलाडी स्पिन बलमा कमजोर छन्। यसको फाइदा नेपालका बलरले लिन सक्नुपर्छ।

स्कटल्यान्ड (सातपटक सहभागी)

आइसिसी मान्यता : सन् १९९४, **वरीयता** : १४
टी-२० आई खेल : १०९, **जित** : ४९, **हार** : ५५



विश्वकपमा स्कटल्यान्डलाई 'लक्की ड्र' परेको भन्दा फरक नहोला। युरोपियन छनोटबाट बाहिरिएर विश्वकप गुमाएको स्कटल्यान्डलाई भाग्यमानी राष्ट्र नै भन्नुपर्छ। बंगलादेशले भारतमा गएर विश्वकप खेल्न अस्वीकार गर्दा आइसिसीले कारबाहीस्वरूप उसको स्कटल्यान्डलाई इन्ट्री दिएको हो। यसपटक विश्वकप खेल्ने कुनै पनि चान्स नभएको स्कटल्यान्डले आइसिसीको निर्णयले विश्वकपमा स्थान बनायो। एसोसिएट राष्ट्रमा स्कटल्यान्ड शीर्ष स्थानमा छ।

समूह 'सी'मा वेस्ट इन्डिज र इंग्ल्यान्डपछि धेरैपटक विश्वकप खेलेको राष्ट्र स्कटल्यान्ड नै हो। योसमेत उसको सातपटक विश्वकप यात्रा हुनेछ। विश्वकपमा उत्कृष्ट प्रदर्शन नै सन् २०२१ को संस्करण थियो। त्यसवेला स्कटल्यान्ड पहिलोपटक सुपर १२ मा पुगेको थियो। सन् २०२४ मा स्कटल्यान्डले आफ्नो समूहमा इंग्ल्यान्ड र अस्ट्रेलियालाई अन्तिम समयसम्म चुनौती दिएको थियो। स्कटल्यान्ड नेपालका लागि नयाँ प्रतिद्वन्द्वी भने होइन। दुवै राष्ट्रका एक-आपसका बलिया र कमजोरी पक्ष थाहा छ।

अहिलेसम्म यी दुईबिच ११ पटक टी-२० आई खेल भएको छ। जसमा नेपालले ६ र स्कटल्यान्डले पाँच खेलमा जित निकालेको छ। नेपालले अन्तिमपटक स्कटल्यान्डसँग गत वर्षको जुनमा नेदरल्यान्ड्स सम्मिलित टी-२० आई सिरिज खेलेको थियो। स्कटल्यान्डको बलियो पक्ष फास्ट बलर हो। नेपालले स्कटल्यान्डविरुद्ध १७ फेब्रुअरीमा खेल्नेछ।

इटाली (पहिलोपटक सहभागी)

आइसिसी मान्यता : सन् १९८४, **वरीयता** : २७
टी-२० आई खेल : ३९, **जित** : २५, **हार** : १३



समूह 'सी' इटाली नवप्रवेश राष्ट्र हो। अझ समूहमा रहेका राष्ट्रमध्ये इटाली सबैभन्दा कमजोर टोली हो। युरोपियन छनोटमा इटालीले स्कटल्यान्डलाई स्तब्ध पार्दै विश्वकपमा पहिलोपटक स्थान बनाएको हो। डेब्यु विश्वकपमा इटालीको लक्ष्य पनि टेस्ट मान्यताबाहेक अन्य राष्ट्रलाई हराउनु नै हो। यस्तोमा स्कटल्यान्ड र नेपाल नै उसको प्रमुख प्रतिद्वन्द्वीका रूपमा रहनेछन्। तर, विश्वकपको मञ्चमा इटालीभन्दा नेपाल र स्कटल्यान्डको अनुभव राम्रो छ।

इटालीलाई कमजोर रूपमा लिँदा नेपालले नराम्रो नतिजा सामना गर्नुपर्ने हुन्छ। किनभने, युरोपियन छनोटमा इटालीले नेदरल्यान्ड्स र स्कटल्यान्डजस्ता बलिया टोलीलाई पाखा लगाएको थियो। फेरि इटालीमा मिश्रित खेलाडी छन्। यहाँ एसियालीदेखि अमेरिकन मूलका खेलाडी छन्। इटालीले विश्वकप छनोट पार गर्दा स्वदेशीभन्दा पनि विदेशी खेलाडीले उत्कृष्ट प्रदर्शन गरेका थिए। अहिले इटालीका कप्तान वेन म्याडसेनले पहिलो सहभागी विशेष बनाउने बताइसकेका छन्। भारतको पिचमा इटालीका स्पिनरले राम्रो प्रदर्शन गर्न सक्छन्। इटालीले पहिलो टी-२० आई खेल सन् २०१९ मा जर्मनीविरुद्ध खेलेको थियो। आइसिसी टी-२० वरीयतामा उसको उत्कृष्ट स्थान नै सन् २०१९ मा २२औं थियो।

जोकोभिक ११औंपटक अस्ट्रेलियन ओपनको फाइनलमा

एजेन्सी

सर्बियाका नोभाक जोकोभिक कीर्तिमानी रूपमा ११औंपटक अस्ट्रेलियन ओपन ग्रान्ड्स्लाम टेनिस प्रतियोगिताको फाइनलमा पुगेका छन्। मेलबर्नको रोड लेभर रंगशालामा आइतबार जोकोभिकले स्पेनिस खेलाडी कार्लोस अल्काराजविरुद्ध उपाधिका लागि प्रतिस्पर्धा गर्नेछन्। वर्षको पहिलो ग्रान्ड्स्लामा अल्काराज शीर्ष वरीयताका खेलाडी हुन्। ३८ वर्षका पूर्वनम्बर एक खेलाडीसमेत रहेका जोकोभिकले रोमाञ्चक सेमिफाइनलमा साबिक विजेता जानिक सिनरलाई ३-६, ६-३, ४-६, ६-४, ६-४ को पाँच सेटमा निराश बनाए। अस्ट्रेलियन ओपनकै सर्वाधिक विजेतासमेत रहेका जोकोभिकले यसअघिका १० फाइनल गुमाएका छैनन्।

उनी ११औंपटक फाइनलमा पुग्दा प्रतिद्वन्द्वी भने त्यति सहज छैनन्।

अल्काराज उत्कृष्ट फर्ममा रहँदा जोकोभिक २५औं एकल ग्रान्ड्स्लाम उपाधि जित्ने धरापमा पर्न सक्छन्। उनले अन्तिमपटक सन् २०२३ मा अस्ट्रेलियन ओपन जितेका थिए। आइतबार हुने उपाधि भिडन्तमा जसले जिते पनि टेनिस इतिहासमा एउटा कीर्तिमान बन्ने पक्का छ।

अल्काराज पहिलोपटक अस्ट्रेलिय ओपन विजेता बन्नेछन्। जोकोभिकले अल्काराजलाई निराश बनाउँदा उनी सर्वाधिक २५ ग्रान्ड्स्लाम जित्ने समग्रमा पहिलो खेलाडी हुनेछन्। जोकोभिकले मार्गेटसँग समान २४ ग्रान्ड्स्लाम जितेको रेकर्ड बराबरी गरेका छन्।

जोकोभिकले सिनरलाई हराउन निकै संघर्ष गरेका थिए। यद्यपि, सिनरले पाँच सेटसम्म अस्ट्रेलियन ओपनकै सर्वाधिक विजेताविरुद्ध सहज रूपमा खेल सुम्पिएनन्। उनले तीनवटा म्याच प्वाइन्ट बचाएका थिए। तर, जोकोभिकले आफ्नो चौथो म्याच प्वाइन्ट भलीका रूपमा प्रहार गर्दै जित निकाले।

'मैले सोचेभन्दा पनि खेल कठिन रह्यो,' जोकोभिकले भने, 'साबिक विजेता खेलाडीलाई हराउनु सहज होइन।' उनले पछिल्लो समयमा अल्काराज र सिनरले आगामी केही वर्ष टेनिसमा राज गर्ने बताए। 'जसरी हाम्रो समयमा फेडेरर, नाडाल र मबिच उपाधि भिडन्तमा कडा प्रतिस्पर्धा हुने गरेको थियो। अहिले सिनर र अल्काराजबिच यस्तै भिडन्त चलिरहेको छ,' जोकोभिकले भने, 'युवा खेलाडीले कम उमेरमा ग्रान्ड्स्लाममा थप आकर्षक बनाइरहेका छन्।'

पुरुषतर्फको पहिलो सेमिफाइनलमा अल्काराज प्रतिस्पर्धाअघि घाइते थिए। तर, उनले सेमिफाइनलमा जर्मन खेलाडी एलेक्जेन्डर ज्भेरेनलाई पाँच घण्टा २७ मिनेटमा हराउँदै फाइनलको स्थान पक्का पारे। उनीसमक्ष वर्षमा आयोजना हुने चारै ग्रान्ड्स्लाम उपाधि जित्ने अवसर जुरेको छ।



पोखरामा साफ यू-१९ महिला आजदेखि



पोखरामा साफ यू-१९ महिला च्याम्पियनसिप शनिबारदेखि सुरु हुँदै छ। अखिल नेपाल फुटबल संघ (एन्फा)को आयोजनामा पोखरा रंगशालास्थित फुटबल रंगशालामा च्याम्पियनसिप २४ माघसम्म हुनेछ। च्याम्पियनसिपमा नेपालसहित भारत, भुटान र बंगलादेशले उपाधिका लागि दाबेदारी प्रस्तुत गर्नेछन्। नेपालले शनिबारै आफ्नो पहिलो खेलमा भारतको सामना गर्नेछ। नेपालका प्रशिक्षक सुमन श्रेष्ठले तयारी कम भए पनि राम्रो नतिजा निकाल्ने बताए। नेपालकी कप्तान सुशीला केसीले घरेलु मैदानको फाइदा लिने बताइन्। प्रतियोगिताको फाइनल २४ माघमा हुनेछ।

खेल संक्षेप

फेरिल्यान्ड र एन्जल्स हार्ट च्याम्पियन

काठमाडौं/ साबिक विजेता फेरिल्यान्ड इन्टरनेसनल स्कुल 'ए' र एन्जल्स हार्ट सिमोन स्मृति दोस्रो फेरिल्यान्ड अन्तरविद्यालय बास्केटबल प्रतियोगितामा च्याम्पियन बनेका छन्। प्रतियोगिताको शुक्रबार फेरिल्यान्ड जुनियर महिला र एन्जल्स हार्ट जुनियर पुरुष विधामा विजेता बनेका हुन्। फेरिल्यान्ड 'ए'ले भ्याली पब्लिकलाई ३०-२५ ले पराजित गर्दै उपाधि रक्षा गऱ्यो। जुनियर पुरुषको उपाधि भिडन्तमा एन्जल्स हार्टले जेबी स्कुललाई २०-१६ ले हरायो। फेरिल्यान्ड तेस्रो स्थानमा रह्यो। फाइनलका सर्वाधिक स्कोरकर्ताद्वय सौरभ र सन्दीपा आ-आफ्नो विधामा 'मोस्ट भेलुएबल प्लेयर' घोषित भए।

भ्याली पब्लिक पहिलो

काठमाडौं/ भ्याली पब्लिकले पाँचौं केभिकेएसएस छात्रा अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको उपाधि शुक्रबार जितेको छ। प्रतियोगिताको शुक्रबार भएको फाइनलमा भ्याली पब्लिकले इडेन ब्रिज एकेडेमी (इबिए)लाई २१-१९ को साँघुरो अन्तरले पराजित गऱ्यो। भ्याली पब्लिककी दृश्य गुरुङले सात स्कोर गरिन्। भ्याली पब्लिककी सेलिना गुरुङ 'मोस्ट भेलुएबल प्लेयर', इबिएकी सन्जिला मगर उत्कृष्ट 'थ्री प्वाइन्टर' र केभिकेएसएस 'ए'की एनी श्रेष्ठ सर्वाधिक स्कोरकर्ता बने। ११ माघदेखि सुरु भएको प्रतियोगितामा १६ टोलीले भाग लिएका थिए।

एक्सेल्सियरको सहज जित

काठमाडौं/ आयोजक दी एक्सेल्सियर स्कुल र रेडियन्ट पब्लिकले १२औं एक्सेल्सियर कपअन्तर्गत बास्केटबलमा शुक्रबार दोहोरो जित हात पारेका छन्। एक्सेल्सियर सिनियर पुरुष र रेडियन्ट सिनियर महिलामा विजयी भएका हुन्। सिनियर पुरुषमा एक्सेल्सियरले स्वर्णिमलाई ३९-३५ ले पराजित गऱ्यो। सिनियर महिलामा एक्सेल्सियरले स्वर्णिमलाई नै १८-१३ ले हरायो। सिनियर पुरुषमा रेडियन्टले राराहिललाई ४६-३९ ले पाखा लगायो।

एक महिनाभित्र न्यु डायमन्डलाई तेस्रो उपाधि

न्यु डायमन्ड महिला टोलीले पुस-माघसम्म एनभिए, शेरबहादुर स्मृति र छैटौं टाइगर कपको उपाधि जित्दा तीनपटक अवसरको फाइनलमा नेपाल पुलिस क्लब पराजित

कास्कीमा रोहितराज पराजुली

न्यु डायमन्ड स्पोर्टस् क्लबले एक महिनाभित्र तेस्रो उपाधि जितेको छ। न्यु डायमन्डको महिला टोलीले शुक्रबार तेस्रो उपाधिका रूपमा छैटौं टाइगर कप हात पारेको हो। तीनवटा ट्रफी उचाल्दा न्यु डायमन्डले तीनैपटक विभागीय टोली नेपाल पुलिसलाई हराएको हो। पोखरामा महिलातर्फ भएको फाइनलमा पुलिसमाथि ३-० को एकपक्षीय सानदार जित निकाली न्यु डायमन्डले एक महिनाभित्र उपाधिको ह्याट्रिक लगाएको हो।

टाइगर कप पहिलोपटक जित्दा न्यु डायमन्ड २५-११, २५-२२ र २५-१६ ले विजयी रह्यो। गत २७ पुसमा न्यु डायमन्डले शेरबहादुर खड्का स्मृति राष्ट्रिय भलिबलको उपाधि जित्दा फाइनलमा पुलिस २५-२२, २५-१८, १५-२५ र २७-२५ ले पराजित भएको थियो। २१ पुसमा राष्ट्रिय खेलकुद परिषद्मा भएको नवौं एनभिएअन्तर्गत महिलातर्फको उपाधि भिडन्तमा न्यु डायमन्डले पुलिसमाथि २५-१८, २५-१९ र २५-१८ ले निराश पारेको थियो। नियमित प्रशिक्षणमा रहेको पुलिसले लगातार तेस्रो फाइनलमा न्यु डायमन्डलाई हराउन सकेन। अस्ट्रेलियाबाट प्रतिभा माली फर्किएपछि न्यु डायमन्डको टोली बलियो देखिएको हो। टोलीमा अन्तर्राष्ट्रियस्तरकै अनुभवी खेलाडीको आगमनमा न्यु डायमन्डले एनभिएदेखि लगातार उत्कृष्ट प्रदर्शन आइरहेको छ।

न्यु डायमन्डकी सुमित्रा रेग्मीले प्रतियोगिताकै सर्वोत्कृष्ट खेलाडी हुँदै २६ हजार ६ सय रुपैयाँ हात पारिन्। विधागत रूपमा सर्भरमा प्रतिभा माली, लिबिरोमा शान्तिकला तामाङ, सेटरमा प्रगति नाथ, ब्लकरमा सुनीता खत्री, स्पाइकरमा पथैया र प्रशिक्षकमा कुमार राई उत्कृष्ट बने। उत्कृष्टहरूले जनही ११ हजार ६ सय ६६ रुपैयाँ हात पारे।



उपाधिका लागि गण्डकीसँग पुलिसले खेल्ने

छैटौं टाइगर कप च्याम्पियनसिपको पुरुषतर्फ फाइनल खेल्ने टोली परिवर्तन भएको छ। आयोजक टाइगर ग्रुप अफ पोखराले अंकतालिका सच्याएपछि अब उपाधिका लागि गण्डकी प्रदेश र नेपाल पुलिस क्लब फाइनलमा भिड्ने भएका हुन्। आयोजकले सेट रेसियोमा पुलिस अगाडि रहेको भन्दै फाइनलमा गण्डकी र नेपाल पुलिस क्लबबिच प्रतिस्पर्धा हुने शुक्रबार अबेर राति जानकारी गराएको हो। यसअघि आयोजकले गण्डकी र पर्वतबिच उपाधि भिडन्त हुने भनिएको थियो। पोखरा रंगशालास्थित भलिबल कोर्टमा भइरहेको च्याम्पियनसिपअन्तर्गत पुरुषतर्फ समूह चरणको अन्तिम खेलमा गण्डकीले पर्वतलाई ३-२ को सेटमा पराजित गरेपछि आयोजकले गण्डकी र पर्वत दुवै फाइनलमा पुगेको घोषणा गरेको थियो। गण्डकी ११ अंक जोडेर शीर्ष स्थानमा रहँदै फाइनल पुगेको थियो। तर, पर्वत र पुलिसको समान १० अंक भएपछि आयोजकले धेरै सेट जितेको भन्दै पर्वतलाई दोस्रो स्थानमा राख्दै फाइनल पुऱ्याएको थियो। सेट रेसियोमा पर्वतभन्दा पुलिस अघि रहेकाले नियमअनुसार पुलिस फाइनलमा पुग्नुपर्ने थियो।

यस विषयलाई आयोजकले शुक्रबार राति बैठक बसेर अंकतालिका सच्याउँदै फाइनल पुगेको टिम परिवर्तन भएको जानकारी गराएको हो। आयोजनक टाइगर ग्रुप अफ पोखरा नेपालले प्रेस विज्ञप्ति जारी गर्दै सेट रेसियोमा पुलिस अगाडि भएको भन्दै फाइनलमा गण्डकी र पुलिसबिच प्रतिस्पर्धा हुने जानकारी गराएको हो।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com